# प्रदेश कृषि अनुदान सम्बन्धी कानून

प्रदेश सरकार

**कृषि मन्त्रालय**

प्रदेश नं. १

विराटनगर, नेपाल

**विषय सूची** **पेज**


| | |
|---|---|
| १. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ | १- ८ |
| २. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ | ९ -३२ |
| ३. प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८ | ३३ - ७३ |

# खण्ड (क)

# प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७

# प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७

प्रमाणिकरण र प्रकाशन मिति २०७८/०५/१०

संवत् २०७८ सालको ऐन नं. ३

**प्रस्तावना**: कृषि क्षेत्रको व्यवसायीकरण, विकास र रोजगारी सृजना गरी समग्र अर्थतन्त्रलाई गतिशील र सुदृढ गर्न दिईने अनुदानको वितरणलाई व्यवस्थित र पारदर्शी बनाई कार्यान्वयन गर्न वान्छनीय भएकोले, प्रदेश नं.१ को प्रदेशसभाले यो ऐन बनाएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ**: (१) यस ऐनको नाम "प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन,२०७७" रहेको छ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"अनुदान"** भन्नाले प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतका निकायद्वारा विभिन्न वाली तथा पशुपन्क्षीजन्य वस्तुको उत्पादन, प्रशोधन, तथा बजारीकरणका लागि कृषक, कृषक समूह, सहकारी, उद्यमीलाई उपलब्ध गराउने नगद वा जिन्सी सहयोगलाई सम्झनुपर्छ।

(ख) **"अनुदानग्राही"** भन्नाले प्रदेश सरकार भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतका निकायद्वारा उपलब्ध गराईने अनुदान प्राप्त गर्ने कृषक, कृषक समूह, सहकारी, उद्यमी सम्झनुपर्छ ।

(ग) **"कृषि"** भन्नाले विभिन्न खाद्यान्न, तरकारी, फलफूल, औद्योगिक वाली, च्याउ, मह, पशुपन्छी तथा मत्स्य उत्पादन, बजारीकरण तथा प्रशोधन सम्बद्ध व्यवसाय सम्झनुपर्छ।

(घ) **"तोकिएको" वा "तोकिए बमोजिम"** भन्नाले यस ऐन अन्तर्गत बनेको वा जारी गरिएको नियम, निर्देशिका, कार्यविधि, मापदण्ड वा आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ङ) **"परिवार"** भन्नाले अनुदानग्राहीको पति वा पत्नी, छोरा, बुहारी, छोरी, धर्मपुत्र, धर्मपुत्री, बाबु, आमा, सौतेनी आमा र आफूले पालन पोषण गर्नुपर्ने दाजु, भाउजु, भाइ, बुहारी र दिदी, बहिनी सम्झनुपर्छ।

तर सो शब्दले अंशबण्डा गरी वा मानो छुट्टिई आ-आफ्नो पेशा व्यवसाय गरी बसेको परिवारको सदस्यलाई जनाउनेछैन।

(च) **“मन्त्रालय”** भन्नाले भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय सम्झनुपर्छ।

(छ) **“सम्झौता”** भन्नाले मन्त्रालय वा मातहतका निकाय र अनुदानग्राहीका बीच प्रचलित कानून बमोजिम भएको शर्तनामा सहितको लिखतलाई सम्झनु पर्छ ।

## परिच्छेद – २

## अनुदान उपलब्ध गराउन सक्ने

३. अनुदान सम्बन्धी व्यवस्थाः (१) मन्त्रालय र मातहत निकायले कृषि तथा पशुपंक्षीजन्य वस्तु उत्पादन, प्रशोधन, बजारिकरण लगायत निर्यात प्रवर्द्धनमा सहयोग गर्न वार्षिक बजेटमा रकमको ब्यवस्था गरी यस ऐन बमोजिम अनुदान उपलब्ध गराउन सक्नेछन।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीलाई एक आर्थिक वर्षमा एउटा कामको लागि मात्र अनुदान उपलब्ध गराईनेछ।

(३) यस ऐन बमोजिम एक करोड वा सो भन्दा बढी अनुदान प्राप्त गर्ने अनुदानग्राहीले अनुदान प्राप्त गरेको आर्थिक वर्ष समाप्त भए पश्चात अर्को आर्थिक वर्षमा अनुदान रकमको पाँच प्रतिशत, दोस्रो वर्षमा दश प्रतिशत, तेस्रो वर्षमा दश प्रतिशत र चौथो वर्षमा दश प्रतिशत गरी कुल अनुदानको पैंतीस प्रतिशत रकम प्रदेश सरकारलाई फिर्ता गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम अनुदानग्राहीबाट फिर्ता भएको रकम प्रदेश सरकारको सम्बन्धित राजस्व शीर्षकमा जम्मा गर्नुपर्नेछ।

(५) अनुदान प्राप्त गर्ने अनुदानग्राहीले आफुले प्राप्त गरेको अनुदान रकम र अनुदान प्राप्ती पश्चात आफ्नो व्यवसायको निरन्तरता दिनुपर्ने अवधि सार्वजनिक गर्नुपर्नेछ। व्यवसायको निरन्तरता अवधि तोकिए बमोजिम हुनेछ ।

४. <u>विशेष विषय वा क्षेत्र तोक्न सक्नेः</u> (१) दफा ३ बमोजिमको अनुदान उपलब्ध गराउँदा मन्त्रालय र मातहतका निकायहरुले अनुदान उपलब्ध गराउने विषय वा क्षेत्र देहायका आधारमा तोकिनेछ :-

(क) प्रदेश सरकारको वार्षिक नीति तथा कार्यक्रम र बजेट वक्तब्यमा उल्लेखित विषय वा क्षेत्रहरु,

(ख) मन्त्रालयले विधिवत रुपमा गरेको अध्ययन अनुसन्धानले सिफारिस गरेका विषय वा क्षेत्रहरु,

(ग) प्रदेश सरकारले विभिन्न समयमा गरेका घोषणामा उल्लेखित विषयहरु।

(२) उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषय सम्बद्ध कृषि व्यवसायमा देहाय अनुसारका कार्यहरुका लागि अनुदान उपलब्ध गराईनेछ :-

(क) उत्पादन सम्बद्ध पूर्वाधार निर्माण,

(ख) भण्डारण तथा प्रशोधन सम्बद्ध पूर्वाधार निर्माण,

(ग) उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बद्ध यन्त्र, उपकरण, मेशिनरी, ढुवानी साधन खरीद,

(घ) तोकिएको वाली तथा पशुपंक्षीजन्य उपज उत्पादन गरे बापत प्रोत्साहन,

(ङ) उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बन्धि कार्य गर्दा बैंकबाट लिएको ऋणको व्याज वापतको रकम अनुदान,

तर एकै अनुदानग्राहीलाई खण्ड (क), (ख), (ग) र (घ) मा उल्लेख भए बमोजिमको अनुदान वा खण्ड (ङ) बमोजिमको व्याज वापतको रकम अनुदान मध्ये एक अनुदान मात्र उपलब्ध गराईनेछ।

५. <u>अनुदान वितरण प्रकृयाः</u> दफा ३ बमोजिमको अनुदान उपलब्ध गराउँदा देहाय बमोजिमको प्रकृया अवलम्वन गर्नुपर्नेछ :-

(क) अनुदान वितरण गर्नु पूर्व सम्बन्धित निकायले कम्तिमा पन्ध्र दिनको सूचना प्रकाशन गरी तोकिए बमोजिम ढाँचामा आवेदन माग गर्ने,

(ख) मन्त्रालयले मन्त्रालय र मन्त्रालय मातहतका निकायबाट अनुदान वितरणका लागी दफा ४ मा उल्लेखित विषय अनुसार मापदण्ड निर्धारण गरी अनुदानग्राही छनोट प्रणाली

विकास गर्नुपर्नेछ। त्यस्तो मापदण्डको जानकारी प्रदेश सभाको सम्बन्धित समितिलाई दिनुपर्नेछ।

(ग) मन्त्रालय, निर्देशनालय र मातहतका निकायबाट अनुदानग्राही छनौटका लागि तोकिए बमोजिम अनुदान छनौट समिति रहनेछ।

६. <u>अनुदान सम्बन्धि मापदण्डः</u> अनुदान उपलब्ध गराउन देहायको मापदण्ड लागु गरीनेछः-

(क) अनुदानग्राहीले अनुदानका लागि निवेदन पेश गर्दा निवेदनसाथ स्थायी लेखा नम्बर, अनुदानग्राहीले गर्न खोजेको कामको स्पष्ट विवरण, अपेक्षित प्रतिफल तथा लागत सहभागिता खुलेको प्रस्ताव र सम्बन्धित स्थानीय तहको सिफारिस समेत पेश गर्नुपर्नेछ।

(ख) अनुदानग्राही छनौट गर्नु पुर्व अनुदान उपलब्ध गराउने निकायले कम्तिमा दुईजना प्राविधिक कर्मचारीलाई सम्बन्धित आवेदकको प्रस्तावको स्थलगत अनुगमनमा पठाउनु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको प्राविधिक कर्मचारीले सम्बन्धित निकायमा स्थलगत अनुगमन प्रतिवेदन पेश गर्नु पर्नेछ।

(घ) खण्ड (ग) बमोजिमको स्थलगत प्राविधिक प्रतिवेदन सहित सम्बन्धित निकायले तोकिएको छनौट समिति मार्फत दफा ५ को खण्ड (ख) बमोजिमको मापदण्ड अनुसार उपयुक्त अनुदानग्राही छनौट गर्नु पर्नेछ।

(ङ) खण्ड (घ) अनुसार छनौट भएको अनुदानग्राहीसंग प्रचलित कानून बमोजिम सम्झौता गरी कार्य सम्पादन प्रगति अनुरुप अनुदान उपलव्ध गराउनुपर्नेछ।

(च) छनौट भएका अनुदानग्राहीलाई बढीमा तीन किस्तामा अनुदान उपलब्ध गराउन सकिनेछ।

(छ) एक पटक संघीय सरकार, मन्त्रालय, स्थानीय तह वा अन्य आयोजनाबाट अनुदान लिएको अनुदानग्राही वा उसको एकाघरको परिवारलाई तीन वर्षसम्म कुनै अनुदान उपलब्ध गराईने छैन।

(ज) अनुदानग्राहीले अनुदानको एक किस्ता भुक्तानी लिई सकेपश्चात पछिल्लो किस्ता माग गर्दा अघिल्लो किस्ताको अनुदान रकमबाट गरेको कार्य सम्पन्न प्रतिवेदन र सम्बन्धित स्थानीय तहको सिफारीस सहित पेश गर्नु पर्नेछ ।

(झ) अनुदान सम्बन्धि अन्य मापदण्ड तोकिए बमोजिम हुनेछ।

७. <u>जानकारी गराउनु पर्ने</u>: (१) दफा ६ बमोजिम सम्झौता भए पछि सम्पूर्ण अनुदानग्राहीको नाम, ठेगाना र अनुदान रकम सम्बन्धि विवरण प्रदेश सभाको सम्बन्धित समिति र सम्बन्धित स्थानीय तहलाई जानकारी गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी मन्त्रालयको वेवसाईट मार्फत समेत सार्वजनिक गर्नु पर्नेछ ।

## परिच्छेद–३

## <u>जरिवाना गर्न सक्ने</u>

८. <u>ऐन विपरित काम गरेको मानिने</u>: (१) कसैले देहायको कुनै कार्य गरेमा यस ऐन विपरित काम गरेको मानिनेछ :-

(क) सम्झौता बमोजिमको काम नगरेमा वा तोकिए भन्दा अन्य कार्य गरेमा,

(ख) सम्झौता बमोजिमको परिमाण भन्दा कम वा कम गुणस्तरको काम गरेमा,

(ग) अन्य ब्यक्ति, फर्म, कम्पनीले गरेको कामलाई आफुले गरेको भनी अनुदान लिन खोजेको पुष्टि भएमा वा अनुदान लिन खोजेमा,

(घ) झुट्टा वा गलत विवरण पेश गरी वा अन्य ब्यक्ति, फर्म, कम्पनीको नाम किर्ते गरी वा अन्य कसैको किर्ते सहीछाप गरी अनुदान लिएमा,

(ङ) झुट्टा विवरणको आधारमा परियोजनाको लागत अस्वाभाविक रुपमा बढाई बढी अनुदान लिएमा,

(च) अनुदान प्राप्त गर्न कृषक समूह, सहकारी वा उपभोक्ता समिति आदिको बैठक तथा उपस्थिति आदिको झुठो निर्णय तथा अरुको नामको सहीछाप तथा प्रमाण पत्र पेश गरेमा,

(छ) दफा ३ को उपदफा (३) बमोजिमको अवधिमा प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेमा,

(ज) दफा ३ को उपदफा (५) बमोजिमको अवधि सम्म व्यवसायको निरन्तरता नदिएमा,

(२) उपदफा (१) बमोजिमको कार्य भएको जानकारी प्राप्त गर्ने व्यक्तिले त्यस्तो कार्य भएको उजुरी सम्बन्धित निकायमा दिन सक्नेछ।

९. **<u>जरिवाना गर्न सक्ने</u>**: (१) कसैले दफा ८ को उपदफा (१) बमोजिमको कार्य गरेमा देहाय बमोजिम जरिवाना हुनेछ :-

(क) खण्ड (क), र (ख) बमोजिमको कार्य गरेमा मन्त्रालयबाट अनुदान प्राप्त गरेको रकम असूलउपर गरी अनुदान रकमको पन्ध्र देखी पच्चिस प्रतिशत सम्मको जरिवाना,

(ख) खण्ड (ग), (घ), (ङ) र (च) बमोजिमको कार्य गरेमा मन्त्रालयबाट अनुदान प्राप्त गरिसकेको अवस्थामा प्राप्त अनुदान रकम असूल उपर गरी अनुदान रकमको पन्ध्र प्रतिशत सम्म जरिवाना,

(ग) खण्ड (छ) र (ज) बमोजिमको कार्य गरेमा मन्त्रालयबाट अनुदान प्राप्त गरेको रकम असूल उपर गरी अनुदान रकमको दश प्रतिशत सम्म जरिवाना,

(२) दफा ८ को उपदफा (१) बमोजिमको कार्य गर्ने वा त्यस्तो कार्य गर्न मद्धत पुऱ्याउने कुनै निकाय वा संस्था भए त्यस्तो निकाय वा संस्थाको प्रमुख कार्यकारी वा कार्यकारी हैसियतमा कार्य सम्पादन गर्ने व्यक्तिलाई कारवाही हुनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको व्यक्तिलाई जरिवाना गर्नु अघि आफूलाई लागेको आरोपको खण्डन गर्ने मनासिव माफिकको मौका दिनु पर्नेछ।

(४) उपदफा (१) र (२) बमोजिम जरिवाना भएको अवस्थामा त्यस्तो अनुदानग्राहीलाई पाँच वर्ष सम्म अनुदान उपलब्ध गराईने छैन।

१०. **<u>असल नियतले गरेको कामको बचाउ</u>**: (१) यस ऐन अन्तर्गत बनेको नियम वा निर्देशिका बमोजिम असल नियतले गरेको कुनै काम कारवाहीको सम्वन्धमा मन्त्रालय वा मातहतका निकायका पदाधिकारी वा कर्मचारी व्यक्तिगत वा सामुहिक रुपले जवाफदेही हुने छैन तर असल नियतले गरेको काम हो होईन भन्ने सम्बन्धी उजुरी तोकिएको समिति समक्ष दिन सक्नेछ र सो सम्बन्धी निर्णय तोकिए बमोजिमको समितिले गर्नेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि प्रक्रिया पूरा नगरी र बदनियतसाथ गरिएको कार्यको कुनै बचाउ हुनेछैन।

११. **<u>रोक्का राखे</u>**: अनुदान लिने अनुदानग्राहीले दफा ८ बमोजिमको कार्य गरेमा दफा ९ को उपदफा (१) बमोजिम रकम असूल उपर गर्ने प्रयोजनका लागि निजको कारोवार, सम्पत्ति तथा बैङ्क खाता रोक्का राख्न सम्बन्धित कार्यालयको सिफारिसमा मन्त्रालयले सम्बन्धित निकायलाई लेखी पठाउनेछ।

१२. <u>जरिवाना तोक्ने अधिकारी</u>: अनुदानग्राहीले दफा ८ बमोजिमको कार्य गरेमा मन्त्रालयको सचिवले दफा ९ बमोजिमको जरिवाना गर्नेछ।

१३. <u>पुनरावेदन गर्न सक्ने</u>: दफा १२ बमोजिमको जरिवाना गर्ने अधिकारीले गरेको जरिवाना अनुदानग्राहीलाई चित्त नबुझेमा जिल्ला अदालत समक्ष पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेद– ४

## <u>विविध</u>

१४. <u>अनुगमन गर्ने</u>: मन्त्रालय र मातहतका निकायवाट संचालित कामको अनुगमन प्रदेश सभाका समन्धित समिति, प्रदेश योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयबाट गरिनेछ ।

१५. <u>प्रचलित कानून बमोजिम कारवाही गर्न बाधा नपर्ने</u>: यस ऐनमा लेखिएको कुनै कुराले कुनै व्यक्ति उपर प्रचलित कानून बमोजिम अदालतमा मुद्दा चलाउन बाधा पुर्याएको मानिने छैन।

१६. <u>बाधा अड्काउ फुकाउने अधिकार</u>: यस ऐन कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा प्रदेश सरकारले राजपत्रमा सूचना प्रकाशन गरी त्यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

१७. <u>नियम बनाउने अधिकार</u>: यस ऐनको कार्यान्वयनको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ।

१८. <u>मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्ने</u>: यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधिनमा रही मन्त्रालयले अवश्यकता अनुसार मापदण्ड, निर्देशिका वा कार्यविधि बनाई लागू गर्न सक्नेछ।

# खण्ड (ख)

## प्रदेश  कृषि व्यवसाय प्रवर्द्धन अनुदान

## नियमावली, २०७८

# प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८

(प्रदेश सरकारबाट स्वीकृत मिति) २०७८/११/१३

(पहिलो संशोधन मिति) २०७८/१२/०९

प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ।

## परिच्छेद – १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "**प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८**" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसंङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) **"ऐन"** भन्नाले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ सम्झनु पर्छ।

(ख) **"कार्यालय"** भन्नाले मन्त्रालय मातहतका कार्यालयलाई सम्झनु पर्छ।

(ग) **"कृषि कर्जा"** भन्नाले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाले कृषि क्षेत्रमा कर्जा प्रवाह गर्ने गरी सोही वर्गमा वर्गिकरण गरेको कर्जा सम्झनु पर्छ।

(घ) **"छनोट समिति"** भन्नाले नियमावलीको नियम ९ र ११ बमोजिम गठन गरिएको समितिलाई सम्झनु पर्छ।

(ङ) **"निर्देशनालय"** भन्नाले कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय सम्झनु पर्छ।

(च) **"प्रदेश"** भन्नाले प्रदेश नं. १ सम्झनु पर्छ।

(छ) **"प्रोत्साहन अनुदान"** भन्नाले मापदण्डमा उल्लेख गरिएको क्षेत्रफल वा परिमाणमा कृषि तथा पशुपन्छीजन्य उपज उत्पादन गरे वापत पाउने नगद अनुदान सम्झनु पर्छ।

(ज) **"मन्त्रालय"** भन्नाले कृषि मन्त्रालय सम्झनु पर्छ।

(झ) **"मापदण्ड"** भन्नाले ऐनको अधिकार प्रयोग गरी मन्त्रालयद्वारा स्वीकृत गरिएको मापदण्ड सम्झनु पर्छ।

## परिच्छेद– २

## अनुदान उपलब्ध गराउन सक्ने

३. **अनुदान सम्बन्धी व्यवस्था**ः (१) मन्त्रालय, निर्देशनालय र कार्यालयले आफ्नो वार्षिक स्वीकृत बजेटमा भएका कार्यक्रमहरुका लागि मात्र अनुदान उपलब्ध गराउन सक्ने छन।

(२) उपनियम (१) बमोजिम अनुदान उपलब्ध गराउँदा एक अनुदानग्राहीले एक आर्थिक वर्षमा मन्त्रालय वा निर्देशनालय वा कार्यालयबाट एउटा कामको लागि मात्र अनुदान प्राप्त गर्न सक्ने छन।

(३) अनुदानमा संचालन हुने कार्यक्रमहरु व्यवसायको प्रकृतिको आधारमा कम्तिमा पाँच बर्षका लागि व्यवसायको निरन्तरता रहने गरी सम्झौता गर्नु पर्नेछ ।पूर्वाधार निर्माण, यन्त्र, उपकरण र ढुवानी साधन खरिदमा अनुदान उपलब्ध गराउँदा व्यवसायको निरन्तरता अवधि सम्झौतामा उल्लेख गर्नु पर्नेछ।

(४) उपनियम (३) अनुसार सम्झौतामा उल्लेख भएको व्यवसायको निरन्तरता अवधि अनुदानग्राहीले कार्यक्रम कार्यन्वयन स्थलमा वोर्ड टाँसी सार्वजनिक गर्नु पर्नेछ।

४. **अनुदानका विशेष विषयहरुः** (१) मन्त्रालय, निर्देशनालय र कार्यालयले वार्षिक स्वीकृत बजेट अनुसार ऐनको दफा ४ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) मा उल्लेखित विषय तथा ऐनको दफा ४ को उपदफा (२) बमोजिमका कार्यमा अनुदान उपलब्ध गराउँदा कूल लागतको आधारमा उपलब्ध गराउन सक्नेछ। कार्यक्रम अनुसार उपलब्ध गराईने अनुदानको अधिकतम सीमा मापदण्डमा उल्लेख भए अनुसार हुनेछ ।

(२) ऐनको दफा ४ को उपदफा (२) को खण्ड (क) मा उल्लेखित उत्पादन सम्बद्ध पूर्वाधारमा भौतिक पूर्वाधारका अतिरिक्त स्वीकृत विभिन्न कार्यक्रमहरु कार्यान्वयन गर्न मापदण्डमा उल्लेख भए बमोजिमका उन्नत बीउ, फलफूल विरुवा र पशुपन्छी तथा मत्स्यको उन्नत नश्ल समेत पर्ने छन्।

(३) प्रदेशमा उत्पादित बाली तथा पशुपन्छीजन्य उत्पादनमा मापदण्डमा उल्लेख भए बमोजिमको क्षेत्रफल वा उत्पादन परिमाण अनुसार उत्पादन गर्ने किसानहरुलाई नगद

प्रोत्साहन उपलब्ध गराउन सकिनेछ। नगद प्रोत्साहनका लागि अनुदानग्राही छनोट विधि मापण्डमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) बैंकबाट कृषि कर्जा लिई कृषि उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बन्धी कार्य गर्नेहरुलाई कृषि कर्जामा ब्याज अनुदान उपलब्ध गराउन सकिनेछ ।

(५) यस नियमावली बमोजिम ब्याज अनुदान प्रदान गरिने कर्जाको वर्गिकरण सम्बन्धित बैंकले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कृषि कर्जा अन्तर्गत वर्गिकरण गरेको हुनु पर्नेछ । अनुदानग्राहीले नेपाल सरकारबाट जारी भएको सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५ (तेस्रो संशोधन सहित) बमोजिमको ब्याज अनुदान नलिएको हुनु पर्नेछ।

(६) उपनियम (४) बमोजिम कृषि कर्जाको ब्याजमा अनुदान उपलब्ध गराउँदा अधिकतम ब्याज दर सम्बन्धित बैंकको आधार ब्याज दरमा दुई प्रतिशत विन्दु सम्म थप गरी तय गर्न सकिनेछ र ब्याज अनुदानको अधिकतम अवधि तीन बर्ष तथा कर्जा सीमा पचास लाख रुपैया सम्म हुनेछ।

(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएता पनि कृषि व्यवसायीकरण तथा कृषि उपजको मूल्य अभिवृद्धिमा महत्वपूर्ण योगदान गर्न सक्ने, कृषि कर्जाको पहुँच तुलनात्मक रुपमा कम भएको क्षेत्र, सरकारी अनुदानको पहुँच नपुगेको वा कम मात्रामा पुगेको हिमाली तथा पहाडी जिल्लाका गाउँपालिका तथा नगरपालिकाहरुमा सञ्चालित तुलनात्मक लाभ भएका कृषिजन्य उत्पादनसँग सम्बन्धित व्यवसाय प्रवर्द्धन गर्न सक्ने क्षेत्र समेतलाई कृषि कर्जाको ब्याज अनुदानमा प्राथमिकता दिनु पर्नेछ ।

(८) मन्त्रालय, निर्देशनालय वा कार्यालयले उपलब्ध गराउने ब्याज अनुदान कटाई बाँकी रहने ब्याज, कर्जा सूचना शुल्क, कर्जा सुरक्षण शुल्क अनुदानग्राही स्वयंले व्यहोर्नु पर्नेछ।

५. <u>अनुदानको सूचना</u>ः (१) अनुदान उपलब्ध गराउने मन्त्रालय वा निर्देशनालय वा कार्यालयले बार्षिक स्वीकृत कार्यक्रम अनुसार अधिकतम कृषक सम्म पुग्ने गरी अनुसूची- १ बमोजिमको ढाँचामा कम्तीमा पन्ध्र दिनको सूचना प्रकाशन गर्नु पर्नेछ।

(२) ब्याज अनुदान उपलब्ध गराउने गरी नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक मार्फत प्रवाह हुने कृषि कर्जामा ब्याज अनुदानमा सहभागिताका लागि आर्थिक वर्ष शुरु भएको तीस दिन भित्र सम्भावित बैंकहरु लक्षित गरी मन्त्रालयले, पन्ध्र दिने सूचना प्रकाशन गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम छनोट भएका बैंकहरु मार्फत कृषि कर्जा स्वीकृत गरेका कृषि उद्यमीहरुलाई लक्षित गरि सम्बन्धित कार्यालयले ब्याज अनुदानका लागि पन्ध्र दिनको सुचना प्रकाशन गर्नु पर्नेछ ।

६. <u>अनुदान सम्बन्धि मापदण्डः-</u> अनुदान उपलब्ध गराउन देहायको मापदण्ड लागू गरिनेछः-

(क) अनुदानग्राहीले अनुदानका लागि निवेदन पेश गर्दा निवेदन साथ स्थायी लेखा नम्बर, अनुदानग्राहीले गर्न खोजेको कामको स्पष्ट विवरण, अपेक्षित प्रतिफल तथा लागत सहभागिता खुलेको अनुसूची-२ अनुसारको प्रस्ताव र सम्बन्धित स्थानीय तहको सिफारिस समेत पेश गर्नु पर्नेछ।

(ख) उत्पादन सम्बद्ध पूर्वाधार निर्माणमा अनुदान उपलब्ध गराउन मन्त्रालय वा मातहत कार्यालयबाट छनोट भएका अनुदानग्राहीले प्रस्ताव गरेको पूर्वाधार निर्माणका लागि सम्बन्धित स्थानीय तहको दर रेट अनुसार लागत इष्टिमेट र स्पेशिफिकेसन स्वीकृत गरी सोही अनुसार सम्झौता गर्नु पर्नेछ ।

(ग) खण्ड (ख) बमोजिमको सम्झौता अनुसारको निर्माण कार्यको गुणस्तर, लागत र परिमाण समेतको दृष्टिकोणबाट पछिसम्म फरक नपर्ने गरी मुल्याङ्कन गरी सम्बन्धित प्राविधिकले सम्बन्धित कार्यालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(घ) उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बद्ध यन्त्र, उपकरण, मेशिनरी र ढुवानी साधनहरुमा अनुदान उपलब्ध गराउदा मन्त्रालयले आर्थिक वर्षको शुरुमा सवै यन्त्र उपकरणको जिल्ला अनुसार आपूर्तिकर्ताहरु सँग दर रेट माग गरी प्राप्त प्राविधिक दृष्टिकोणले उपयुक्त न्यूनतम दर रेटको आधारमा अनुदान उपलब्ध गराउने कार्यालयले यन्त्र, उपकरण र ढुवानी साधनमा अनुदान उपलब्ध गराउनु पर्नेछ । जिल्ला खुलाएर दर रेट प्राप्त नभएमा मन्त्रालयमा प्राप्त दर रेटलाई कायम गर्न सकिनेछ ।

(ङ) खण्ड (घ) अनुसार स्वदेशी आपूर्तिकर्ताहरुबाट दर रेट पेश नभएका विदेशवाट अनुदानग्राहीले आफै आयात गर्नुपर्ने यन्त्र उपकरणका हकमा प्रतितपत्रमा उल्लेख गरिएको मूल्यलाई आधार मानी अनुदान उपलब्ध गराउनु पर्नेछ ।

(च) उत्पादन, प्रशोधन, भण्डारण, बजार प्रवर्द्धन र मूल्य अभिवृद्धि सम्बद्ध यन्त्र उपकरण मेशिनरी र ढुवानी साधनहरुको मूल्य कुनै आपूर्तिकर्ताले स्वयं सार्वजनिक गरेको भए त्यसलाई पनि आधार मान्न सकिनेछ ।

(छ) किसान सूचिकरण प्रणालीमा आवद्ध भएका कृषकहरु तथा अनुदान उपलब्ध हुने बाली, वस्तु र पूर्वाधारहरुको विमा गर्ने कृषकहरुलाई अनुदानमा प्राथमिकता दिइनेछ ।

(ज) कृषि कर्जामा ब्याज अनुदानका लागि सम्बन्धित कृषि उद्यमीले सम्बन्धित बैंकबाट आफै ऋण स्वीकृत गरेको हुनु पर्नेछ ।

## परिच्छेद-३
## अनुदान छनोट प्रणाली

७. **अनुदानग्राहीको योग्यता:** अनुदानमा संचालन हुने कार्यक्रमहरुमा अनुदानग्राहीले आवेदन पेश गर्नका लागि देहाय बमोजिमको योग्यता पुगेको हुनु पर्नेछः-

(क) स्थानीय तह, प्रदेश तथा साविक जिल्ला कृषि विकास कार्यालय र जिल्ला पशु सेवा कार्यालयमा दर्ता भई अस्तित्वमा रहेका कृषक, कृषक समुह र सूचना प्रकाशन हुनुभन्दा अगावै कानून बमोजिम दर्ता भई संचालनमा रहेका सहकारी संस्था, उद्यमी, र जल उपभोक्ता समिति हुनु पर्नेछ ।

(ख) खण्ड (क) मा उल्लिखित अनुदानग्राहीले स्थायी लेखा नम्बर लिएको हुनु पर्नेछ । संस्था दर्ता नवीकरण, लेखा परिक्षण र कर चुक्ता गराउनु पर्नेको हकमा आवेदन दिएको आर्थिक बर्षको अघिल्लो आर्थिक बर्ष सम्म अद्यावधिक गराएको हुनु पर्नेछ ।

(ग) ऐनको दफा ३ को उपदफा (३) बमोजिमको अनुदान रकमको हकमा ऐन बमोजिमको प्रतिशत रकम प्रदेश सरकारलाई फिर्ता गरेको हुनुपर्ने र सोही ऐनको दफा ६ को खण्ड (क) र (छ) बमोजिमको मापदण्ड पुरा गरेको हुनुपर्नेछ।

(घ) व्यक्तिगत अनुदानग्राहीले एक सय रुपैंया, संस्थागत अनुदानग्राहीले दुई सय रुपैंया र पचास लाख वा सो भन्दा माथि कुल लागत भएको आयोजनाको अनुदानमा व्यक्तिगत र संस्थागत दुवैले पाँच सय रुपैंया निवेदन दस्तुर बुझाएको बैंक भौचर आवेदन साथ पेश गर्नु पर्नेछ ।

(ङ) सहकारी संस्थाको हकमा प्रचलित सहकारी ऐन तथा नियमावली बमोजिम संचालन भएको हुनु पर्नेछ।

८. <u>अनुदानग्राहीको छनौटः</u> (१) नियमावलीको नियम ५ को उपनियम (१) र (२) बमोजिम प्राप्त आवेदनहरु मध्ये सम्बन्धित कार्यालयले नियम ७ बमोजिमको योग्यता पुगेका अनुदानग्राहीहरुको निवेदनहरुको सूची तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम योग्यता पुगेका निवेदनहरुको मन्त्रालय वा निर्देशनालय वा सम्बन्धित कार्यालयका कम्तीमा दुईजना प्राविधिकहरुले अनुसूची-३ बमोजिमको स्थलगतरुपमा प्रमाणीकरण गरी प्राप्ताङ्कको योग्यता सूची सहितको प्राविधिक प्रतिवेदन सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ ।

(३) सम्बन्धित कार्यालयले उपनियम (२) बमोजिम प्राविधिक प्रतिवेदन सहित अनुदानग्राहीको अन्तिम छनोटका लागि जिल्लास्तरमा भए नियम ९ बमोजिमको समितिमा र मन्त्रालय तथा प्रदेशस्तरमा भए नियम ११ बमोजिमको समितिमा निर्णयका लागि पठाउनु पर्नेछ ।

(४) स्वीकृत बजेट तथा मापदण्डको आधारमा छनोट समितिबाट उपयुक्त अनुदानग्राहीको छनोट गर्नु पर्नेछ ।

(५) उपनियम (३) बमोजिम छनोट समितिले गरेको निर्णय अनुसार कार्यालयले अनुदानग्राही छनोट भएको सात दिने सार्वजनिक सूचना प्रकाशन गरी कुनै उजुरी नपरेका अनुदानग्राहीसँग सम्झौता गरी कार्यक्रमहरु कार्यान्वयन गर्नेछ ।

९. <u>जिल्लास्तर अनुदानग्राही छनोट समितिः</u> (१) जिल्ला स्तरमा अनुदानग्राहीको छनोट गर्न देहाय बमोजिमको छनोट समितिको गठन गरिनेछः-

| | | |
|---|---|---|
| (क) | 🕮सबन्धित कार्यालय प्रमुख | -संयोजक |
| (ख) | 🕮प्रतिनिधि, प्रदेश लेखा इकाई कार्यालय | -सदस्य |
| (ग) | 🕮प्रतिनिधि, जिल्ला स्थित कृषि विकास बैंक | -सदस्य |
| (घ) | कृषि ज्ञान केन्द्रको अनुदानमा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रमुख वा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको अनुदानमा कृषि ज्ञान केन्द्रको | -सदस्य |

🕮 पहिलो संशोधनद्वारा संशोधन गरिएको ।

🕮 पहिलो संशोधनद्वारा संशोधन गरिएको ।

🕮 पहिलो संशोधनद्वारा संशोधन गरिएको ।

| | | |
|---|---|---|
| | प्रमुख | |
| (ङ) | 🕮कार्यालय प्रमुखले तोकेको सम्बन्धित कार्यालयको कर्मचारी | -सदस्य सचिव |

(२) छनोट समितिले आवश्यकता अनुसार बढीमा दुई जना विषय विज्ञहरुलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

१०. <u>जिल्लास्तर अनुदानग्राही छनोट समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नियम ५ को उपनियम (१) र (२) बमोजिमको समय अवधि भित्र सूचना आव्हान गरे नगरेको तथा सूचना प्रकाशन प्रसारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,

(ख) नियम ८ को उपनियम (३) र (४) बमोजिम अनुदानग्राही छनोट गर्ने,

(ग) कृषि कर्जामा ब्याज अनुदानका लागि अनुदानग्राही छनोट गर्ने,

(घ) समितिले जिल्लामा यस नियमावलीमा उल्लेखित विभिन्न कार्यक्रमहरु संचालनका लागि स्थानीय तहसँग समन्वय गरी बाली वस्तुको सम्भाव्यताका आधारमा कार्यक्रम संचालन क्षेत्र छनोट गर्न सक्नेछ,

(ङ) अनुदानमा संचालित कार्यक्रमहरुको समय समयमा अनुगमन गर्ने।

११. <u>प्रदेशस्तर अनुदानग्राही छनोट समितिः</u> मन्त्रालय, कृषि विकास निर्देशनालय र पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय स्तरमा अनुदानग्राहीको छनोट गर्न देहाय बमोजिमको छनोट समितिको गठन गरिनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, कृषि मन्त्रालय | -अध्यक्ष |
| (ख) | निर्देशक, कृषि विकास निर्देशनालय | -सदस्य |
| (ग) | निर्देशक, पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय | -सदस्य |
| (घ) | महाशाखा प्रमुखहरु, कृषि मन्त्रालय | -सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य |
| (च) | अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |

🕮 पहिलो संशोधनद्वारा संशोधन गरिएको ।

| | | |
|---|---|---|
| (छ) | लेखा प्रमुख, कृषि मन्त्रालय | -सदस्य |
| (ज) | मन्त्रालयको हकमा सम्बन्धित महाशाखा प्रमुख<br>निर्देशनालयको हकमा सम्बन्धित शाखा प्रमुख | -सदस्य सचिव |

(२) छनोट समितिले आवश्यकता अनुसार बढीमा दुई जना विषय विज्ञहरु लाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

१२. <u>प्रदेशस्तर अनुदानग्राही छनोट समितिको काम, कर्तव्य र अधिकारः</u> समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) नियम ५ को उपनियम (१) र (२) बमोजिमको समय अवधि भित्र सूचना आव्हान गरे नगरेको तथा सूचना प्रकाशन प्रसारण गरे नगरेको सम्बन्धमा अनुगमन गर्ने,
(ख) नियम ८ को उपनियम (३) र (४) बमोजिम अनुदानग्राही छनोट गर्ने,
(ग) नियम ५ उपनियम (३) अनुसार प्राप्त निवेदनका आधारमा कृषि कर्जामा ब्याज अनुदानका लागि कृषि कर्जा उपलब्ध गराउने बैकहरु छनोट गर्ने,
(घ) अनुदानमा संचालित कार्यक्रमहरुको समय समयमा अनुगमन गर्ने ।

१३. <u>निर्देशक समितिः</u> (१) अनुदान प्रवाहको प्रक्रिया सहजीकरण गर्नका लागि देहाय बमोजिमको एक निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, कृषि मन्त्रालय | -अध्यक्ष |
| (ख) | सचिव, कृषि मन्त्रालय | -सदस्य |
| (ग) | सचिव, प्रदेश योजना आयोग | -सदस्य |
| (घ) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (ङ) | सचिव(कानुन), मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय | -सदस्य |
| (च) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रालय | -सदस्य |
| (छ) | निर्देशक, नेपाल राष्ट्र बैंक, प्रदेश कार्यालय, विराटनगर | -सदस्य |
| (ज) | प्रमुख, योजना तथा अनुगमन महाशाखा,<br>कृषि मन्त्रालय | -सदस्य सचिव |

(२) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुई जना विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

१४. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** (१) निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) ऐन र नियमावली अनुसार मन्त्रालय वा निर्देशनालय वा कार्यालय निकायबाट संचालन हुने अनुदान सम्बन्धि कार्यक्रमहरुको योजना तर्जुमा र कार्यान्वयन सम्बन्धि अन्य आवश्यक आधार तय र स्वीकृत गर्ने।

(ख) अनुदान प्रवाह सम्बन्धमा भए गरेका काम कारवाही अनुगमन तथा मूल्याङ्कन गर्ने,

(२) निर्देशक समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) निर्देशक समितिको बैठक सञ्चालन तथा निर्णय सम्बन्धी अन्य व्यवस्था सो समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) मन्त्रालयको योजना तथा अनुगमन महाशाखाले निर्देशक समितिको सचिवालयको रुपमा कार्य गर्नेछ ।

(५) सचिवालयले निर्देशक समितिको निर्णय कार्यान्वयन गर्न सहजीकरण गर्नेछ र अनुदानमा भए गरेका काम कारवाहीको अभिलेख राख्नेछ ।

(६) सचिवालयले यस नियमावलीमा तोकिएको जिम्मेवारीको अतिरिक्त अनुदान उपलब्ध गराउने सम्बन्धी कार्यको सम्पर्क विन्दुको रुपमा समेत काम गर्नेछ ।

१५. **उजुरीको कार्यविधिः** (१) कसैले ऐन विपरितको कार्य गरेमा वा त्यस्तो कार्य गरेको जानकारी प्राप्त भएमा त्यस्तो कार्य भएको देख्ने वा जानकारी प्राप्त गर्ने व्यक्तिले त्यस्तो कार्य भएको व्यहोरा खोली सम्बन्धित मन्त्रालय, निर्देशनालय वा सम्बन्धित कार्यालयमा उजुरी दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम प्राप्त उजूरी दर्ता भएको मितिले पन्ध्र दिन भित्र सुनुवाई गरिसक्नु पर्नेछ ।

(३) सम्बन्धित कार्यलयले उजूरीको दर्ता उपर प्रारम्भिक छानविन गरी आफ्नो कार्यालयको राय सहित थप सुनुवाईको लागि अनुदान प्राप्त गरेको रकम असुल उपर गर्ने र जरिवाना हुनसक्ने भए जरिवाना गर्ने प्रयोजनको लागि निजको कारोवार, सम्पत्ति तथा बैंक खाता रोक्का राख्न मन्त्रालयलाई सिफारिस साथ सक्कल मिसिल पठाउनु पर्नेछ र मन्त्रालयले उपयुक्त देखेमा रोक्काका लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ ।

(४) उजुरीको सुनुवाई गर्दा आरोप लागेको व्यक्ति आफै उपस्थित भए निजलाई हाजिर गराई उपस्थित नभए सात दिनको म्याद सूचना जारी गरी आरोपको सम्बन्धमा लिखित वा मौखिक खण्डन गर्ने मौका दिनु पर्नेछ ।

(५) उजूरीको सुनुवाई गर्दा आवश्यक प्रमाण कागज बुझी निर्णय गर्नुपर्नेछ ।

(६) जरिवाना लागेको व्यक्तिले एक बर्षसम्म जरिवाना नबुझाई सम्पर्कमा नरही फरार रहेमा निजको रोक्का रहेको जायजेथा सम्बन्धित कार्यालयले प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी असूल उपर गर्नेछ ।

(७) नियमावलीको नियम (८) को उपनियम (४) उपर परेको उजुरी मन्त्रालय वा सम्बन्धित कार्यालयको प्रमुखले पन्ध्र दिन भित्र निर्णय गर्नु पर्नेछ।

(८) जरिवाना गर्ने अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने अनुदानग्राहीले निर्णय भएको तीस दिन भित्र सम्बन्धित जिल्ला अदालत समक्ष पूनरावेदन गर्नु पर्नेछ ।

१६. <u>उजुरी समितिः</u> (१) ऐन तथा नियमावली बमोजिम गरेको कुनै काम कारवाहीको सम्बन्धमा मन्त्रालय वा मातहतका कार्यालयका पदाधिकारी वा कर्मचारीको विरुद्ध उजुरी परेमा सोको सुनुवाई गर्न देहाय बमोजिमको समिति गठन गरिनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -संयोजक |
| (ख) | सचिव, आन्तरिक मामिला तथा कानून मन्त्रायल | -सदस्य |
| (ग) | सचिव, आर्थिक मामिला तथा योजना मन्त्रालय | -सदस्य |
| (घ) | सचिव, प्रदेश योजना आयोग | -सदस्य |
| (ङ) | सचिव (कानून), मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | -सदस्य सचिव |

(२) समितिले आवश्यक ठानेमा कुनै पनि उजुरीका सम्बन्धमा छानविन गरी प्रतिवेदन पेश गर्ने गरी उप समिति गठन गर्न सक्नेछ ।

(३) समितिले आवश्यक ठानेमा प्रदेश अन्तर्गतका कुनै पनि पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गरी राय सुझाव लिन सक्नेछ ।

१७. <u>उजुरी समितिको काम, कर्तव्य र अधिकारः</u> (१) ऐन तथा नियमावली बमोजिम असल नियतले गरेको कुनै काम कारवाहीको सम्बन्धमा मन्त्रालय वा मातहतका कार्यालयका पदाधिकारी वा कर्मचारीले असल नियतले गरेको काम हो होईन भन्ने सम्बन्धी उजुरी हेरी निर्णय गर्नु पर्नेछ ।

(२) समितिले प्राप्त उजुरी दर्ता भएको मितिले पैतीस दिन भित्र निर्णय गरि सक्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम उजूरीको सुनुवाई गर्दा समितिले निर्णय गर्नु अघि आरोप लागेको व्यक्ति लाई सुनुवाईको मौका दिनु पर्नेछ ।

(४) उपनियम (१) बमोजिम निर्णय गर्दा प्रचलित कानूनको पालना नगरेको वा अनुदानको दुरुपयोग हुन सक्ने कुनै कार्य गरेको वा झुठ्ठा आश्वासन दिएको पुष्टी भएमा प्रचलित कानून बमोजिम कारवाहीका लागि सिफारिस गर्नु पर्नेछ ।

(५) उपनियम (१) बमोजिम निर्णय गर्दा आर्थिक अपचलन गरेको वा अनुदानको दुरुपयोग गरेको देखिएमा कारवाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा लेखी पठाउनु पर्नेछ।

(६) मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय अन्तर्गतको कुनै शाखालाई समितिको सचिवालयको रुपमा काम कारवाही गर्ने गरी तोक्न सकिनेछ।

## परिच्छेद-४
## विविध

१८. <u>मुल्याङ्कन गर्नु पर्ने:</u> यस नियमावली बमोजिम संचालित अनुदानका कार्यहरुको मुल्याङ्कन प्रदेश योजना आयोग, मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालय समेतले गर्न सक्नेछ।

१९. <u>प्रतिवेदन पेश गर्नु पर्ने:</u> सम्बन्धित निर्देशनालय र कार्यालयहरुले अनुदान सम्बन्धी कार्यक्रमको बार्षिक प्रगति प्रतिवेदन मन्त्रालयले तोके बमोजिमको ढाँचामा मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

२०. <u>सामाजिक परिक्षण गर्नु पर्ने:</u> यो नियमावली बमोजिम संचालित अनुदानका कार्यहरुको मन्त्रालय र सम्बन्धित कार्यालयले अनुदानमा संचालित कार्यहरुको अनुदानग्राहिले कार्यक्रम सम्पन्न भए पश्चात भुक्तानी लिनु अगावै सामाजिक परिक्षण गराउनु पर्नेछ र उक्त सामाजिक परिक्षण गराएको प्रतिवेदन भुक्तानीको निवेदन साथ पेश गर्नु पर्नेछ।

२१. <u>प्रचलित कानून बमोजिम हुने:</u> प्रचलित कानूनको प्रतिकुल नहुने गरी नियमावलीमा उल्लेख गरिएका विषयहरु सोही बमोजिम हुने र अन्य विषयहरुका हकमा प्रचलित कानून बमोजिम हुनेछ।

२२. <u>संशोधन, खारेजी एवं बचाउ:</u> (१) प्रदेश सरकारले यस नियमावलीमा आवश्यक संशोधन वा खारेजी गर्न सक्नेछ ।

(२) यस नियमावलीको प्रारम्भसँगै "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६" खारेज गरिएको छ र "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि, २०७६" बमोजिम गरिएको काम कारवाही यसै नियमावली बमोजिम भए गरेको मानिने छ।

अनुसूची- १

(नियम ५ को उपनियम (१) संग सम्बन्धित)

प्रदेश सरकार

कृषि मन्त्रालय

प्रदेश नं.१ बिराटनगर

**प्रस्ताव आव्ह्वान सम्बन्धि सूचना**

**प्रथम पटक प्रकाशित मिति ....................**

यस ................मन्त्रालय/निर्देशनालय/कार्यालयको आ.व. ......... को वार्षिक स्वीकृत कार्यक्रम अनुसार **कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली,** २०७८ बमोजिमका शर्तहरु पालना गरी कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रदेश नं.१ अन्तरगतका इच्छुक कृषक, कृषक समुह, सहकारी संस्था, व्यवसायीक फर्म/कम्पनी/ उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव दर्ता गर्नु हुन आह्वान गरिन्छ । साथै रित नपुगेका र म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु दर्ता गराईने छैन ।

थप जानकारीका लागि.............................मन्त्रालय/निर्देशनालय/कार्यालयको फोन नं.............................मा सम्पर्क राख्नु हुन वा मन्त्रालय/ निर्देशनालय/कार्यालयको वेभसाईट ................... बाट कार्यक्रम कार्यान्वयन सम्बन्धी ऐन, नियमावली र मापदण्ड डाउनलोड गरी थप जानकारी लिन सक्नु हुनेछ ।

**कार्यक्रम विवरण :**

| क्र. सं. | कार्यक्रमको नाम | उपलब्ध हुन सक्ने अधिकतम अनुदान प्रतिसत | प्रस्तावसंग संलग्न गर्नुपर्ने कागजातहरु | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |
| ४. | | | | |
| ५. | | | | |

**अनुसूची- २**

(नियम ६ को खण्ड (क) संग सम्बन्धित)

**व्यवसायिक योजना**

## १. संस्था सक्षिप्त विवरणः

| | |
|---|---|
| आवेदकको नाम | |
| ठेगाना | |
| समूह/संस्था/उद्यम/फार्म/ स्थापना भएको मिति | |
| दर्ता भएको मिति र निकाय | |
| टेलिफोन नम्बर | |
| सम्पर्क व्यक्तिको नाम | |
| सम्पर्क व्यक्तिको मोवाईल/टेलिफोन नं. | |
| इमेल | |

## २. संस्थाको अनुभव र अन्य विवरणः

| | |
|---|---|
| बिगतमा सम्पन्न गरेका कार्य, अनुभव तथा तालिमको संक्षिप्त विवरण (बढीमा २०० शव्दमा) | |
| विद्यमान वित्तीय क्षमता, जनशक्ति र भौतिक श्रोत साधनको विवरण (बुँदागत रुपमा) | |

## ३. कार्यक्रम सञ्चालन सम्बन्धि समस्या, औचित्य, उद्देश्य तथा लाभान्वित घर परिवार संख्या

| | |
|---|---|
| संस्थाले भोगेका वा अनुभूत गरेका व्यवसायगत समस्या (बुँदागत रुपमा) | |
| प्रस्ताव किन र के कामका लागि पेश गरिएको हो | |
| कार्यक्रममा लैङ्गिक तथा सामाजिक समावेशीता | |
| लाभान्वित घर परिवार संख्या (प्रत्यक्ष र अप्रत्यक्ष रोजगारी सिर्जना) | |

## ४. कार्यक्रम सञ्चालन प्रकृया

| | |
|---|---|
| सरोकारवालाहरुको भूमिका, प्रस्तावकको भूमिका, नवीनतम प्रविधिको प्रयोग तथा प्राप्त प्रतिफल वितरणको अबधारणा सहित खुलेको कार्यक्रम सञ्चालन विधि उल्लेख गर्ने | |

## ५. कार्यक्रमबाट हासिल हुने उपलब्धिहरु

| | |
|---|---|
| क्षेत्रफल तथा उत्पादन बृद्धि परिमाण | |
| वार्षिक उत्पादन बृद्धि परिमाण | |
| प्रस्तावित वाली वस्तुको मूल्य अभिबृद्धि परिमाण | |
| लाभान्वित वर्गको रोजगारी अवस्था, जिविको पार्जन तथा जिवनस्तरमा आउने सुधार | |
| कार्यक्रम संचालनवाट समुदायमा पर्ने सकारात्मक प्रभावहरु | |
| कार्यक्रम संचालनवाट पर्न सक्ने वातावरणिय प्रभावहरु | |

**आर्थिक प्रस्ताव**

प्रस्तावित कृयाकलापहरुको लागत अनुमान र सहकार्यको विस्तृत विवरण :

| क्र.सं. | मुख्य कृयाकलापहरु | इकाई | परिमाण | प्रति इकाई दर रु | कुल लागत रु | प्रस्तावको योगदान रु | सम्बन्धित कार्यालयको अनुदानबाट व्यहोरिने रकम रु | प्रस्तावकले व्यहोर्ने रकमको श्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| जम्मा(.रु) | | | | | | | | |

विगत ३ वर्षमा आफै वा एकाघरको सदस्यले विभिन्न निकायहरुबाट प्राप्त अनुदानको विवरण

| क्र.स. | अनुदान प्राप्त गर्ने ब्यक्ति/संस्था/फार्मको नाम | अनुदान प्राप्त गरेको काम | अनुदान उपलब्ध गराउने निकाय | अनुदान प्राप्त गरेको रकम रु |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

| जिम्मेवार पदाधिकारीको | |
|---|---|
| नाम | |
| पद | |
| हस्ताक्षर | |
| मिति | |
| छाप | |

## अनुसूची- ३

(नियम ८ को उपनियम (२) संग सम्बन्धित)

उत्पादन सम्बद्ध पुर्वाधार सम्बन्धमा

**क) उत्पादन सम्बन्धि कार्यक्रमहरुका लागि स्थलगत प्रमाणिकरण मूल्यांकनका आधारहरु**

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **भौतिक क्षमता** | २० | |
| १.१ | आवेदकको विगतको काम र प्रस्तावित कार्यक्रम बीच तालमेल | २-५ | |
| | विगतमा गरेको काम भन्दा फरक काम प्रस्ताव गरेको | ० | |
| | विगतको कामसँग तालमेल भई कम्तीमा १ वर्ष देखी सोही काम गर्दै गरेको | २ | |
| | विगतको कामसँग तालमेल भई कम्तीमा २ वर्ष देखी सोही काम गर्दै गरेको | ४ | |
| | विगतको कामसँग तालमेल भई कम्तीमा ३ वर्ष वा सो भन्दा बढी समय देखी सोही काम गर्दे गरेको | ५ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना रहेको नरहेको | २-५ | |
| | शुरवात नै नभएको वा शुरुवातको लागि प्रस्ताव गरेको व्यवसाय | ० | |
| | संचालनमा रहेको र हालको उत्पादनमा २५ प्रतिशत वृद्धि गर्ने संभावना | २ | |
| | संचालनमा रहेको र हालको उत्पादनमा ५० प्रतिशत वृद्धि गर्ने संभावना | ४ | |
| | संचालनमा रहेको र हालको उत्पादनमा १०० प्रतिशत वृद्धि गर्ने संभावना | ५ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | २-५ | |
| | प्रस्तावित व्यवसायका लागि पर्याप्त जग्गा भाडामा लिएको | २ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा भएको | ४ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा तथा भवन लगायतका पुर्वाधार भएको | ५ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा बजार पँहुच पुर्वाधार व्यवस्था | ५ | |
| | कार्यक्रम स्थलमा बाटो, विद्युत, ढुवानी साधन र बजारसँग पँहुच नभएको | ० | |
| | सम्भाव्य बजारसँग कच्ची मोटरवाटोले जोडिएको, विद्युत र ढुवानी साधन उपलब्ध हुन सक्ने | २ | |
| | सम्भाव्य बजारसँग मोटरवाटोले जोडिएको र विद्युतको व्यवस्था रहेको | ४ | |
| | सम्भाव्य बजारसँग कालोपत्रे मोटरवाटोले जोडिएको, पर्याप्त ढुवानी साधन र विद्युत उपलब्ध हुन सक्ने | ५ | |
| २ | **प्राविधिक क्षमता** | २० | |

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| २.१ | भौगोलिक र प्राविधिक उपयुक्तता | ०-५ | |
| | भौगोलिक हिसाबले अनुपयुक्त | ० | |
| | भौगोलिक हिसाबले उपयुक्त | २ | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक उत्पादन सामाग्रीको उपलब्धता र गुणस्तर वारे जानकारी नभएको | ० | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक उत्पादन सामाग्रीको उपलब्धता र गुणस्तर वारे जानकारी भएको | ३ | |
| २.२ | प्रस्तावित कार्यक्रम सम्बद्ध क्रियाकलापहरुमा नवीन प्रविधिहरुको समावेश | ०-५ | |
| | नवीन प्रविधिहरुको समावेश छैन | ० | |
| | कम्तीमा एउटा नवीन प्रविधि समावेश | २ | |
| | कम्तीमा दुईवटा नवीन प्रविधि समावेश | ३ | |
| | दुईवटा भन्दा बढी नवीन प्रविधि समावेश | ५ | |
| २.३ | आवश्यक प्रविधि/प्राविधिक सेवा सम्बन्धि व्यवस्था | १-५ | |
| | प्राविधिक सेवा सम्बन्ध कुनै व्यवस्था नभएको | ० | |
| | विभिन्न तहका सरकारका निकायवाट प्राविधिक सेवा लिने | २ | |
| | स्थानीय श्रोत ब्यक्ति /ब्यवासायिक फार्मवाट प्राविधिक सेवाटेवाको व्यवस्था | ३ | |
| | आफै/आफ्नै श्रोतवाट प्राविधिकको व्यवस्था गरेको | ५ | |
| २.४ | आवेदकले प्रस्ताव गरेको कार्यका लगि तालिम वा सोही कार्यमा काम गरेको प्रमाण | १-५ | |
| | सम्बन्धित विषयमा ३ दिन सम्मको तालिम लिएको | २ | |
| | सम्बन्धित विषयमा ७ दिन सम्मको तालिम लिएको/ अरुको फार्ममा एकवर्षसम्म सोही काम गरेको | ३ | |
| | सम्बन्धित विषयमा ७ दिन भन्दा वढीको तालिम लिएको/ अरुको फार्ममा एकवर्ष भन्दा बढी सोही काम गरेको | ५ | |
| **३** | **वित्तिय क्षमता** | *३०* | |
| **३.१** | **प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आफ्नै श्रोतवाट लगानी जुटाउन सक्ने** | *३०* | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आफ्नो श्रोत र बैक तथा वित्तिय संस्थावाट लगानी जुटाउन सक्ने | *२५* | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले बैक तथा वित्तिय संस्थवाट मात्र लगानी जुटाउन सक्ने | १५ | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आवश्यक लगानी वारे कुनै | ५ | |

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | योजना उल्लेख नगरेको | | |
| ४ | **संस्थागत क्षमता** | **५** | |
| | ब्यवसायिक क्रियाशिलता छैन | ० | |
| | स्थापना भएको एक वर्षमात्र भएको | १ | |
| | स्थापना पश्चात दुई वर्षयता निरन्तर कारोवार गरेको | २ | |
| | स्थापना पश्चात तीन वर्षयता निरन्तर कारोवार गरेको | ३ | |
| | स्थापना पश्चात तीन वर्षयता निरन्तर कारोवार गरेको तथा कारोवारको अभिलेख समेत राखेको | ५ | |
| ५ | **रोजगारी सिर्जना तथा आयस्तरमा सुधार** | **५** | |
| | प्रस्तावक र प्रस्तावकको परिवारलाई मात्र रोजगारी उपलब्ध हुने | १ | |
| | समुदायमा रहेका अन्य ब्यक्तिहरुका लागि दैनिक ज्यालादारीमा रोजगारी सिर्जना हुने | २ | |
| | समुदायमा रहेका अन्य ब्यक्तिहरुका लागि दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिक दुवै रोजगारी सिर्जना हुने | ३ | |
| | दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिकका अतिरिक्त स्थानीय समुदायलाई अन्य सहयोग उपलब्ध गराउने क्रियाकलाप प्रस्ताव गरेको | ५ | |
| ६ | **प्रस्तावित कार्यक्रमले कृषि/पशुपंक्षी व्यवसायिकरणमा पार्ने प्रभाव** | **१०** | |
| | उत्पादित वस्तुले आन्तरिक बजारमा आपुर्तिमा सहयोग पुर्याउने | २ | |
| | उत्पादित वस्तुले कृषि/पशुपंक्षीको व्यवसायिकरणमा सहयोग पुर्याउने | ४ | |
| | उत्पादित वस्तुले व्यवसायिकरणमा र आयात प्रतिस्थापन दुवैमा सहयोग पुर्याउने | ६ | |
| | उत्पादित वस्तुले व्यवसायिकरणमा र निर्यात प्रवर्द्धन दुवैमा सहयोग पुर्याउने | १० | |
| ७ | **उत्पादित वस्तुको प्रसोधन,भण्डारण तथा बजारिकरण योजना** | **१०** | |
| | कुनैपनि नभएको | ० | |
| | उत्पादित वस्तुको बजारिकरणका लागि खरिदकर्ता पहिचान गरेको | ३ | |
| | उत्पादित वस्तुको भण्डारण तथा खरिदकर्ता पहिचान गरी बजारिकरण योजना समावेश भएको | ६ | |
| | उत्पादित वस्तुको प्रसोधन,भण्डारण तथा बजारिकरणका लागि खरिदकर्तासँग औपचारिक रुपमा खरिद संझौता गरेको | ८ | |
| | उत्पादित वस्तुको प्रसोधन,भण्डारण तथा बजारिकरण आफैले गर्ने | १० | |
| | **जम्मा** | १०० | |

(क) स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण

..............................................................................................................................

..........................................................................................

..............................................................................................................................

..........................................................................................

(ख) स्थलगत प्रमाणिकरण टोलीको राय

| क्र.सं. | स्थलगत गर्ने पदाधिकारीहरुको नाम | पद | प्राप्ताङ्क | अनुदानका लागि योग्य भए नभएको सिफारिस | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

ख) कोल्ड स्टोर/कोल्ड रुमका लागि स्थलगत प्रमाणिकरण मूल्यांकनका आधारहरु

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **भौतिक क्षमता** | २० | |
| १.१ | आवेदकको विगतको काम र प्रस्तावित कार्यक्रम बिच तालमेल | २-५ | |
| | भण्डारणका लागि प्रस्ताव गरेको वस्तु उत्पादन नहुने क्षेत्र | ० | |
| | भण्डारणका लागि प्रस्ताव गरेको वस्तु आंशिक उत्पादन हुने क्षेत्र | २ | |
| | भण्डारणका लागि प्रस्ताव गरेको वस्तु प्रर्याप्त उत्पादन हुने क्षेत्र | ५ | |
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि संभावना रहेको नरहेको | २-५ | |
| | भण्डारणका लागि प्रस्ताव गरेको वस्तुको उत्पादन बृद्धि संभावना नरहेको | ० | |
| | अन्य जिल्ला वा स्वदेशमा नै उत्पादित वस्तु खरीद गरी भण्डारण गर्ने | २ | |
| | भण्डारणका लागि प्रस्ताव गरेको वस्तुको स्थानीयस्तरमा नै उत्पादनमा बृद्धि र अन्य जिल्लावाट खरीद गरी भण्डारगृह संचालन संभावना | ३ | |
| | भण्डारणका लागि प्रस्ताव गरेको वस्तुको स्थानीयस्तरमा नै उत्पादनमा बृद्धि गरी भण्डारगृह संचालन संभावना | ५ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | १-५ | |
| | प्रस्तावित व्यवसायका लागि प्रर्याप्त जग्गा भाडामा लिएको | १ | |

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको प्रर्याप्त जग्गा तथा तीन फेज विजुली भएको | ३ | |
| | प्रस्तावित व्यवसायका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा तथा बाटो विजुली लगायतका पुर्वाधार भएको | ५ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा बजार पँहुच पुर्वाधार व्यवस्था | ५ | |
| | कार्यक्रम स्थलमा बाटो, ढुवानी साधन र बजारसँग पँहुच नभएको | ० | |
| | सम्भाव्य बजारसँग मोटरवाटोले जोडिएको र विजुलीको व्यवस्था रहेको | २ | |
| | सम्भाव्य बजारसँग कच्ची मोटरवाटोले जोडिएको, विजुलीको व्यवस्था रहेको र ढुवानी साधन उपलब्ध हुन सक्ने | ४ | |
| | सम्भाव्य बजारसँग कालोपत्रे मोटरवाटोले जोडिएको, विजुलीको व्यवस्था रहेको र प्रर्याप्त ढुवानी साधन उपलब्ध हुन सक्ने | ५ | |
| २ | **प्राविधिक क्षमता** | १० | |
| २.१ | भौगोलिक र प्राविधिक उपयुक्तता | ०-५ | |
| | भौगोलिक हिसाबले वाढी पहिरो तथा वातावरणिय रुपमा नकारात्मक प्रभाव गर्ने | ० | |
| | भौगोलिक हिसाबले उपयुक्त | २ | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक निर्माण सामाग्रीको उपलब्धता र गुणस्तर वारे जानकारी नभएको | ० | |
| | प्राविधिक दृष्टिकोणले आवश्यक निर्माण सामाग्रीको उपलब्धता र गुणस्तर वारे जानकारी भएको | ३ | |
| २.२ | आवश्यक प्रविधि सम्बन्धि ज्ञानको व्यवस्था | १-५ | |
| | प्राविधिक सेवा सम्बन्धी कुनै व्यवस्था नभएको | ० | |
| | स्थानीय श्रोत ब्यक्तिवाट प्राविधिक सेवा खरीद संभावना भएको | १ | |
| | आफै/आफ्नै श्रोतवाट प्राविधिक क्षमता विकासका लागि तालिमको व्यवस्था गरेको | ३ | |
| | आफै/आफ्नै श्रोतवाट प्राविधिकको व्यवस्था गरेको | ५ | |
| ३ | **वित्तिय क्षमता** | ३० | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आवश्यक लगानी वारे कुनै योजना उल्लेख नगरेको | ५ | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले बैक तथा वित्तिय संस्थवाट मात्र लगानी जुटाउन सक्ने | १५ | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आफ्नो श्रोत र बैक तथा वित्तिय संस्थावाट लगानी जुटाउन सक्ने | २५ | |

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आफ्नै श्रोतवाट लगानी जुटाउन सक्ने | ३० | |
| ४ | **संस्थागत क्षमता** | **५** | |
| | व्यवसायिक क्रियाशिलता छैन | ० | |
| | स्थापना भएको एक वर्षमात्र भएको | १ | |
| | स्थापना पश्चात दुई वर्षयता निरन्तर कारोवार गरेको | २ | |
| | स्थापना पश्चात तीन वर्षयता निरन्तर कारोवार गरेको | ३ | |
| | स्थापना पश्चात तीन वर्षयता निरन्तर कारोवार गरेको तथा कारोवारको अभिलेख समेत राखेको | ५ | |
| ५ | **रोजगारी सिर्जना तथा आयस्तरमा सुधार** | **५** | |
| | प्रस्तावक र प्रस्तावकको परिवारलाई मात्र रोजगारी उपलब्ध हुने | १ | |
| | समुदायमा रहेका अन्य ब्यक्तिहरुका लागि दैनिक ज्यालादारीमा रोजगारी सिर्जना हुने | २ | |
| | समुदायमा रहेका अन्य व्यक्तिहरुका लागि दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिक दुवै रोजगारी सिर्जना हुने | ३ | |
| | दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिकका अतिरिक्त स्थानीय समुदायलाई अन्य सहयोग उपलब्ध गराउने क्रियाकलाप प्रस्ताव गरेको | ५ | |
| ६ | **प्रस्तावित कार्यक्रमले कृषि/पशुपंक्षी व्यवसायिकरणमा पार्ने प्रभाव** | **१०** | |
| | भण्डार गृहले आन्तरिक बजारमा आपुर्तिमा सहयोग पुर्याउने | २ | |
| | भण्डार गृहले कृषि/पशुपंक्षीको व्यवसायिकरणमा सहयोग पुर्याउने | ४ | |
| | भण्डार गृहले व्यवसायिकरणमा र आयात प्रतिस्थापन दुवैमा सहयोग पुर्याउने | ६ | |
| | भण्डार गृहले व्यवसायिकरणमा र निर्यात प्रवर्द्धन दुवैमा सहयोग पुर्याउने | १० | |
| ७ | **स्थानीय उत्पादकहरु पुग्ने सुविधा** | **१०** | |
| | भण्डार गृह निर्माणवाट उत्पादक किसानहरुलाई कुनै फाईदा नहुने | ० | |
| | भण्डार गृहमा उत्पादक किसानहरुको सामान अन्य भण्डार गृह सरह नै भाडामा राख्न पाईने | २ | |
| | भण्डार गृहमा उत्पादक किसानहरुको सामान अन्य भण्डार गृहको तुलनामा १० प्रतिशत सम्म सस्तो भाडामा राख्न पाईने | ४ | |
| | भण्डार गृहमा उत्पादक किसानहरुको सामान अन्य भण्डार गृहको तुलनामा ११-३० प्रतिशत सम्म सस्तो भाडामा राख्न पाईने | ६ | |
| | भण्डार गृहमा उत्पादक किसानहरुको सामान अन्य भण्डार गृहको तुलनामा ३० प्रतिशत भन्दा सस्तो भाडामा राख्न पाईने र अन्य थप | १० | |

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | सुविधा उपलब्ध गराउने | | |
| ७ | **बजारिकरण योजना** | १० | |
| | कुनैपनि नभएको | ० | |
| | भण्डार गरेको वस्तुको बजारिकरणका लागि खरिदकर्ता पहिचान गरेको | ३ | |
| | भण्डार गरेको वस्तुको भण्डारण तथा खरिदकर्ता पहिचान गरी बजारिकरण योजना समावेश भएको | ६ | |
| | भण्डार गरेको वस्तुको प्रसोधन, भण्डारण तथा बजारिकरणका लागि खरिदकर्तासँग औपचारिक रुपमा खरिद सम्झौता गरेको | ८ | |
| | भण्डार गरेको वस्तुको प्रसोधन, भण्डारण तथा बजारिकरण आफैले गर्ने | १० | |
| | **जम्मा** | १०० | |

(ग) **स्थलगत प्रमाणिकरणमा भेटिएका अन्य थप विवरण**

.............................................................................................................

.............................................................................................................

................

(घ) **स्थलगत प्रमाणिकरण टोलीको राय**

| क्र.सं. | स्थलगत गर्ने पदाधिकारीहरुको नाम | पद | प्रासाङ्क | अनुदानका लागि योग्य भए नभएको सिफारिस | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**ग) कृषि यान्त्रिकरण कार्यक्रमहरुका लागि स्थलगत प्रमाणिकरण मूल्यांकनका आधारहरु**

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १ | **भौतिक क्षमता** | २० | |
| १.१ | आवेदकको विगतको काम र प्रस्तावित कार्यक्रम बीच तालमेल | २-५ | |
| | विगतमा गरेको काम भन्दा फरक काम प्रस्ताव गरेको | ० | |
| | माग गरेको यन्त्र उपकरण सम्बद्ध कार्यमा कम्तीमा १ वर्ष देखी सोही काम गर्दै गरेको | २ | |
| | माग गरेको यन्त्र उपकरण सम्बद्ध कार्यमा कम्तीमा २ वर्ष देखी सोही काम गर्दै गरेको | ४ | |
| | माग गरेको यन्त्र उपकरण सम्बद्ध कार्यमा कम्तीमा ३ वर्ष वा सो भन्दा बढी समयदेखी सोही काम गर्दै गरेको | ५ | |

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| १.२ | भविष्यमा कार्यक्रम विस्तारका लागि सम्भावना रहेको/नरहेको | २-५ | |
| | शुरवात नै नभएको वा व्यवसाय शुरुवातको लागि यन्त्र उपकरण प्रस्ताव गरेको | ० | |
| | संचालनमा रहेको कार्यमा यन्त्र उपकरणको प्रयोगवाट हालको उत्पादनमा २५ प्रतिशत बृद्धि गर्ने संभावना | २ | |
| | संचालनमा रहेको कार्यमा यन्त्र उपकरणको प्रयोगवाट हालको उत्पादनमा हालको उत्पादनमा ५० प्रतिशत बृद्धि गर्ने संभावना | ४ | |
| | संचालनमा रहेको कार्यमा यन्त्र उपकरणको प्रयोगवाट हालको उत्पादनमा हालको उत्पादनमा १०० प्रतिशत बृद्धि गर्ने सम्भावना | ५ | |
| १.३ | व्यवसाय अनुसार पूर्वाधारहरुको व्यवस्था (जग्गा तथा भवन आदि) | २-५ | |
| | प्रस्तावित यन्त्र उपकरण प्रयोगका लागि पर्याप्त जग्गा भाडामा लिएको/ भाडामा लिई पशुपन्छीपालन गरेको | २ | |
| | प्रस्तावित यन्त्र उपकरण प्रयोगका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा भएको/ आफ्नै स्वामित्वको पर्याप्त जग्गामा पशुपन्छीपालन गरेको | ४ | |
| | प्रस्तावित यन्त्र उपकरण प्रयोगका लागि आफ्नै स्वामित्वको पर्याप्त जग्गा तथा भवन लगायतका पुर्वाधार भएको/ आफ्नै स्वामित्वको पर्याप्त जग्गा तथा भवन लगायतका पुर्वाधारमा पशुपन्छीपालन गरेको | ५ | |
| १.४ | कार्यक्रम कार्यान्वयन स्थलमा बजार पँहुच पुर्वाधार व्यवस्था | ५ | |
| | कार्यक्रम स्थलमा बाटो, ढुवानी साधन र बजारसँग पँहुच नभएको | ० | |
| | सम्भाव्य बजारसँग मोटरवाटोले जोडिएको र विजुलीको व्यवस्था रहेको | २ | |
| | सम्भाव्य बजारसँग कच्ची मोटरवाटोले जोडिएको र ढुवानी साधन उपलब्ध हुन सक्ने | ४ | |
| | सम्भाव्य बजारसँग कालोपत्रे मोटरवाटोले जोडिएको र प्रर्याप्त ढुवानी साधन उपलब्ध हुन सक्ने | ५ | |
| **२** | **प्राविधिक क्षमता** | **२०** | |
| २.१ | भौगोलिक र प्राविधिक उपयुक्तता | ०-५ | |
| | भौगोलिक हिसाबले प्रस्तावित यन्त्र उपकरण प्रयोग गर्न अनुपयुक्त | ० | |
| | भौगोलिक हिसाबले प्रस्तावित यन्त्र उपकरण प्रयोग गर्न उपयुक्त | २ | |
| | प्राविधिक दृष्टिकोणले प्रस्तावित यन्त्र उपकरणको उपलब्धता र गुणस्तर वारे जानकारी नभएको | ० | |
| | प्राविधिक दृष्टिकोणले प्रस्तावित यन्त्र उपकरणको उपलब्धता र गुणस्तर वारे जानकारी भएको | ३ | |
| २.२ | प्रस्तावित यन्त्र उपकरण नवीन प्रविधिमा आधारित | ०-५ | |

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | यन्त्र उपकरण नवीन प्रविधिमा आधारित नभएको | ० | |
| | प्रस्तावित यन्त्र उपकरणको प्रयोगवाट वाली वस्तुको उत्पादन लागत कम हुने | २ | |
| | प्रस्तावित यन्त्र उपकरणको प्रयोगवाट उत्पादन तथा प्रसोधन दुबैमा सहयोग पुग्ने | ३ | |
| | प्रस्तावित यन्त्र उपकरणको प्रयोगवाट उत्पादन, प्रसोधन र बजारिकरणमा समेत सहयोग पुग्ने | ५ | |
| ३.२ | प्रस्तावित यन्त्र उपकरण संचालन तथा मर्मत संभार गर्न आवश्यक प्रविधि सम्बन्धि ज्ञानको व्यवस्था | १-५ | |
| | प्राविधिक सेवा सम्बन्धी  कुनै व्यवस्था नभएको | ० | |
| | स्थानीय तह/प्रदेश सरकार/संघीय सरकारका निकायवाट प्राविधिक सेवा लिने | २ | |
| | स्थानीय श्रोत ब्यक्ति/व्यवासायिक फार्मबाट प्राविधिक सेवाटेवाको व्यवस्था | ३ | |
| | आफै/आफ्नै श्रोतवाट प्राविधिकको व्यवस्था गरेको | ५ | |
| २.४ | यन्त्र उपकरण संचालन तथा मर्मतका लागि तालिम वा सोही कार्यमा काम गरेको प्रमाण | १-५ | |
| | यन्त्र उपकरण संचालन तथा मर्मतका लागि ३ दिन सम्मको तालिम लिएको | २ | |
| | यन्त्र उपकरण संचालन तथा मर्मतका लागि ७ दिन सम्मको तालिम लिएको/ अरुको फार्ममा एक वर्षसम्म सोही यन्त्र उपकरण प्रयोगको काम गरेको | ३ | |
| | सम्बन्धित विषयमा ७ दिन भन्दा वढीको तालिम लिएको/ अरुको फार्ममा एकवर्ष भन्दावढी सोही यन्त्र उपकरण प्रयोगको काम गरेको | ५ | |
| **३** | **वित्तिय क्षमता** | *३०* | |
| ३१. | **प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आफ्नै श्रोतवाट लगानी जुटाउन सक्ने** | *३०* | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आफ्नो श्रोत र बैक तथा वित्तिय संस्थावाट लगानी जुटाउन सक्ने | *२५* | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले बैक तथा वित्तिय संस्थवाट मात्र लगानी जुटाउन सक्ने | १५ | |
| | प्रस्तावित कार्यक्रमका लागि प्रस्तावकले आवश्यक लगानी वारे कुनै योजना उल्लेख नगरेको | ५ | |
| ४ | **संस्थागत क्षमता** | ५ | |

| क्र.सं. | मूल्याङ्कनका सूचकहरु | अङ्कभार | प्राप्ताङ्क |
|---|---|---|---|
| | व्यवसायिक क्रियाशिलता छैन | ० | |
| | स्थापना भएको एक वर्षमात्र भएको | १ | |
| | स्थापना पश्चात दुई वर्षयता निरन्तर कारोवार गरेको | २ | |
| | स्थापना पश्चात तीन वर्षयता निरन्तर कारोवार गरेको | ३ | |
| | स्थापना पश्चात  तीन वर्षयता निरन्तर कारोवार गरेको तथा कारोवारको अभिलेख समेत राखेको | ५ | |
| ५ | **रोजगारी सिर्जना तथा आयस्तरमा सुधार** | ५ | |
| | प्रस्तावक र प्रस्तावकको परिवारलाई मात्र रोजगारी उपलब्ध हुने | १ | |
| | समुदायमा रहेका अन्य ब्यक्तिहरुका लागि दैनिक ज्यालादारीमा रोजगारी सिर्जना हुने | २ | |
| | समुदायमा रहेका अन्य व्यक्तिहरुका लागि दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिक दुवै रोजगारी सिर्जना हुने | ३ | |
| | दैनिक ज्यालादारीमा र मासिक पारिश्रमिकका अतिरिक्त स्थानीय समुदायलाई अन्य सहयोग उपलब्ध गराउने क्रियाकलाप प्रस्ताव गरेको | ५ | |
| ६ | **प्रस्तावित कार्यक्रमले कृषि/पशुपन्छी व्यवसायिकरणमा पार्ने प्रभाव** | १० | |
| | उत्पादित वस्तुले आन्तरिक बजारमा आपुर्तिमा सहयोग पुर्याउने | २ | |
| | उत्पादित वस्तुले कृषि/पशुपन्छीको व्यवसायिकरणमा सहयोग पुर्याउने | ४ | |
| | उत्पादित वस्तुले व्यवसायिकरणमा र आयात प्रतिस्थापन दुवैमा सहयोग पुर्याउने | ६ | |
| | उत्पादित वस्तुले व्यवसायिकरणमा र निर्यात प्रवर्द्धन दुवैमा सहयोग पुर्याउने | १० | |
| ७ | **उत्पादित वस्तुको प्रसोधन, भण्डारण तथा बजारिकरण योजना** | १० | |
| | कुनैपनि नभएको | ० | |
| | उत्पादित वस्तुको बजारिकरणका लागि खरिदकर्ता पहिचान गरेको | ३ | |
| | उत्पादित वस्तुको भण्डारण तथा खरिदकर्ता पहिचान गरी बजारिकरण योजना  समावेश भएको | ६ | |
| | उत्पादित वस्तुको प्रसोधन, भण्डारण तथा बजारिकरणका लागि खरिदकर्तासँग औपचारिक रुपमा खरिद सम्झौता गरेको | ८ | |
| | उत्पादित वस्तुको प्रसोधन, भण्डारण तथा बजारिकरण आफैले गर्ने | १० | |
| | **जम्मा** | १०० | |

# खण्ड (ग)

## प्रदेश  कृषि व्यवसाय प्रवर्द्धन अनुदान

## मापदण्ड, २०७८

# प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८

प्रदेश सरकार

कृषि मन्त्रालय

प्रदेश नं. १, विराटनगर

सचिव

## प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८

प्रस्तावनाः

प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ तथा प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ को उद्देश्य बमोजिम कृषि विकासका विभिन्न विषयहरुमा प्रदान गरिने अनुदानको वितरणलाई व्यवस्थित र पारदर्शी बनाई प्रभावकारी कार्यान्वयन गर्न वान्छनिय देखिएकोले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मापदण्ड बनाएको छ ।

परिच्छेद- १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस मापदण्डको नाम "प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान मापदण्ड, २०७८" रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमाः-

(क) **"ऐन"** भन्नाले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ सम्झनु पर्छ ।

(ख) **"कार्यालय"** भन्नाले प्रदेशका सबै मन्त्रालय मातहतका कार्यालयलाई सम्झनु पर्छ ।

(ग) **"कृषि कर्जा"** भन्नाले नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम इजाजत प्राप्त बैंक तथा वित्तिय संस्थाले कृषि क्षेत्रमा कर्जा प्रवाह गर्ने गरी सोही वर्गमा वर्गिकरण गरेको कर्जा सम्झनु पर्छ ।

(घ) **"जिल्लास्तर छनोट समिति"** भन्नाले नियमावलीको नियम ९ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(ङ) **"नियमावली"** भन्नाले प्रदेश कृषि व्यवसाय प्रवर्द्धन अनुदान नियमावली, २०७८ सम्झनु पर्छ ।

(च) **"प्रदेशस्तर छनोट समिति"** भन्नाले नियमावलीको नियम ११ बमोजिम गठित समिति सम्झनु पर्छ ।

(छ) **"प्रोत्साहन अनुदान"** भन्नाले मापदण्डमा उल्लेख गरिएको क्षेत्रफल वा परिमाणमा कृषि तथा पशुपन्छीजन्य उपज उत्पादन गरे वापत पाउने नगद अनुदान सम्झनु पर्छ ।

(ज) **"मन्त्रालय"** भन्नाले कृषि मन्त्रालय सम्झनु पर्छ ।

परिच्छेद- २

### कृषि सेवा तर्फका कार्यक्रमहरुको मापदण्ड

३. कृषि सेवा तर्फका कार्यक्रमहरुको मापदण्ड देहाय बमोजिम हुनेछ ।

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| १ | **प्रोटेक्टेड हर्टिकल्चर प्रवर्द्धन तथा प्रविधि विस्तार** | • प्रोटेक्टेड हर्टिकल्चर प्रविधि भन्नाले हाइटेक ग्रिन हाउस, नेचुरल्ली भेण्टीलेटेड ग्रिनहाउस, एग्रीनेट हाउस, प्लाष्टिक घर (जि.आइ.पाइप वा बाँसको) मा सूक्ष्म सिचाइ पूर्वाधार तथा प्लाष्टिक मल्चिङ (छापो) प्रयोग गरी उच्च मुल्ययुक्त विशेष गरी तरकारी, मसलाबाली तथा अन्य बाली र सो का वेर्ना उत्पादन प्रविधिलाई सम्झनु पर्दछ।<br>• प्लाष्टिक टनेल/घर भन्नाले जि.आइ. पाइप वा बाँस र सिलपोलिन वा UV प्लाष्टिक प्रयोग गरी बनाएको घर वा टनेललाइ सम्झनु पर्दछ | • प्रोटेक्टेड हर्टिकल्चर सम्बद्ध संरचना निर्माणमा कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिने छ । |

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | • हाइटेक ग्रीन हाउस भन्नाले तापक्रम व्यवस्थापनको अतिरिक्त व्यवस्था सहितको पराबैंजनी किरण अवरोधक पोलिथिन (UV Stabilized Polythyene film) र जाली (UV Stabilized thermal net) सँगै एग्रि नेट वा इन्सेक्ट नेट (Agri Net or Insect Net) को आवरण Galvanized Iorn वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्दछ ।<br>• नेचुरल्ली भेण्टीलेटेड ग्रीन हाउस भन्नाले तापक्रम नियन्त्रणको अतिरिक्त व्यवस्था नभई टप तथा साइड भेण्टीलेशनका माध्यमबाट तापक्रम व्यवस्थापन सहितको परावैजनी किरण पोलिथिन (U.V.Stabilized Polyethylene film) र जाली (U.V.Stabilized Thermal Net) को आवरण र Galvanizied Iron वा Aluminium Locking Profile बाट निर्मित घरलाई सम्झनु पर्दछ ।<br>• एग्रिनेट हाउस भन्नाले फ्लयाट टप भई चालिस मेसको टप एग्रीनेट, एल्मुनियम शेड तथा क्रिष्टल साइड नेटको आवरण र Galvanizied Iron Aluminium Locking profile बाट निर्मित घरलाई सम्झनु पर्दछ ।<br>• ग्रीन हाउस भन्नाले हाइटेक ग्रीन हाउस, नेचुरल्ली भेण्टीलेड ग्रीन हाउस तथा एग्रीनेट हाउस सम्झनु पर्दछ ।<br>• ग्रीन हाउस र प्लाष्टिक घर निर्माण गरी उच्च मूल्ययुक्त तरकारी उत्पादन गर्नका लागि छनोट भएका आवेदकहरु लाई तपसिल मध्ये कुनै एक कार्यका लागि अनुदान उपलव्ध गराइनेछ ।<br>➢ बाँसको प्लाष्टिक घर निर्माण न्यूनतम १५०० वर्ग मिटर<br>➢ जि.आइ.पाइपको प्लाष्टिक घर निर्माण न्यूनतम १५०० वर्ग मिटर<br>➢ एग्री नेट हाउस न्यूनतम ३९५६ वर्ग मिटर<br>➢ नेचुरल्ली भेण्टिलेटेड ग्रीनहाउस निर्माण न्यूनतम १००८ वर्ग मिटर<br>➢ हाइटेक ग्रीन हाउस निर्माण न्यूनतम ५६० वर्ग मिटर | |
| २ | **चिया खेती प्रवर्द्धन तथा चिया प्रशोधन र बजारिकरण सहयोग** | • चिया खेती विस्तारको लागि कम्पनीहरुको हकमा न्यूनतम ५० हेक्टर जग्गा हुनु पर्नेछ । साना कृषक तथा सहकारीको हकमा कम्तिमा १० हेक्टर जग्गामा चिया खेती विस्तार गर्नु पर्नेछ ।<br>• प्रशोधन कार्यका लागि हरियो पत्तीको उत्पादन शुरु भएको हुनु पर्नेछ । | • चिया खेतीको क्षेत्र विस्तार, प्रशोधन, यान्त्रिकरण, प्राङ्गारिक प्रमाणीकरण, ब्राण्डिङ्ग, प्याकेजिङ्ग र बजारिकरणका लागि कुल लागतको अधिकतम ७५% |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| . | | • प्राङ्गारिक प्रमाणीकरण, ब्राण्डिङ्ग, प्याकेजिङ्ग र बजारिकरणका लागि प्रशोधन कार्य शुरु भएको हुनु पर्नेछ । | सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ३ | **व्यावसायिक किवी खेती** | • समुद्र सतहदेखि १२०० मिटर देखि २४०० मिटर उचाई सम्मका क्षेत्रमा कम्तिमा १० रोपनी क्षेत्रफलमा किवी रोपणका लागि अनुदान उपलब्ध हुनेछ । | • व्यावसायिक किवी खेतीको क्षेत्र विस्तार, उन्नत जातको विरुवा खरिद, माच व्यवस्थापन, सिंचाइ व्यवस्थापन, यान्त्रिकरण, प्रशोधन, भण्डारणका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ४ | **व्यावसायिक फलफुल बगैचा स्थापना सहयोग** | **ताप्लेजुङ, पाँचथर, इलाम, ओखलढुङ्गा खोटाङ्ग, भोजपुर, संखुवासभा, तेह्रथुम धनकुटा, सोलुखुम्बु,उदयपुर जिल्लाहरुका लागि**<br>• सुन्तलाजात फलफूल, आँप, लिची, एभोकाडो, स्याउ, किवीका लागि न्यूनतम ५ रोपनी<br>• केरा, स्ट्रवेरी, ड्र्यागन फ्रुटका लागि न्यूनतम ३ रोपनी र प्रदेशमा सम्भाव्य अन्य फलफूलहरु न्यूनतम ३ रोपनी<br><br>**झापा, मोरङ्ग सुनसरी, उदयपुरका लागि**<br>• आँप, लिची, सुन्तलाजात फलफुल, सुपारी, न्यूनतम १५ कठ्ठा<br>• कागती, मेवा, केरा, ड्र्यागन फ्रुट न्यूनतम १० कठ्ठा<br>• भुईँकटहर, स्ट्रवेरी र प्रदेशमा सम्भाव्य अन्य फलफूलहरु न्यूनतम ५ कठ्ठा | • व्यावसायिक फलफूलको क्षेत्र विस्तारका लागि उन्नत जातको विरुवा खरिद, माच व्यवस्थापन, सिंचाइ व्यवस्थापन, यान्त्रिकरण, प्रशोधन, भण्डारणका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५ | **नमूना कृषि फार्म स्थापना तथा सञ्चालन** | विभिन्न फलफूल, तरकारी, औद्योगिक तथा मसलाजन्य बालीहरुको तोकिएको क्षेत्रफलमा नमूना कृषि फार्म स्थापना गर्न सकिनेछ ।<br>**तरकारी बाली:** बेमौसमी उत्पादनकाका लागि हाईटेक नर्सरी, ग्रीन हाउस वा नेट हाउस, थोपा सिंचाइ सहितको प्लाष्टिक घर भित्र व्यावसायिक तरकारी उत्पादन सम्बद्ध पूर्वाधार निर्माण गर्नु पर्नेछ ।<br>▪ मौसमी तरकारीको हकमा कम्तिमा ३ हेक्टरमा तरकारी उत्पादन सम्बद्ध पूर्वाधार, यन्त्र उपकरण खरिद, नवीन प्रविधि अवलम्वन मार्फत तरकारी खेती | नमूना कृषि फार्म स्थापना तथा सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधार निर्माण, सिंचाइ व्यवस्थापन, यान्त्रिकरण आदिमा लागतको अधिकतम ७५% अनुदान उपलब्ध गराउन सकिनेछ । |

सचिव

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | गर्नु पर्नेछ । <br> **फलफूल बालीहरुः** पहाडमा कम्तिमा १० रोपनी र तराईमा २० कट्ठा क्षेत्रफलमा निम्न प्राथमिकता प्राप्त फलफूल बाली <br> **तराई**- आँप, केरा, लिची, मेवा, स्ट्रवेरी, कागती, ड्रागनफ्रूट, भुईंकटहर <br> **पहाड**- कागती, सुन्तला, लिची, किवी, एभोकाडो, ओखर, स्याउ र स्ट्रबेरी <br> **उच्च घनत्व फलफूल खेतीः** पहाड्मा कम्तिमा १० रोपनी र तराईमा २० कट्ठा <br> **व्यावसायिक बालीः** कम्तिमा १० रोपनी वा १५ कट्ठा जमिनमा अलैची, चिया, अदुवा, वेसार, सुपारी उत्पादन र प्रशोधन <br> **च्याउ उत्पादनः** कम्तिमा वार्षिक ५०० के.जी. कन्ये वा गोब्रे च्याउको बिउ प्रयोग गरी च्याउ उत्पादन वा कम्तिमा १००० मुडामा सिताके च्याउ बिउको प्रयोग गरी सिफारिस प्रविधि अनुसार च्याउ उत्पादन । <br><br> **मौरीपालनः** कम्तिमा १०० वटा आधुनिक मौरी घारको प्रयोग गरी सिफारिस प्रविधि अनुसार मौरीपालन गरी मह उत्पादन, प्रशोधन र बजारिकरण । <br> **अन्य बाली तथा बस्तुहरुः** तरकारी बालीको बिउ उत्पादन, पुष्प उत्पादन, मरिच लगायत भौगोलिक र प्राविधिक दृष्टीकोणले नेपाल कृषि अनुसान्धान परिषद मातहतका अनुसन्धान केन्द्रहरुले उपयुक्त ठहर गरेका बाली व्यावसायिक रुपमा पहाडमा न्यूनतम ५ रोपनी र तराईमा २० कट्ठा भन्दा बढी जमिनमा लगाउन दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेका बाली उत्पादन, प्रशोधन र बजारिकरणका कार्यहरु । | |
| ६ | **रस्टिक स्टोर निर्माण** | • सक्रिय रुपमा गुणस्तरीय बिउ आलु उत्पादन कार्य थालनी भएका सहकारी संस्था/समूह/निजी उद्यमीहरुले यो कार्यक्रम सञ्चालन गर्न सक्नेछन । निर्माण कार्य तथा सोको सञ्चालन सम्वन्धी प्रकृया कृषि ज्ञान केन्द्रले सहकारी संस्था/समूहहरु सँग सम्झौता गरी तय गरिनेछ । <br> • रस्टिक स्टोर निर्माणका लागि रुख मुनी, उत्तर मोहडा, सेपिलो स्थान भएको जग्गाको छनोट गर्नु पर्नेछ । <br> • गाह्रो निर्माण गर्दा सिमेन्ट जोडाईले तापक्रम बढ्न मद्दत पुऱ्याउने भएकोले ईटा वा ढुङ्गालाई माटोको जोडाईमा गाह्रो लगाउनु पर्दछ । <br> • हावाको सञ्चार (भेण्टिलेशन) को लागि भई सतहमा | • रस्टिक स्टोर निर्माण लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
| --- | --- | --- | --- |
| | | २/३ स्थ[illegible] फिटको भेण्टिलेशन झ्यालहरु राखी मुस[illegible]कीरा पस्न नसक्ने गरी मसिनो तारको जालीले बन्द गर्नु पर्दछ । यसै गरी स्टोरको भित्ताको माथिल्लो भागमा पनि १×१ फिटको भेण्टिलेशन झ्यालहरु राखी तारको जालीले बन्द गर्नु पर्दछ ।<br>• स्टोरको लम्बाई बढी र चौडाई कम हुनुपर्दछ । स्टोरको गाह्रो सगैंसँगै आलुराख्ने काठको तख्ता (न्याक) वनाउनेर बीचमा बाटो राख्नु पर्दछ ।<br>• हरेक तख्ता ९ ईन्च देखि १ फिटको फरकमा राख्नु पर्दछ । हरेक तख्तामा आलुको ३/४ दाना भन्दा उचाई नबढाई आलु राख्नुपर्दछ । तख्ताको चौडाई २ फिट, गहिराई ६ ईन्च र लम्बाई आवश्यकता अनुसार बनाउनु पर्दछ ।<br>• आलु राख्दा हरेक दानामा मधुरो प्रकाश पुग्नु आवश्यक हुन्छ । ६.५ फिट लामो तख्तामा अधिकतम १०० किलो आलु राख्नु पर्छ ।<br>• स्टोर घरको छाना कच्ची हुनु पर्दछ । यदि जस्ताको प्रयोग गरिएमा माथिबाट भुस, खर, छवाली राख्नु पर्दछ र जस्ता प्रयोग गर्दा छानाबाट हावाको सञ्चार नहुने भएको हुनाले भेन्टिलेशन झ्यालको संख्या बढाउनु पर्दछ ।<br>• रस्टिक स्टोरको क्षमता जग्गाको उपलब्धता, भण्डारण गर्ने बिउको परिमाणको आधारमा स्थानीयस्तरमा नै तय गर्नु पर्छ । | |
| ७ | व्यावसायिक कफी खेती | • समुद्र सतह भन्दा ८०० मिटरको उचाईमा रहेको न्यूनतम १० रोपनीको क्लस्टर हुनु पर्नेछ ।<br>• छहारी व्यवस्थापन कार्य विरुवा रोपण गर्नु अगावै पुरा गरिसकेको हुनु पर्नेछ ।<br>• बिरुवा रोप्दा बगैंचाको रेखाङ्कन अनिवार्य रुपमा गर्नु पर्नेछ र प्राविधिक मापदण्ड अनुसार विरुवा रोप्नु पर्नेछ । | • कफि क्षेत्र विस्तारका लागि विरुवा खरिद, छहारी व्यवस्थापन, सिंचाइ व्यवस्थापन, यान्त्रिकरण र कफी प्रशोधन आदिमा अधिकतम ७५% अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ८ | बिउ विजन आत्मनिर्भर कार्यक्रम | देहायका बिउ उत्पादक कृषक समूह, निजी बिउ उत्पादक उद्यमी र सहकारी संस्थाहरुलाई सहभागी गराउन सकिनेछ ।<br>• बिउ भण्डारण गर्न सक्ने क्षमता भएका<br>• बिउ उत्पादन क्षेत्रमा नेपाल सरकारले तोकेको पृथकता दूरी कायम गर्न सकिने सम्भावना भएका<br>• उत्पादनका साधन प्रयोग गर्न सक्ने क्षमता भएका | मूल बिउ खरिद, बिउ प्रशोधन, परीक्षण, भण्डारण, प्याकेजिङ्ग तथा बिक्री सम्बन्धी पूर्वाधार र यान्त्रिकरणमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

सचिव

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | • बिउ उत्पादन कार्यमा सहयोगी [illegible] भएको<br>• बिउ उत्पादन सम्बन्धी तालिम प्राप्त तथा अनुभवी<br>• पहाडमा न्यूनतम ८ हेक्टर, तराईमा १५ हेक्टर क्षेत्रफलमा बिउ उत्पादन कार्यक्रम सञ्चालन गर्न सक्ने<br>• संघीय सरकारले तोकेका बिउ उत्पादन, प्रशोधन, परीक्षण, भण्डारण, प्याकेजिङ्ग तथा बिक्री सम्बन्धी अन्य मापदण्डहरु पालना गर्न सक्ने हुनु पर्नेछ । | |
| ९ | **सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्र (Custom Hiring Centre) स्थापना तथा सञ्चालन** | • ३ देखि ५ कठ्ठा क्षेत्रफल भएको जग्गा व्यवस्था हुनु पर्नेछ ।<br>• केन्द्र (Custom Hiring Centre) स्थापना पछि कृषकहरुलाई भाडामा कृषि यन्त्र उपकरण उपलब्ध गराउँदा सहुलियत दरमा उपलब्ध गराउनु पर्नेछ । सेवा केन्द्र सञ्चालन पद्धति सहितको प्राविधिक संहिता (Technical Code of conduct) अनिवार्य रुपमा तयार गरी लागू गर्नु पर्नेछ ।<br>• भाडा निर्धारणका लागि अनुदानग्राही संस्था/फर्म/कम्पनी, कृषि ज्ञान केन्द्रको प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि, विषय विशेषज्ञ र स्थानीय सेवाग्राही कृषकको प्रतिनिधित्व हुने गरी ५ सदस्य सामुदायिक कृषि यान्त्रिकरण सेवा भाडा निर्धारण समिति गठन गर्नु पर्नेछ । | • सामुदायिक कृषि यान्त्रिकरण सेवा केन्द्रका लागि टहरो निर्माण तथा आवश्यक मेशिनरी यन्त्र उपकरणहरु खरिदमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिने छ । |
| १० | **मौरी श्रोत केन्द्र स्थापना** | • न्यूनतम २५० आधुनिक मौरी गोला घार भई मौरी गोला व्यवस्थापन तालिम लिएको र व्यवस्थापन गर्न सक्ने हुनु पर्नेछ ।<br>• न्यूनतम १५ दिनको मौरी घार तथा उपकरण तालिमको पाठ्यक्रममा उल्लेख भए अनुसारको तालिम लिई मौरी घार उत्पादन गरेको ।<br>• रानी मौरी उत्पादनको लागि न्यूनतम २१ कार्य दिनको रानी मौरी उत्पादन सम्वन्धी तालिम लिई उत्पादन गरेको हुनु पर्नेछ।<br>• आधार चाका निर्माणको लागि सञ्चालकले आधार चाका निर्माण सम्वन्धी न्यूनतम ३ दिने तालिम लिई निर्माण गरि रहेको हुनु पर्नेछ ।<br>• न्यूनतम ३ वर्ष मौरीपालन र मौरीजन्य उप-उत्पादनमा अनुभव भएको हुनु पर्नेछ । | • मौरी श्रोत केन्द्र स्थापना सम्बद्ध भौतिक पूर्वाधार, मौरी घार र यान्त्रिकरण सम्बन्धमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ११ | **च्याउ बिउ श्रोत केन्द्र स्थापना** | • दैनिक न्यूनतम २०० किलोग्राम बिउ उत्पादन गर्ने क्षमता हुनु पर्नेछ ।<br>• न्यूनतम २ वर्ष च्याउ तथा च्याउ जन्य उत्पादनमा अनुभव भएको हुनु पर्नेछ ।<br>• च्याउ बिउ उत्पादन सम्वन्धी प्राविधिक ज्ञान तथा | • च्याउ श्रोत केन्द्र स्थापना सम्बद्ध भौतिक पूर्वाधार र यान्त्रिकरण सम्बद्ध कार्यका लागि अधिकतम ७५% सम्म अनुदान उपलब्ध |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | तालिम प्राप्त गरी उत्पादनमा संलग्न हुनु पर्नेछ। | गराउन सकिनेछ । |
| १२ | **चक्लाबन्दी खेती प्रवर्द्धन** | • न्यूनतम ५० हेक्टर जमिनमा चक्लाबन्दी गर्नु पर्नेछ ।<br>• चक्लाबन्दी भित्र आधुनिक प्रविधि तथा यन्त्र उपकरणको उपयोगलाई बढावा दिन प्लट साईज न्यूनतम ५ कठ्ठा हुनु पर्नेछ ।<br>• कृषक समूह, कृषि सहकारी, निजी कम्पनी तथा किसानबाट चक्लाबन्दी खेती प्रवर्द्धनका लागि लिखित रुपमा चक्लाबन्दीका शर्त तथा प्रक्रियाको बारेमा सामुहिक सहमति भएको हुनु पर्नेछ ।<br>• चक्लाबन्दी खेती कार्यान्वयनलाई संस्थागत रुप दिन कार्यान्वयन समिति/उपसमिति गठन भएको हुनु पर्नेछ ।<br>• चक्लाबन्दी खेतीमा यस कार्यक्रम मार्फत सहयोग प्राप्त गर्न कम्तिमा १५ वर्ष सम्म सामुहिक खेती गर्ने प्रतिवद्धता तथा करारनामा हुनु पर्नेछ ।<br>• चक्लाबन्दी खेतीमा Economy of scale, कृषि सामाग्री आपूर्ति सहजता तथा बजारिकरण सहजीकरणका लागि एकै किसिमको बाली वा जात लगाउनु पर्नेछ ।<br>• चक्लाबन्दी खेतीमा Land Laser leveler खरिदमा अनुदान प्राप्त गर्नेहरु लाई जग्गा सम्याउनका लागि प्रोत्साहन सहयोग उपलब्ध हुने छैन । | • चक्लावन्दी खेतीका लागि आवश्यक मेसिनरी यन्त्र उपकरण खरिद, भण्डार गृह निर्माण, प्रशोधन केन्द्र निर्माण, प्रति ३ हेक्टरका लागि एउटा भूमिगत सिंचाइ संरचना निर्माण, सतह सिंचाइ पूर्वाधार निर्माण आदि कार्यका लागि अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>• चक्लावन्दी खेतीका लागि जग्गा सम्याउनका लागि प्रोत्साहन सहयोग निम्नानुसार हुनेछ ।<br>• Land Laser leveller प्रयोग गरी जमिन सम्याउनेको हकमा प्रति हेक्टर पन्ध्र हजार रुपैंया सम्म<br>• प्लटको आकार कम्तिमा २ कठ्ठा हुने गरी Land Laser leveler बाहेक अन्य यन्त्र प्रयोग गरी जमिन सम्याउनेको हकमा प्रति हेक्टर दश हजार रुपैंया सम्म |
| १३ | **अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण प्रयोग** | • सुधारिएको भट्टी निर्माण गर्दा ५० के.जी. को १० एम.एम. को रड, ५० के.जी. स्ट्रीप्स तथा २४० के.जी. देखि २४५ के.जी. को ड्रायर अनिवार्य रुपमा समावेश भएको हुनु पर्नेछ ।<br>• सुधारिएको भट्टी निर्माण गर्दा न्यूनतम २० रोपनी उत्पादनशील अलैची बगैचा बराबर एउटा सुधारिएको भट्टी निर्माण गर्न सहयोग उपलब्ध गराउन सकिनेछ । | • सुधारिएको भट्टी निर्माण सम्बद्ध निर्माण सामाग्री खरिद, ढुवानी र जडानमा लाग्ने कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १४ | **मकै उत्पादकत्व अभिवृद्धि कार्यक्रम** | • स्थानीय तहको समेत सहभागिता तथा समन्वयमा जिल्लास्तर अनुदानग्राही छनोट समितिबाट मकै बाली सम्भावना भएका तर उन्नत बिउको प्रयोग कम भएको | • **मकै उत्पादकत्व अभिवृद्धिका लागि प्रति हेक्टर २५ के.जी. मकैको बिउ खरिद,** |

सचिव

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| . | | स्थानीय तह तथा वडाहरु कम्तिमा एक स्थानीय तहमा ५० हेक्टर क्षेत्रफलमा मकै खेती गर्न सकिने गरी क्लष्टर छनोट गर्नु पर्नेछ ।<br>• एक स्थानीय तहमा निरन्तर ३ वर्षसम्म सञ्चालन गर्न सकिनेछ तर प्रत्येक वर्ष फरक फरक किसान छनोट गर्नु पर्नेछ ।<br>• प्रति क्लष्टर ३ वटा स्थलगत घुम्ति तालिम सञ्चालन गर्न सकिने र सो तालिमको व्यवस्थापन कार्यक्रम कार्यान्वियन गर्ने कार्यालयको आफ्नै बजेटबाट गर्नु पर्नेछ ।<br>• यस अन्तर्गत नयाँ उन्मोचित तथा विकसित जातको जातीय परीक्षण, उन्नत प्रविधि प्रदर्शन तथा ज्याव प्लान्टर र नविनतम मेशिनरीबाट मकै रोप्ने प्रविधि प्रदर्शन पहाडमा कम्तिमा ५ रोपनीमा सञ्चालन गर्नु पर्नेछ । प्रति क्लष्टर ३ वटा प्रदर्शन गर्न सकिनेछ । यो प्रदर्शन सम्बन्धित कार्यालय आफैले व्यवस्थापन गर्नु पर्नेछ ।<br>प्याकेजिङ्ग र लेवलिङ गरेको बिउ मात्र प्रयोग गर्नु पर्नेछ । | मकै रोप्न जग्गा तयारी गर्ने, रोप्ने, गोडने, छोडाउने, मकै पिस्ने जस्ता मेशीनरी यन्त्र उपकरण सामाग्रीमा लाग्ने खर्च र स्थानीय दर रेट अनुसार उन्नत बिउ ढुवानीमा लाग्ने रकम आदिमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १५ | रैथाने बाली उत्पादन प्रवर्द्धन | • कार्यक्रम सञ्चालनका लागि स्थानीय तहको समन्वयमा जिल्लास्तर अनुदानग्राही छनोट समितिबाट रैथाने बालीको उत्पादन तथा बजारिकरण सम्भावना भएका स्थानीय तह वा वडाहरु कम्तिमा एक स्थानीय तहमा २० रोपनी क्षेत्रफलमा रैथाने बाली उत्पादन प्रवर्द्धन गर्न सकिने गरी क्लष्टर हुनु पर्नेछ ।<br>• क्लष्टर सदस्यहरुमा प्रति कृषकको हकमा कम्तिमा ३ रोपनी रोपनीमा रैथाने बालीको खेती गर्नु पर्नेछ ।<br>• प्रति क्लष्टर एउटा स्थलगत तालिम सञ्चालन गर्न सकिनेछ र सो तालिमको व्यवस्था कार्यक्रम कार्यान्वियन गर्ने सम्बन्धित कार्यालयको आफ्नै बजेटबाट गर्नु पर्नेछ । | • रैथाने बालीका स्थानीय तथा उन्नत जातका बिउ खरिद मूल्यमा १०० प्रतिशत र प्रति क्लष्टर सामूहिक रुपमा सञ्चालन हुने गरी एउटा रैथाने बाली चुट्ने मेशीन खरिद, रैथाने बालीको प्रशोधन, प्याकेजिङ्ग, ब्रान्डिङ्ग र परिकार विविधिकरणका लागि अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १६ | हुलाकी राजमार्ग/मुख्य राजमार्ग लक्षित ताजा तरकारी उत्पादन | • तरकारी बालीमा पकेट, व्लक, जोन तथा सुपर जोन विकास कार्यक्रम सञ्चालन भएको स्थानीय तह तथा वडा बाहेकका क्षेत्रमा मात्र यो कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।<br>• कुन कुन स्थानीय तहमा यो कार्यक्रम सञ्चालन गर्ने भनी जिल्लास्तर छनोट समितिबाट स्थानीय तह छनोट | • उत्पादन सामाग्री सहयोग (बिउ, बेर्ना, विषादी, सूक्ष्म तथा झोल मल कृषि चून लगायत) कृषि औजार उपकरण खरिद, साना सिंचाइ पूर्वाधारहरु (भूमिगत |

सचिव

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | गरेपश्चात ती स्थानीय तहका कृषक समूह, सहकारी, फर्म तथा संस्थाहरु छनौट लक्षित गरी सूचना प्रकाशन गर्नु पर्नेछ ।<br>• यस कार्यक्रममा उन्नत प्रविधि प्रदर्शन (तराईमा ५ कट्ठा तथा पहाडमा २ रोपनीमा) सम्बन्धित कार्यालय आफैले व्यवस्थापन गर्नु पर्नेछ ।<br>• स्थलगत घुम्ती तालिम र प्रविधि प्रसारको काम सम्बन्धित कार्यालय आफैले व्यवस्थापन गर्नु पर्नेछ । | सिंचाइ, पाईप, कुलो निर्माण, नविनतम प्रविधिमा आधारित सिंचाइ व्यवस्थापन र बजारिकरणमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १७ | **युवा लक्षित कृषि विकास** | यो कार्यक्रममा कृषि व्यवसायमा संलग्न हुन चाहने स्थानीय युवा युवतीलाई व्यावसायिक तरकारी, च्याउ र मह उत्पादन कार्यमा लक्षित हुनेछ ।<br>• **तरकारी उत्पादन कार्यक्रमः** हिमाली/पहाडी क्षेत्रमा न्यूनतम ५ रोपनी क्षेत्रफलमा व्यावसायिक तरकारी खेती गर्नु पर्नेछ वा कम्तिमा २ वटा थोपा सिंचाइ सहितको प्लास्टिक टनेल निर्माण गर्नु पर्नेछ । तराई क्षेत्रमा कम्तिमा १० कट्ठा क्षेत्रफलमा व्यावसायिक तरकारी खेती गर्नु पर्नेछ ।<br>▪ **च्याउ उत्पादन कार्यक्रमः** कन्ये च्याउ तथा Milky White च्याउको हकमा कम्तिमा दुईवटा १४ फिट चौडाई र २२ फिट लम्बाईका टहरामा च्याउ खेती गर्नु पर्नेछ ।<br>▪ सिताके च्याउ – ३ देखि ८ ईन्च व्यास भएका १ मिटर लम्बाईका कम्तिमा ७५ वटा मुढामा खेती गर्नु पर्नेछ ।<br>• गोब्रे च्याउ – २००० के.जी. कम्पोष्ट तयार तथा प्रयोग भएको हुनुपर्ने र २ वटा १४ फिट चौडाई र २२ फिट लम्बाईका टहरामा च्याउ खेती गर्नु पर्नेछ ।<br>• **मौरी पालन कार्यक्रमः** न्यूनतम २० वटा घार मौरी पालन गर्नु पर्नेछ वा २० घार मौरी थप गर्नु पर्नेछ । | • उत्पादन सम्बद्ध पूर्वाधार, बिउ विरुवा, मौरी घार गोला र अन्य आवश्यक उत्पादन सामाग्रीहरु, यन्त्र उपकरण, सिंचाइ पूर्वाधार निर्माण र व्यवस्थापनमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १८ | **बिउ उत्पादन, प्रशोधन, भण्डारण गृह निर्माण तथा बिउ ढुवानी साधनमा सहयोग** | • गुणस्तरीय बिउ वार्षिक उत्पादन परिमाण कम्तिमा २०० मे.टन हुनु पर्नेछ । उत्पादित बिउको स्तर प्रमाणित/लेवल लगाएको बिउ हुनु पर्नेछ । | • बिउ प्रशोधन तथा भण्डारणमा उपयोग हुने मेशिनरी, भण्डारण, प्रशोधन पूर्वाधार निर्माणमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>• बिउ ढुवानी साधन खरिदमा अधिकतम ५०% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

सचिव

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | | |
| १९ | प्राङ्गारिक मल उत्पादन/भकारो सुधार/भर्मि कम्पोष्ट वेड निर्माण सहयोग | • तरकारी तथा व्यावसायिक बाली चिया, अदुवा आदि खेतीको व्यापकता, प्राङ्गारिक खेतीको सम्भावना, भर्मि कम्पोष्टको प्रयोगको सम्भावना अनुसार कम्तिमा २० जना कृषकहरु एकै क्लस्टरमा पर्ने गरी सञ्चालन गर्नु पर्नेछ ।<br>• स्थानीय तहसँगको समन्वयमा जिल्लास्तर अनुदानग्राही छनोट समितिबाट क्लस्टर छनोट गरी छनोट भएका क्लस्टरमा सूचना प्रकाशन गर्नु पर्नेछ ।<br>• भकारो सुधार, भर्मि कम्पोष्ट बेड र भर्मि बेडको छाना निर्माण गर्दा र आवश्यक पर्ने गड्यौला खरिदमा देहाय बमोजिमको मापदण्ड हुनु पर्नेछ ।<br>• **भकारो सुधार**:- भकारोको आकार ७ फिट x १५ फिट, २x२x१ घन फिटको मुत्र संकलन खाडल<br>• भर्मि कम्पोष्ट बेडको आकार – लम्बाई ३ मिटर चौडाई १ मिटर गहिराई १ मिटरका २ वटा सँगै जोडिएका<br>• भर्मि कम्पोष्ट बेडको छानाको आकार – लम्बाई ३.६ मिटर चौडाई १.६ मिटरको (छानाको लागि निर्माण सामाग्री स्थानीय श्रोत साधनको प्रयोग गर्न सकिने)<br>• गड्यौला खरिद संख्या – १००० वटा | • गाई वस्तुको भकारो सुधार वा भर्मि कम्पोष्ट वेड निर्माण गरी गड्यौला पालन गर्नेहरु भकारो सुधार वा भर्मि कम्पोष्ट वेड निर्माणमा लाग्ने खर्चको अधिकतम ७५% सम्म रकम अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २० | प्राङ्गारिक कृषि प्रवर्द्धन | यो कार्यक्रममा विशेष गरी तरकारी र आलु बालीलाई छनोट गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ । यसमा अनिवार्य क्रियाकलापको प्याकेज अन्तर्गत देहाय बमोजिमका क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ ।<br>• परीक्षण कार्यक्रम (Pilot Program)<br>• संरक्षित संरचनामा उत्पादन (Protected cultivation) कार्यक्रमः (नयाँ संरचनामा उत्पादन कार्यक्रम र पुराना संरचना सुधार गरी उत्पादन कार्यक्रम)<br>• खुल्ला जमिनमा उत्पादन (Open field cultivation) कार्यक्रम<br>• प्राङ्गारिक प्रमाणीकरणमा सहयोग<br>**नयाँ संरचना निर्माण गरी प्राङ्गारिक उत्पादनः**<br>एकल कृषकको हकमा कम्तिमा १५०० वर्ग मिटर क्षेत्रफलमा प्लाष्टिक घर निर्माण गर्नु पर्नेछ । प्लाष्टिक घरमा अनिवार्यरुपमा इन्सेक्ट नेटको प्रयोग गर्नु पर्नेछ ।सामुहिक रुपमा नयाँ सरंचनामा उत्पादन गर्न चाहेमा समूहका सदस्य संख्याको आधारमा प्रति सदस्य १५०० वर्ग मिटर क्षेत्रफल पर्ने गरी निर्माण गर्न सकिनेछ ।<br>**पुराना संरचनामा सुधार गरी प्राङ्गारिक खेतीः**<br>पुराना प्लाष्टिक घर सुधारको लागि इन्सेक्ट नेट र अन्य | प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सम्बद्ध संरचना निर्माण, उत्पादन सामाग्रीहरु, सिंचाइ र प्राङ्गारिक प्रमाणीकरणमा अधिकतम ७५% सम्म सहयोग उपलब्ध गराउन सकिनेछ । |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | सामाग्रीहरुमा सहजीकरण सेवा सुविधा बमोजिमको अनुदान उपलब्ध गराउनु पर्नेछ ।<br>यसरी संरक्षित संरचनामा उत्पादित उपज प्राङ्गारिक कृषि उपज वर्गीकरण अनुसार कुनै एक वर्गको हुनु पर्नेछ र बिक्री गर्दा अनिवार्य रुपमा कृषक पहिचान चिन्ह सहित बेचबिखन गर्नु पर्नेछ ।<br>**खुल्ला जमिनमा प्राङ्गारिक उत्पादन**<br>• खुल्ला जमिनमा प्राङ्गारिक तरकारी उत्पादन कार्यक्रम गर्न एकल फर्म भए कम्तिमा १० रोपनी जमिन र सहकारी वा समूह मार्फत कम्तिमा ६० रोपनी जमिनमा खेती गर्नु पर्नेछ ।<br>• खुला जमिनमा उत्पादित उत्पादन अनिवार्य रुपमा प्राङ्गारिक कृषि उपज वर्गिकरण मध्ये कुनै एक वर्गको उत्पादन भएको हुनु पर्नेछ।<br>**बजारीकरण सहयोग कार्यक्रमः**<br>• यथास्थान बजार (On-farm Outlet) निर्माण सञ्चालन गर्न वजार निमार्ण सहकारी वा समूह वा फर्मले कम्तिमा २० जना प्राङ्गारिक कृषि उत्पादक कृषकसँग करारनामा गरेको हुनु पर्नेछ ।<br>• यसरी बनेका वा भाडामा लिएका बजार पूर्वाधारहरुमा उत्पादकको पहिचान झल्कने कृषक पहिचान चिन्हको लेवलिङ्ग र प्याकिङ्ग भएको प्राङ्गारिक कृषि उपज वर्गीकरण अनुसारको वर्गको कृषि उपजहरु मात्र बिक्री गर्नु पर्नेछ ।<br>**प्राङ्गारिक प्रमाणिकरणमा लाग्ने खर्चमा सहयोगः**<br>• मान्यता प्राप्त प्राङ्गारिक प्रमाणिकरण गर्ने निकाय, संस्था, विशेषज्ञबाट प्राङ्गारिक प्रमाणिकरणमा लाग्ने खर्च अनुदान उपलब्ध गराउन सकिनेछ ।<br>• प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि सम्बन्धित कार्यालयले स्थानीय तहको समन्वयमा जिल्लास्तर अनुदानग्राही छनोट समितिबाट कार्यक्रम सञ्चालन गर्ने क्लस्टर छनोट गर्नु पर्नेछ ।<br>• प्राङ्गारिक प्रमाणिकरणमा सहयोगको कार्य सम्बन्धित कार्यालयले व्यवस्थापन गर्नु पर्नेछ । | |
| २१ | **बेरोजगार कृषि प्राविधिकलाई व्यावसायिक कृषि उद्यम विकासका लागि प्रस्तावनामा आधारित** | कृषि विषयमा कम्तिमा प्राविधिक एस.एल.सि. वा मान्यता प्राप्त शिक्षण संस्थाहरु बाट कृषि विषय अध्ययन गरि बेरोजगार युवा युवतीहरु देहाय अनुसार यस कार्यक्रममा सहभागी हुन सक्नेछन्।<br>**व्यावसायिक तरकारी उत्पादन कार्यक्रमः**<br>हिमाली तथा पहाडी क्षेत्रमा कम्तिमा ५ रोपनी क्षेत्रफलमा | प्राविधिक मापदण्डमा उल्लेखित व्यावसाय सञ्चालन र प्रवर्द्धन गर्न आवश्यक व्यवस्थापन, सिंचाइ पूर्वाधार निर्माण, यान्त्रिकरण, आदिमा अधिकतम ७५% सम्म सहयोग उपलब्ध |

सचिव

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | व्यावसायिक कृषि कार्यक्रम | तरकारी खेती वा कम्तिमा [illegible] पा सिंचाइ सहितको प्लाष्टिक घर निर्माण गर्नु [illegible] क्षेत्रमा कम्तिमा १० कट्ठा क्षेत्रफलमा व्यावसायिक रुपमा तरकारी खेती गर्नु पर्नेछ । तरकारी खेती गर्दा नविनतम प्रविधिलाई नमूनाको रुपमा उच्चतम प्रयोग गर्नु पर्नेछ ।<br>**व्यावसायिक च्याउ उत्पादन कार्यक्रमः**<br>कन्ये च्याउ तथा Milky white च्याउको हकमा कम्तिमा २ वटा (१४×२२ फिट) टहरामा च्याउ खेती गर्नु पर्नेछ । सिताके च्याउ ३-८ ईन्च व्यास भएको १ मी. लम्बाई भएको कम्तिमा ७५ वटा मुढामा खेती गर्नु पर्नेछ । गोब्रे च्याउ २००० के.जी. को कम्पोष्ट तयार तथा प्रयोग भएको हुनुपर्ने र २ वटा (१४×२२ फिट) लम्बाईको टहरामा च्याउ खेती गर्नु पर्नेछ ।<br>**व्यावसायिक मौरी पालन कार्यक्रमः**<br>कम्तिमा २० वटा नयाँ घारमा मौरी पालन गर्नु पर्नेछ ।<br>**व्यावसायिक फलफुल उत्पादन कार्यक्रमः**<br>• उच्च पहाडमा कम्तिमा २ रोपनी, पहाडमा ३ रोपनी र तराइमा ५ कट्ठामा फलफूल बगैचा स्थापना गर्नु पर्नेछ ।<br>• फलफुल नर्सरीको हकमा कम्तिमा १५० वर्ग मिटरको स्क्रिन हाउस निर्माण गर्नु पर्नेछ । | गराउन सकिनेछ । |
| २२ | महिला, दलित, विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम | • महिला दलित विपन्न तथा पिछडिएको समुदायका कृषकहरुलाई कृषि प्रविधि तथा कृषि सामाग्री प्रदान गरी कृषि व्यवसाय उन्मुख बनाई आयमूलक क्षमता अभिवृद्धि गर्दै जीवनस्तर सुधारका लागि सञ्चालन गरिएको हुनु पर्नेछ ।<br>• प्रविधि प्रसार र आवश्यक स्थलगत तालिमको व्यवस्थापन सम्बन्धित कार्यालयले गर्नु पर्नेछ । | • उत्पादन सामाग्री सहयोग (बिउ, बेर्ना, प्राङ्गारिक मल, विषादी, सूक्ष्म तथा झोल मल र कृषि चून लगायत) कृषि औजार उपकरण खरिद, साना सिंचाइ पूर्वाधारहरु (भूमिगत सिंचाई, पाईप, कुलो निर्माण, नविनतम प्रविधिमा आधारित सिंचाइ व्यवस्थापन र बजारिकरणमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २३ | मागमा आधारित कार्यक्रम | • हालसम्म कुनै पनि कृषि तथा पशुपन्छी विकास कार्यक्रमबाट लाभ लिन नसकेका कृषक/ कृषक समूह/ कृषि फर्म/ कृषि उद्यमीहरुले सञ्चालन गरि रहेको व्यवसायलाई व्यावसायिक र दिगोरुपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार विकास, नवीन प्रविधिमा | • संचालित व्यवसायलाई व्यावसायिक र दिगोरुपमा सञ्चालन गर्न आवश्यक पूर्वाधार विकास, नवीन प्रविधिमा आधारित उत्पादन |

सचिव

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | आधारित उत्पादन सामाग्री खरिद, उत्पादित वस्तको मूल्य अभिवृद्धि र बजारिकरण आदि विषयहरु समेटेको हुनु पर्नेछ । | सामाग्री खरिद, साना यन्त्र औजार उपकरण खरिद, उत्पादित वस्तुको मूल्य अभिवृद्धि र बजारिकरण सम्बद्ध कार्यका लागि अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २४ | कृषि यान्त्रिकरणमा अनुदान | **अनुदान प्राप्त गर्न सक्ने साझेदारहरु:**<br>(क) व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्तरुपमा एकभन्दा बढी मिलेर आउन सक्ने)<br>(ख) संस्थागत उपभोक्ता (कृषि सहकारी, कृषक समूह, निजी फर्म)<br>**व्यक्तिगत वा कृषक उपभोक्ता (एक वा संयुक्तरुपमा एक भन्दा बढी मिलेर आउनेको लागि:**<br>• जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी वा लिजमा लिएको कागजात । (खाद्यान्न बाली, तरकारी बाली, आलु बाली, फलफुल बाली आदिः तराईका लागि ४५ कट्ठा , पहाडका लागि १० रोपनी, हिमालका लागि ५ रोपनी जग्गा हुनु पर्नेछ)<br>• आफ्नो नाममा जग्गा नभई आफ्नै एकाघरको परिवारका नाममा जग्गा भएमा नाता खुल्ने कागजात र सम्बन्धित जग्गाधनीको मन्जुरीनामा पेश गर्नु पर्नेछ ।<br>• आफूले कमाई आएको जग्गा (गुठी स्वामित्वको वा आफू मोही भएको समेत) वा करारमा लिएको भए कम्तिमा ५ वर्ष सम्झौता अवधि बाँकी रहेको प्रमाण सहित पेश गर्नु पर्नेछ ।<br>**संस्थागत उपभोक्ताको लागि (कृषि सहकारी, कृषक समूह, निजी फर्म):**<br>• संस्थाको निर्णय प्रतिलिपि तथा जिम्मेवार दिई खटाउने पदाधिकारीलाई दिएको अख्तियारी पत्र<br>• जग्गाधनी प्रमाण पत्रको प्रतिलिपी (खाद्यान्न बाली, तरकारी बाली, आलु बाली, फलफुल बाली आदिः तराईका लागि १२० कट्ठा, पहाडका लागि ३० रोपनी, हिमालका लागि १० रोपनी)<br>• संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए कम्तिमा १० वर्ष सम्झौता अवधि बाँकी रहेको कागजात | • पावर टिलर सहितको कल्टिभेटरमा अधिकतम ५०% सम्म र अन्य सबै एटाचमेन्ट लगायत मेसिनरी यन्त्र उपकरणहरुमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ ।धान रोप्ने मेसिनको हकमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २५ | साझेदारीमा कृषि तथा पशुपन्छी | **आवश्यक न्यूनतम शर्तहरुः**<br>• कोल्ड स्टोर, साना शित गृह, कोल्ड रुम, मत्स्य | साझेदारी कार्यक्रम अन्तर्गत देहायका कार्यकहरु सञ्चालन गर्न |

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | पूर्वाधार विकास | भण्डारणका लागि आईस प्लान्ट निर्माण, मासु चिस्यान घर तथा कोल्ड च्याम्बरहरु निर्माणका लागि तत् तत् यन्त्रको हर्ष पावर क्षमता अनुसार उपयुक्त क्षमताको निरन्तर विद्युत आपूर्तिको सुनिश्चितता हुनु पर्नेछ । विद्युत आपूर्ति बन्द हुने समयमा बैकल्पिक विद्युत आपूर्तिका लागि जेनेरेटरको समेत व्यवस्था गरेको हुनु पर्नेछ ।<br>• विद्युतवाट सञ्चालन हुने अन्य पूर्वाधार तथा मूल्य अभिवृद्धि सम्बद्ध क्रियाकलापहरुको हकमा आवेदन दिंदाको बखतमा नै विद्युत आपूर्तिको सुनिश्चितता गरिएको हुनु पर्नेछ ।<br>• अनुदान रकमवाट संरचना निर्माण तथा यन्त्र उपकरण खरिद बाहेक जग्गा विकास, बाटो निर्माण सम्बद्ध खर्च अनुदानग्राही स्वयंले बेहोर्नु पर्नेछ ।<br>• प्रशोधन तथा भण्डारण सम्बद्ध पूर्वधार निर्माण तथा प्रशोधन गरी उत्पादित सामाग्री र खाद्य पदार्थहरु नेपाल सरकारले तोकेको गुणस्तर अनुसारको हुनु पर्नेछ ।<br>• फलफुल बालीको माउ बोट संरक्षण र स्वस्थ विरुवा उत्पादन गर्न नर्सरी प्रयोजनको लागि सुविधा सम्पन्न संरचना/स्किन हाउस निर्माण गर्न प्राविधिक दृष्टिकोणले उपयुक्त जमिनको स्वामित्व खुलेको कागजात संलग्न राख्नु पर्नेछ । | सकिने छ ।<br>• कोल्ड स्टोर, साना सित गृह, कोल्ड रुम, कुलवोट, मत्स्य भण्डारणका लागि आईस प्लान्ट निर्माण, मासु चिस्यान घर तथा कोल्ड च्याम्बरहरु निर्माण ।<br>• खाद्यान्न भण्डार गृह निर्माण ।<br>• प्राङ्गारीक मल उत्पादन पूर्वाधार निर्माण ।<br>• जैविक विषादी उत्पादन पूर्वाधार निर्माण ।<br>• चैते धान तथा हिंउदे मकै सुकाउने ड्रायर जडान<br>• कृषि तथा पशुपन्क्षीजन्य वस्तु भण्डारण वायर हाउस निर्माण<br>• कृषि तथा पशुपन्छी बजार पूर्वाधारहरुको निर्माण<br>• निर्यातजन्य बालीहरुको मूल्य अभिवृद्धि, ब्रान्डिङ्ग तथा प्राङ्गारीक प्रमाणीकरणमा<br>• दूध र दूधजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, मेशिन उपकरण, औजार र दुग्ध ढुवानी सवारी साधन खरिद गर्न ।<br>• मासु तथा अण्डाजन्य पदार्थ उत्पादन, विविधिकरण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, मेशिन |

सचिव

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | | उपकरण, औजार र मासु तथा जिवित पशुपन्छी ढुवानी साधन खरिद गर्ने<br>• ऊन, पश्मिना उत्पादन, विविधिकरण, प्रशोधन र भण्डारण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, उपकरण, औजार खरिद गर्ने<br>• छाला र छालाबाट निर्मित वस्तुहरुको उत्पादन, बजारीकरण र भण्डारण र आवश्क पर्ने भौतिक पूर्वाधार विकास र उपकरण, औजार खरिद गर्ने<br>• अन्य कृषि तथा पशुपन्छी विकास तथा कृषि तथा पशुपन्छीजन्य उपजको मूल्य अभिबृद्धि सम्बन्धी पूर्वाधारहरु निर्माण तथा सम्बद्ध यन्त्र उपकरण खरिद गरी गरिने स्टार्ट अप परियोजना सञ्चालन ।<br>• नर्सरी प्रयोजनको लागि सुविधा सम्पन्न संरचना/स्क्रिन हाउस निर्माण ।<br>• रैथाने बालीको प्रशोधन र बजारिकरणका लागि पूर्वाधार निर्माण र यान्त्रिकरण ।<br>उल्लेखित कार्यहरु मध्ये ढुवानी साधनमा अधिकतम ५०% सम्म र अन्य कार्यका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २६ | **लसुन तथा प्याज** | • लसुन तथा प्याज उत्पादन प्रवर्द्धन कार्यक्रम सञ्चालनका | • उन्नत जातको बिउ खरिद, |

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | उत्पादन प्रवर्द्धन | लागि न्युनतम ३ हेक्टर क्षेत्रफल भएको क्लस्टरमा सञ्चालन गर्नु पर्नेछ ।<br>• क्लस्टर छनोट सम्भाव्य स्थानीय तहको समन्वयमा जिल्लास्तर अनुदान छनोट समितिबाट गर्नु पर्नेछ । | सिंचाइ व्यवस्थापन, जैविक/प्राङ्गारिङ्क मल, साना कृषि यन्त्र उपकरण , मल्चिङ्ग व्यवस्थापन र भण्डारण आदिको लागतमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २७ | सघन बाली विकास कार्यक्रम | • कृषि सहकारी संस्था / कृषक समूह/कृषक/ निजी उद्यमी/फर्म / जल उपभोक्ता समिति यसमा सहभागी हुन सक्ने छन ।<br>• खाद्यान्न बालीको कम्तिमा तराईमा ५० हेक्टर र पहाडमा ३० हेक्टरको क्षेत्रफल<br>• खाद्यान्न बालीको बिउ प्रतिस्थापन दर कम तर उत्पादनको पर्याप्त सम्भावना भएका क्षेत्रहरु ।<br>• व्यावसायिक उत्पादनको सम्भावना भएका स्थानीय क्षेत्रहरु र प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको सम्बन्धित बालीको सुपरजोन, जोन, ब्लक र पकेट विकास कार्यक्रम, सञ्चालन नभएको क्षेत्र हुनुपर्नेछ ।<br>• सम्वन्धित कार्यालयले क्लस्टरमा तराई तथा भित्री मधेशमा १५ कट्ठा र पहाड तथा हिमाली जिल्लामा ५ रोपनी मा सहभागितात्मक व्यावसायिक उत्पादन प्रविधि प्रदर्शन तथा स्थलगत तालिम सञ्चालन गर्नु पर्नेछ ।<br>• सम्बन्धित कार्यालयले प्रयोगशालाहरुको समन्वयमा क्लस्टर क्षेत्रमा एकिकृत माटो, बिउ र बाली संरक्षण सेवा उपलव्ध गराउन स्थलगत प्रयोगशाला सेवा सञ्चालन गर्नु पर्नेछ ।<br>• यो कार्यक्रम सञ्चालन गर्ने क्लस्टर भित्र रहेका कृषक समूह, सहकारी, जल उपभोक्ता समिति, स्थानीय तह आदिको सहभागितामा क्लस्टर सञ्चालक समिति वनाई कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । | • कृषि यान्त्रिकरणका लागि Custom Hiring Center स्थापना, साना सिंचाइ निर्माण तथा मर्मत सम्भार सहयोग, उन्नत तथा हाईब्रिड बिउ विजन, जैविक विषादीहरु, कृषि चुन तथा सुक्ष्म तत्व लगायतका उत्पादन सामाग्री खरिदमा अधिकतम ७५% सम्म अनुदान उपलव्ध गराउन सकिनेछ । |
| २८ | कोल्ड रुम निर्माण | • आफ्नै स्वामित्वको कम्तिमा २ रोपनी वा तीन कट्ठा जग्गा चाहिने, न्यूनतम ५० मे. टन क्षमताको हुनु पर्ने, तीन फेजको विद्युत लाईन, ५० के.भी.ए. क्षमताको जेनेरेटर हुनु पर्नेछ ।<br>• अनुदान रकमवाट संरचना निर्माण तथा चिस्यान सम्बद्ध यन्त्र खरिद बाहेक जग्गा विकास, वाटो निर्माण सम्बद्ध | • कोल्ड रुम निर्माण सम्बद्ध संरचना निर्माणमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

सचिव

| क.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | खर्च अनुदानग्राही स्वयंले बेहोर्नुपर्नेछ ।<br>• प्रस्तावकले निर्माण गरिने कोल्ड स्टोरमा कुन कुन बालीहरु वस्तुहरु भण्डारण गर्ने, उक्त बाली वस्तु कहाँवाट खरिद गर्ने, कति परिमाणमा भण्डारण गर्ने, कति आय र व्यय हुने, अन्य किसान व्यापारीको सामान भण्डारण गरी भाडामा राखिदिने भए प्रति ईकाई भाडा सहित खुलेको छुट्टै तीन वर्ष व्यावसायिक योजना खुलेको विस्तृत प्रतिवेद्न निवेदन र प्रस्ताव साथ अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । | |
| २९ | कुल वोट निर्माण | • निर्माण गर्ने स्थानमा निरन्तर तीन फेजको विद्युत लाईन सुविधा भएको तथा ३० केभीएको जेनेरेटर सुविधा भएको हुनु पर्नेछ ।<br>• कोल्ड वोट निर्माणका लागि आवश्यक बन्द कोठाको व्यवस्था अनुदानग्राही आफैले गर्नु पर्नेछ । | • कूल वोट निर्माण सम्बद्ध यन्त्र उपकरण खरिदमा अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिने छ । |
| ३० | कोल्ड स्टोर निर्माण | • आफ्नै स्वामित्वको कम्तिमा १ विगाहा जग्गा चाहिने, न्यूनतम ५०० मेटन क्षमताको हुनुपर्ने, तीन फेजको विद्युत लाईन, ३०० केभीएको जेनेरेटर, हयुमिडिफायर सहितको कोल्ड चेम्बरहरु हुनु पर्नेछ ।<br>• अनुदान रकमवाट संरचना निर्माण तथा यन्त्र उपकरण खरिद बाहेक जग्गा विकास, वाटो निर्माण सम्बद्ध खर्च अनुदानग्राही स्वयंले बेहोर्नु पर्नेछ ।<br>• प्रस्तावकले निर्माण गरिने कोल्ड स्टोरमा कुन कुन बालीहरु वस्तुहरु भण्डारण गर्ने, उक्त बाली वस्तु कहाँबाट खरिद गर्ने, कति परिमाणमा भण्डारण गर्ने, कति आय र व्यय हुने, अन्य किसान व्यापारीको सामान भण्डारण गरी भाडामा राखिदिने भए प्रति इकाई भाडा सहित खुलेको छुट्टै ५ वर्ष व्यावसायिक योजना खुलेको विस्तृत प्रतिवेदन निवेदन र प्रस्ताव साथ अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । | • कोल्ड स्टोर निर्माण सम्बद्ध संरचना निर्माणमा अधिकतम ५०% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ३१ | कृषि उपज ढुवानी साधन खरिद | • विभिन्न प्रकारका कृषि उपजहरुको ढुवानीका लागि ढुवानी साधन खरिदका लागि मासिक कम्तीमा ८ हजार के.जी. कृषि उपजको कारोवार गर्ने हुनु पर्नेछ ।<br>• कृषि उपज तथा कृषि उत्पादन सामाग्री बाहेक अन्य वस्तुहरु ढुवानी गर्ने पाईने छैन ।<br>• साना ३ पाङ्ग्रे ढुवानी साधन खरिदका लागि मासिक २००० के.जी. कृषि उपजको कारोवार गर्ने हुनु पर्नेछ । | • कुल लागतको अधिकतम ५०% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ३२ | नर्सरी स्थापना | • नर्सरी स्थापनाको लागि तराइमा कम्तिमा तीन कठ्ठा र | • श्रोत वीउ, वेर्ना, माउ |

| क्र.सं. | कार्यक्रमको नाम | आवश्यक न्यूनतम प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | सहयोग कार्यक्रम | मध्ये पहाड/उच्च पहाडमा कम्तिमा ४ रोपनी जगगाको व्यवस्था हुनु पर्नेछ । <br>• वार्षिक रुपमा कम्तिमा १०,००० विजु, ग्राफ्टिङ्ग फलफुलका विरुवा उत्पादन गर्न सक्ने क्षमता भएको संरचनाको निर्माण गर्नु पर्नेछ । <br>• कम्तिमा १० वटा माउ बोट अटाउने क्षमता भएको स्क्रीन हाउस वा सेड हाउस वा नेट हाउस निर्माण गर्नु पर्नेछ । | वोट/बिरुवा, नर्सरी जाली, नर्सरी व्यवस्थापनसँग सम्बन्धित अन्य सामाग्रीहरु तथा साना यन्त्र उपकरणहरु र नर्सरीमा सिंचाइ व्यवस्थापन कार्यका लागि अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

**परिच्छेद-३**

**पशुपन्छी तथा मत्स्य सेवा तर्फका कार्यक्रमहरुको मापदण्ड**

४. पशुपन्छी तथा मत्स्य सेवा तर्फका कार्यक्रमहरुको मापदण्ड देहाय बमोजिम हुनेछ ।

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| १ | **व्यावसायिक दुध उत्पादन तथा दुग्ध व्यवसाय प्रवर्द्धनसंग सम्बन्धित कार्यक्रमहरु** | | |
| १.१ | **व्यावसायिक गाई/भैंसी पालनमा पूर्वाधार निर्माण तथा यान्त्रिकरण सहयोग** | • **साना व्यावसायिक गाई/भैंसी पालन फार्मः** ५-१० वटा सम्म उन्नत दुधालु गाई/भैंसी पालन गरी कम्तिमा दैनिक ३० लिटर दूध उत्पादन गरेको हुनु पर्छ । <br>• **मझौला व्यावसायिक गाई/भैंसी पालन फार्मः** ११-३० वटासम्म उन्नत दुधालु गाई/भैंसी पालन गरी कम्तिमा दैनिक ७० लिटर दूध उत्पादन गरेको हुनु पर्नेछ । <br>• **ठूला व्यावसायिक गाई/भैंसीपालन फार्मः** ३१ भन्दा बढि उन्नत दुधालु गाई/भैंसी पालन गरी कम्तिमा दैनिक २०० लिटर दूध उत्पादन गरेको हुनु पर्नेछ। | • जैविक सुरक्षा, साइलोपिट निर्माण, मिल्किङ्ग पार्लर निर्माण, घाँस खेतीका लागि सिंचाइ सम्बन्धी कार्यहरु, पशु प्रजनन, पशु आहारा तथा अन्य व्यवस्थापकीय कार्यमा सहयोग पुग्ने मेशिनरी औजारहरु जस्तै कृत्रिम गर्भाधान उपकरण, ग्राईण्डर मेशिन, च्याफकटर, मल्टिफन्क्सन च्याफकटर, हार्भेष्टर, वेलर मेशिन, काउ म्याट, मिल्किङ्ग मेशिन जडान, मिल्क पार्लर मेशिन, मिल्क क्यान, व्हील ब्यारो आदि खरिद। <br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १.२ | **दुध उत्पादन, प्रशोधन पूर्वाधार निर्माणमा सहयोग** | • व्यावसायिक गाई/भैंसी फार्महरुको हकमा कम्तिमा १० वटा उन्नत माउ गाई/भैंसी पालन गरी कम्तिमा दैनिक ५० लिटर उत्पादन गरेको हुनु पर्नेछ । <br>• डेरी उद्योगहरुको हकमा दैनिक २०० लिटर संकलन गरी दुध तथा दुग्धजन्य पदार्थहरुको कारोवार गरेको हुनु पर्नेछ | • व्यावसायिक गाई/भैंसी फार्महरुसंग सम्बन्धित पूर्वाधार निर्माण तथा यान्त्रिकरणका लागि मेशिन उपकरणहरु खरिद, दुध तथा दुग्धजन्य उद्योगहरुको पूर्वाधार निर्माण, दुग्धजन्य पदार्थहरु प्रयोजन हुने मेशिन उपकरणहरु तथा दुध |

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | । | तथा दुग्धजन्य पदार्थ ढुवानी साधन खरिद, धुलो दुध कारखाना निमार्णमा पूर्वधारमा सहयोग तथा मेशिनरी उपकरण खरिद ।<br>• उल्लेखित कार्यहरु मध्ये ढुवानी साधनमा ५०% सम्म र अन्य कार्यका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १.३ | **व्यावसायिक भैंसीपालन प्रवर्द्धन** | • कम्तिमा ५० जना कृषकहरु आवद्ध भई प्रति कृषक २ वटा उन्नत भैंसी पालन गरी दैनिक ५-१० लिटर दुध संकलन गरेको हुनु पर्नेछ ।<br>• कार्यक्रम आवद्ध कृषकहरुले पालेका भैंसीहरुको बीमा गर्नु पर्नेछ । | • नयाँ गोठ निर्माण, पुरानो गोठ मर्मत सुधार, भैंसी खरिद तथा ढुवानी, दुध संकलन केन्द्र स्थापनाका लागि आवश्यक पर्ने पूर्वधार निर्माण र मेशिन उपकरणहरु तथा दुध ढुवानी साधन खरिद, डेरी उद्योग सञ्चालन सम्बन्धी पूर्वाधार निर्माण तथा मेशिन उपकरणहरु खरिद, पशु स्वास्थ्य तथा प्रयोगशाला यन्त्र उपकरण खरिद, कृत्रिम गर्भाधान सम्बन्धी यन्त्र उपकरणहरु खरिद, कृत्रिम गर्भाधान सम्बन्धी सामाग्रीहरु, साईलेज सम्बन्धी पूर्वाधार निर्माण तथा यान्त्रिकरण, कार्यक्रमसँग सम्बन्धित आवश्यकता अनुसार अन्य पूर्वाधार निर्माण तथा मेशिन उपकरणहरु खरिद।<br>• उल्लेखित कार्यहरु मध्ये ढुवानी साधन खरिदमा अधिकतम ५०% सम्म र अन्य कार्यका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १.४ | **गाई/भैंसी श्रोत विकास कार्यक्रम** | • श्रोत केन्द्र सञ्चालनमा आवद्ध हुने कृषकहरु सँग शुरुवातमा कम्तिमा गाईको हकमा १०० वटा उन्नत नश्लका माउ गाई वा भैंसीको हकमा ५० वटा उन्नत नश्लका भैंसी पालन गरी दुध उत्पादन गरेको हुनु पर्नेछ ।<br>• श्रोत केन्द्र स्थापना पश्चात कम्तिमा दैनिक १००० लिटर दुध संगठित बजारमा ल्याउनु पर्नेछ । | • गोठ निर्माण/सुधार, उन्नत नश्लका गाई/भैंसी खरिद तथा ढुवानी, दुध संकलन केन्द्र स्थापनाका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण र मेशिन उपकरणहरु तथा दुध ढुवानी साधन खरिद, डेरी उद्योग सञ्चालन सम्बन्धी पूर्वाधार निर्माण तथा मेशिन उपकरणहरु खरिद, पशु स्वास्थ्य तथा प्रयोगशाला सम्बन्धी यन्त्र |

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | • कार्यक्रम सञ्चालन पश्चात अन्तिम वर्षमा कम्तिमा १०० जना कृषक आवद्ध भै प्रत्येक कृषकले उन्नत नश्लका गाईको हकमा कम्तिमा ५ वटा उन्नत माउ गाई वा भैंसीको हकमा दुई वटा माउ उन्नत भैंसी पालन गरी गाईको श्रोत केन्द्रमा २०० वटा दुधालु गाई र भैंसीको श्रोत केन्द्रमा १०० वटा दुधालु भैंसी पालन भएको हुनु पर्नेछ ।<br>• बाह्रै महिना हरियो घाँसपातको उपलब्धता वा साईलेजको व्यवस्था हुनु पर्नेछ ।<br>• श्रोत केन्द्रका राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ पशुहरुको छनोट र ट्यागिङ्ग गरी अभिलेख राख्नु पर्नेछ ।<br>• गाई/भैंसीहरुको बिमा गर्नु पर्नेछ ।<br>• प्राविधिक सेवा, आवश्यक तालिम, पशु स्वास्थ्य सेवा सम्बन्धित कार्यालयले उपलब्ध गराउनु पर्नेछ । | उपकरणहरु खरिद, कृत्रिम गर्भाधान सम्बन्धी यन्त्र उपकरणहरु खरिद, कृत्रिम गर्भाधान सम्बन्धी सामाग्रीहरु खरिद, साईलेज सम्बन्धी पूर्वाधार निर्माण तथा यान्त्रिकरण, ट्याँग तथा ट्याग मेशिन खरिद, कार्यक्रमसँग सम्बन्धी अन्य पूर्वाधार निर्माण तथा मेशिन, यन्त्र, उपकरण खरिद।<br>• उल्लेखित कार्यहरु मध्ये ढुवानी साधनमा अधिकतम ५०% सम्म र अन्य कार्यका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १.५ | **मिल्किङ्ग मेशिन सहयोग** | • कम्तिमा १० वटा उन्नत दुध दिने माउ गाई/भैंसीहरु पालन गरि कम्तिमा दैनिक ५० लिटर दुध उत्पादन गरी बिक्री गरेको हुनु पर्नेछ ।<br>• विद्युत लाइन जडानको सुविधा भएको हुनु पर्नेछ । | • मिल्किङ्ग मेशिन खरिद तथा जडान गर्न कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| १.६ | **मिल्किङ्ग पार्लर स्थापना** | • कम्तिमा ५० वटा उन्नत दुध दिने गाईहरु पालन गरि दैनिक कम्तिमा ३०० लिटर दुध उत्पादन गरी बिक्री गरेको हुनु पर्नेछ ।<br>• थ्री फेज विद्युत लाइन जडानको सुविधा भएको हुनु पर्नेछ । | • मिल्किङ्ग पार्लर मेशिन खरिद तथा जडान, मिल्किङ्ग पार्लर पूर्वाधार निर्माण आदि।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २ | **मासु/फुल उत्पादन तथा मासु/फुलजन्य व्यावसायिक प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम** | | |
| २.१ | **बाखा श्रोत केन्द्र स्थापना** | • श्रोत केन्द्र सञ्चालन पूर्व कम्तिमा ५० जना कृषकहरु बाखा पालनमा आवद्ध भै प्रत्येक कृषकले कम्तिमा १० वटा प्रजनन योग्य माउ बाखा पालन गरेको हुनु पर्नेछ ।<br>• बाखा पालन गर्न उपयुक्त क्षेत्र भएको हुनु पर्नेछ । | • खोर निर्माण/सुधार, डिपिङ्ग ट्याङ्क निर्माण, खसीबोका संकलन केन्द्र निर्माण, प्रजनन योग्य माउ बाखा र ब्याडको बोका खरिद एवं ढुवानी, बाखाको कृत्रिम गर्भाधान उपकरण तथा सिमेन खरिद, व्यावसायिक बाखा फार्ममा आवश्यक पर्ने मेशिन |

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक आधारहरू | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | • श्रोत केन्द्र स्थापना भएपश्चात वार्षिक कम्तिमा ५०० वटा प्रजनन योग्य बाखाको बेचबिखन भएको हुनु पर्नेछ ।<br>• श्रोत केन्द्रका राम्रो गुणस्तर तथा उत्पादन क्षमता भएका स्वस्थ पशुहरुको छनोट र ट्यागिङ्ग गरी अभिलेख राख्नु पर्नेछ ।<br>• घाँस तथा साईलेजको व्यवस्थापन गरेको हुनु पर्नेछ।<br>• श्रोत केन्द्रमा आवद्ध कृषकहरुलाई बाखाको बीमा गर्न प्रोत्साहन गर्नु पर्नेछ । | औजार/उपकरण खरिद, बर्डिजो मेशिन खरिद, साईलेज सम्बन्धी पूर्वाधार निर्माण तथा यान्त्रिकरण खरिद, मोटर सहितको च्याफकटर खरिद, कार्यक्रमसँग सम्बन्धी पूर्वाधार तथा यन्त्र उपकरण खरिद आदि ।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २.२ | **व्यावसायिक बाखा पालनमा पूर्वाधार निर्माण तथा यान्त्रिकरण सहयोग** | • **साना व्यावसायिक बाखा पालन फार्मः** २०-३० वटासम्म माउ बाखा गरेको हुनु पर्छ ।<br>• **मझौला व्यावसायिक बाखा पालन फार्मः** ३१-५० वटासम्म माउ बाखा पालन गरेको हुनु पर्नेछ ।<br>• **ठूला व्यावसायिक बाखा पालन फार्मः** ५० भन्दा बढि माउ बाखा पालन गरेको हुनु पर्नेछ । | • बाखाको खोर निर्माण/सुधार, फार्मको जैविक सुरक्षा व्यवस्थापन सम्बन्धी कार्य, डिपिङ्ग ट्याङ्क निर्माण, साइलेज सम्बन्धी पुर्वाधार तथा यान्त्रिकरण खरिद, फार्म व्यवस्थापनमा आवश्यक औजार उपकरण खरिद आदि ।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २.३ | **व्यावसायिक बंगुर पालनमा पूर्वाधार निर्माण तथा यान्त्रिकरण सहयोग** | **ब्रिडर फार्मः**<br>• **साना व्यावसायिक बंगुर पालन फार्मः** पाठापाठी उत्पादन गरी बेचबिखन गर्ने प्रयोजनले ५-२० वटा सम्म उन्नत माउ बंगुर पालन गरेको हुनु पर्नेछ ।<br>• **मझौला व्यावसायिक बंगुर पालन फार्मः** पाठापाठी उत्पादन गरी बेचबिखन गर्ने प्रयोजनले २१-५० वटा सम्म उन्नत माउ बंगुर पालन गरेको हुनु पर्नेछ ।<br>• **ठूला व्यावसायिक बंगुर पालन फार्मः** पाठापाठी उत्पादन गरी बेचबिखन गर्ने प्रयोजनले ५१ वटा भन्दा बढी उन्नत माउ बंगुर पालन गरेको हुनु पर्नेछ।<br>**फ्याटनर फार्मः**<br>• **साना व्यावसायिक बंगुर पालन फार्मः** मासु उत्पादन गर्ने प्रयोजनले १०-३० वटासम्म मासुको लागि बंगुर पालन गरेको हुनु पर्नेछ । | • बंगुरको खोर निर्माण/सुधार, दाना बनाउने मेशिन खरिद र जडान, बंगुर फार्मको बारबन्देज र जैविक सुरक्षाको प्रबन्ध, बंगुर फार्ममा आवश्यक पर्ने औजार/उपकरण खरिद, बंगुर फार्ममा बायोग्याँस निर्माण तथा फोहर व्यवस्थापन, बंगुर फार्ममा खानेपानीको व्यवस्था, पानि तान्ने मोटर जडान, नमासिने प्रकृतिका सरसफाईका सामाग्रीहरु खरिद, बंगुर ढुवानीको लागि सवारी साधन खरिद, बंगुरको मासु उत्पादन, विविधिकरण र बजारिकरणका लागि आवश्यक पर्ने भौतिक पूर्वाधार विकास, औजार/उपकरण खरिद र जडान, बंगुरको कृत्रिम गर्भाधान केन्द्र स्थापनाका लागि पूर्वाधार तथा मेशिन उपकरणहरु खरिद, बंगुर फ्रोजेन |

सचिव

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | • **मझौला व्यावसायिक बंगुर पालन फार्मः** मासु उत्पादन गर्ने प्रयोजनले २१-१०० वटासम्म मासुको लागि बंगुर पालन गरेको हुनु पर्नेछ ।<br>• **ठूला व्यावसायिक बंगुर पालन फार्मः** मासु उत्पादन गर्ने प्रयोजनले १०० भन्दा बढी मासुको लागि बंगुर पालन गरेको हुनु पर्नेछ । | सिमेन तथा कृत्रिम गर्भाधान उपकरणहरु खरिद आदि।<br>• उल्लेखित कार्यहरु मध्ये ढुवानी साधनमा अधिकतम ५०% सम्म र अन्य कार्यका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २.४ | **ग्रामिण कुखुराको ह्याचरी स्थापनामा सहयोग** | • यस कार्यक्रममा सहभागी हुन चाहने प्रस्तावकले कम्तिमा महिनामा १००० चल्लाहरु ह्याचिङ्ग गरी बेच बिखन गरिरहेको हुनु पर्नेछ ।<br>• लोकल तथा ड्युल प्रपोजका माउ पोथीहरु कम्तिमा ५०० वटा पालन गरेको हुनु पर्नेछ ।<br>• Parent stock / Hatchery छुट्टाछुट्टै स्थापना गरेको हुनु पर्नेछ ।<br>• ह्याचरी स्थापना गर्ने स्थानमा सडक र थ्री फ्रेज विद्युत लाइन जडानको सुविधा भएको हुनु पर्नेछ । | • ह्याचर तथा सेटर मेशिन खरिद तथा ढुवानी, विजुलीको वैकल्पिक व्यवस्थाको लागि जेनेटर खरिद गर्न कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| २.५ | **व्यावसायिक कुखुरा फार्महरुलाई जैविक सुरक्षा, यान्त्रिकरण तथा खोर सुधारमा सहयोग** | • ब्रोइलर कुखुरा फार्मले कम्तिमा १००० वटा ब्रोइलर कुखुरा पालन गरी व्यवसाय गरेको हुनु पर्नेछ ।<br>• लेयर्स कुखुरा फार्मले कम्तिमा २००० वटा लेयर्स कुखुराहरु पालन गरेको हुनु पर्नेछ ।<br>• लोकल कुखुरा फार्म कम्तिमा ५०० वटा लोकल कुखुरा/ड्युल प्रपोज जातका कुखुराहरु पालन गरेको हुनु पर्नेछ । | • कुखुरा खोर निर्माण/सुधार, कुखुरा फार्महरुलाई जैविक सुरक्षाको व्यवस्थापन, कुखुरा फार्ममा आवश्यक पर्ने मेशिन उपकरण र यान्त्रिकरण, कुखुराको चल्ला, दाना, अण्डा, जिउँदो कुखुरा मासुको लागि ढुवानी गर्न ढुवानी साधन खरिद आदि।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ३ | **पशु आहारा उत्पादन तथा आहारा व्यवसाय प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम** | | |
| ३.१ | **साईलेज सम्बन्धी पूर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिदमा सहयोग** | • बाखा पालन व्यवसायको हकमा माउ बाखा/खसीबोका/पाठापाठी गरी जम्मा १०० वटा बाखा पालन गरेको हुनु पर्नेछ ।<br>• गाई/भैसी व्यवसायको हकमा दुध दिने १० वटा उन्नत माउ गाई/भैसीहरु पालन गरेको हुनु पर्नेछ ।<br>• साईलेज उत्पादन गरी बिक्री वितरण गर्ने व्यवसायको हकमा कम्तिमा १० हेक्टर | • साइलो पिट निर्माण, साइलेज प्रयोजनको लागि च्याफकटर/मल्टी च्याफकटर खरिद, हार्भेष्टर खरिद<br>• साईलेज प्रयोजनको लागि मकै खेती गर्न ट्याक्टर तथा ट्रलि खरिद, कल्टिभेट तथा रोटाभेटर खरिद, साइलेज बनाउने मेशिन यन्त्र उपकरणहरु खरिद, साइलेज ढुवानीका लागि ढुवानी साधन खरिद, घाँस |

सचिव

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | जमिनमा मकै घाँस खेती गरिएको र सो सम्बन्धी पूर्वाधारहरु भएको हुनु पर्नेछ । | खेतीको लागि सिंचाइ व्यवस्थापन आदि।<br>• उल्लेखित कार्यहरु मध्ये ढुवानी साधन र ट्याक्टर खरिदमा अधिकतम ५०% सम्म र अन्य कार्यका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ३.२ | टि.एम.आर.मेशिन खरिद | • बाखा पालन व्यवसायको हकमा माउ बाखाहरु ५० वटा पालन गरेको हुनु पर्नेछ ।<br>• गाई/भैसी व्यवसायको हकमा दुध दिने २० वटा उन्नत माउ गाई/भैसी पालन गरेको हुनु पर्नेछ । | • टि.एम.आर.मेशिन खरिद गर्न कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ३.३ | साईलेज प्रयोजनको लागि च्याफ कटर खरिद | **<u>मोटर सहितको च्याफकटर खरिद</u>**<br>• बाखा पालन व्यवसायको हकमा १० वटा भन्दा बढी माउ बाखाहरु पालन गरेको हुनु पर्नेछ ।<br>• गाई/भैसी पालन व्यवसाय हकमा २ भन्दा बढी माउ गाई/भैसीहरु पालन गरेको हुनु पर्नेछ ।<br>• मासुको लागि पाडा पालन गर्ने व्यवसायको हकमा ५ वटा भन्दा बढी पाडाहरु पालन गरेको हुनु पर्नेछ ।<br>**<u>साइलेज प्रयोजनको च्याफकटर/मल्टी च्याफकटर तथा ग्रास हार्भेष्टर खरिद</u>**<br>• बाखा पालन व्यवसायको हकमा ५० वटा भन्दा बढी माउ बाखाहरु पालन गरेको हुनु पर्नेछ ।<br>• गाई/भैसी पालन व्यवसाय हकमा १० भन्दा बढी उन्न माउ गाई/भैसीहरु पालन गरेको हुनु पर्नेछ ।<br>• मासुको लागि पाडा पालन गर्ने व्यवसायको हकमा २० वटा भन्दा बढी पाडा पालन गरेको हुनु पर्नेछ । कृषकहरुलाई साइलेज प्रयोजनको च्याफकटर/मल्टी च्याफकटर तथा ग्रास हार्भेष्टर वितरण गरिनेछ । | • मोटर सहितको च्याफकटर खरिद, साइलेज प्रयोजनका लागि च्याफकटर, मल्टिफंक्सन च्याफकटर खरिद, साईलेज प्रयोजनको घाँस काट्नका लागि ग्रास हार्भेष्टर खरिद आदि ।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ३.४ | मोटर सहितको च्याफकटर वितरण | • बाखा पालन व्यवसायको हकमा १० वटा भन्दा बढी माउ बाखाहरु पालन गरेको हुनु पर्नेछ । | • मोटर सहितको च्याफकटर खरिद गर्न उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म |

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | • गाई/भैसी पालन व्यवसायको हकमा २ भन्दा बढी माउ गाई/भैसीहरु पालन गरेको हुनु पर्नेछ ।<br>• मासुको लागि पाडा पालन गर्ने व्यवसायको हकमा १० वटा पाडा भन्दा बढी पाडा पालन गरेको हुनु पर्नेछ । | अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ४ | **माछा उत्पादन तथा मत्स्य व्यवसाय प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम** | | |
| ४.१ | **वातावरण संरक्षण एवं पोषण सुधारका लागि करेसा पोखरी निर्माण** | • यो कार्यक्रम पहाडी क्षेत्रमा मात्र सञ्चालन गर्नुपर्नेछ ।<br>• पोखरीको जलाशय क्षेत्रफल प्रति व्यक्ति कम्तीमा १०० वर्ग मी. गरेको हुनु पर्नेछ ।<br>• पोखरीमा पानीको गहिराइ कम्तिमा १२० से.मी. गहिरो गरेको हुनु पर्नेछ ।<br>• यस कार्यक्रममा समूह/सहकारीमा आवद्ध कृषक सदस्यहरु मात्र समावेश हुन सक्ने छन् । | • पोखरी संरचना निर्माण र प्लाष्टिक पोखरी निर्माण गर्न कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ४.२ | **नश्ल सुधारका लागि उन्नत माउ माछा/Future brood खरिदमा अनुदान** | • शुद्ध नश्लको माउ माछा / **Future Brood** PIT (Passive Integrated Transponder) Tag लगाएको हुनुपर्दछ ।<br>• नेपाल सरकारले तोकेको मापदण्ड अनुसारको शुद्ध नश्लको हुनु पर्दछ।<br>• पहिचान चिन्ह PIT(Passive Integrated Transponder) Tag सहितका शुद्ध नश्लका भविष्यमा तयार हुने माउहरु सरकारी मत्स्य विकास केन्द्रहरुबाट वा नेपाल सरकारले सिफारिस गरेको श्रोत केन्द्रले उत्पादन गरेको हुनु पर्नेछ ।<br>• उन्नत माउ माछाहरु स्टक गर्नका लागि ह्याचरीकर्ताले छुट्टै व्यवस्थित माउ पोखरीको व्यवस्थापन गर्नु पर्नेछ ।<br>• माछाको बीमा गरेकालाई प्राथमिकता दिईनेछ । | • नश्ल सुधारका लागि उन्नत माउ माछा/Future brood खरिद तथा ढुवानी गर्न स्थानीय दर रेट अनुसार अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ४.३ | **मत्स्य बिज ढुवानी अनुदान** | • मत्स्य बिज ढुवानीमा पहाडी क्षेत्रमा मात्र कार्यक्रम सचालन गर्न सकिनेछ ।<br>• मत्स्य कृषकले Hatchling, Fry,र Fingerlings ढुवानीमा आवेदन दिन सक्ने।<br>• नेपाल सरकारले पालन प्रविधिका लागि | • मत्स्य वीज ढुवानी गर्न स्थानीय दर रेट अनुसार अधिकतम ७५% सम्म ढुवानी अनुदान उपलब्ध गराउन सकिनेछ । |

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | सिफारिस गरिएका मत्स्यका माछाहरु हुनुपर्दछ ।<br>• मत्स्य वीज खरिद गर्दा दर्ता भएका निजी मत्स्य फर्म/ह्याचरी/सरकारी फर्म वा श्रोत केन्द्रबाट उत्पादित भएको हुनु पर्नेछ। उक्त मत्स्य वीज नेपाल सरकारले सिफारिस गरेको जातको हुनु पर्नेछ । | |
| ४.४ | व्यावसायिक माछा पोखरी निर्माण तथा मर्मत सुधार एवं सुदृढीकरण | • तराईमा कम्तिमा छ कठ्ठा जलाशय क्षेत्रफलमा मत्स्य पोखरी निर्माण गर्नु पर्नेछ ।<br>• हिमाल/पहाडमा कम्तिमा १ रोपनी (५०० वर्ग मिटर) क्षेत्रफलमा मत्स्य पोखरी निर्माण गर्नु पर्नेछ ।<br>• एक अनुदानग्राहालाई अधिकतम पाँच हेक्टर क्षेत्रफलमा नयाँ पोखरी निर्माणका लागि मात्र अनुदान उपलब्ध गराउन सकिने छ । | • नयाँ पोखरी निर्माण र पुराना पोखरी मर्मत सुधार एवं सुदृढीकरण गर्न स्थानीय दर रेट अनुसार कुल लागतको अधिकतम ७५% सम्म अनुदान दिन सकिनेछ । |
| ४.५ | व्यवसायिक रेन्बो ट्राउट माछापालन | • न्यूनतम ५० वर्ग मिटर रेस-वेमा निर्माण गर्नु पर्नेछ<br>• एक अनुदानग्राहीलाई बढीमा २५० वर्ग मिटरसम्म रेस वे निर्माणका लागि अनुदान उपलब्ध गराउन सकिने छ । | • रेस-वे निर्माण गर्न स्थानीय दर रेट अनुसार कुल लागतको अधिकतम ७५% सम्म अनुदान दिन सकिनेछ । |
| ४.६ | मत्स्य ह्याचरी निर्माण एवं व्यवस्थापन | • नेपाल सरकारले पालन प्रविधिका लागि सिफारिस गरिएका जातका माछाहरु (warm water, cool water, Cold water and ornamental species) हुनु पर्दछ । | • मत्स्य ह्याचरी सम्बद्ध पूर्वाधर निर्माण/सुधार र मत्स्य ह्याचरी सम्बन्धी मेशिन औजार यन्त्र उकपरणहरु खरिद गर्न कुल लागतको अधिकतम ७५% सम्म अनुदान दिन सकिनेछ। |
| ४.७ | मत्स्य नर्सरी निर्माण तथा व्यवस्थापन | • मत्स्य नर्सरी पहाडमा कम्तिमा ३ रोपनी (जलाशय क्षेत्रफल) मा पोखरी हुनु पर्नेछ ।<br>• तराईमा कम्तिमा १ हेक्टर (जलाशय क्षेत्रफलमा) कम्तिमा ७ वटा पोखरी हुनु पर्नेछ ।<br>• ट्राउट माछापालनको हकमा नर्सरी रेस-वे कम्तिमा पचास वर्ग मिटर बनाउनु पर्नेछ ।<br>• अनिवार्य रुपमा नर्सरी (भुरा हुर्काउने पोखरी र रियरिङ्ग पोखरी) ठूलो भुरा हुर्काउने पोखरी निर्माण गरेको हुनु | • मत्स्य नर्सरी सम्बद्ध पुर्वाधार निर्माण तथा सुधार गर्न स्थानीय दर रेट अनुसार कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

सचिव

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | पर्दछ।<br>• साधारणतया नर्सरीको गहिराई ०.७५ देखि १.२ मिटर हुनु पर्दछ।<br>• रियरिङ्ग पोखरीको गहिराई १ देखि १.५ मिटर सम्म हुनु पर्दछ ।<br>• आवश्यकता अनुरुपको वितरण एवं कण्डिसनिङ टैंक समेत निर्माण गर्नु पर्नेछ।<br>• अनिवार्यरुपमा मत्स्य बीमा गरेको हुनु पर्नेछ ।<br>• भिन्न प्रजातिका माछाहरु भिन्नाभिन्नै पोखरीमा राख्नु पर्दछ। | |
| ४.८ | **मत्स्य उत्पादनमा यान्त्रिकरण सहयोग** | • माछा पालन हिमाल, पहाडमा न्यूनतम एक रोपनी (पाचँसय वर्ग मिटर)<br>• तराईमा छ कठ्ठा जलाशय पुग्ने गरी निर्माण गर्नु पर्नेछ ।<br>• रेन्बो ट्राउट माछापालनमा रेस-वे कम्तिमा पचास वर्ग मिटर हुनु पर्नेछ ।<br>• व्यवसायिक माछा पालनका लागि नेपाल सरकारले सिफारिस गरिएका माछाहरुको हकमा मात्र लागू हुनेछ।<br>• मत्स्य बीमा गरेकाहरुलाई प्राथमिकता दिईनेछ । | • मत्स्य यान्त्रिकरणका लागि आवश्यक मत्स्य औजार उपकरणहरु खरिद गर्न कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५ | **पशुपन्छीजन्य तथा मत्स्य व्यवसायको उद्योग तथा बजारिकरणसँग सम्बन्धित कार्यक्रम** | | |
| ५.१ | **डेरी उद्योग प्रवर्द्धन** | • डेरी उद्योगको हकमा दैनिक कम्तिमा १०० लिटर दुध संकलन गरी दुध तथा दुग्धजन्य पदार्थहरु बनाई बिक्री गर्ने गरेको डेरी उद्योग भएको हुनु पर्नेछ । | • डेरी भवन निर्माण/ सुधार, डेरी उद्योगमा प्रयोग हुने औजार उपकरहरु पाश्चुराइजेसन मेशिन, होमोनाईजर बोइलर, चिलिङ्ग भ्याट, चिज भ्याट, ढुवानी साधन, जेनेटर, क्रिम सेपरेट, बटर चर्नर मिल्क एनालाईजर, डिजिटल व्यालेन्स, मिल्क क्यान, मिल्क प्याकेजिङ्ग मेशिन, डिपफ्रिज, फ्रिज, फ्रिज चिज मेकर तथा दूग्धजन्य पदार्थ विविधिकरणको लागि आवश्यक पर्ने औजार उपकरणहरु खरिद, विजुली बत्ती, ढल निकास, ओभरहेड ट्यांकी, पाईप फिटिङ्ग, वाटर सेनिटाईजर, वेष्ट डिस्पोजल र पानी तान्न मेशिन जडान, किरा झिंगा नपस्ने व्यवस्था |

सचिव

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | | र अन्य जैविक सुरक्षाका विधि अवलम्बन आदि।<br>• उल्लेखित कार्यहरु मध्ये ढुवानी साधनमा अधिकतम ५०% सम्म र अन्य कार्यका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५.२ | **डेरी पसल निर्माण/सुधार** | • डेरी पसल निर्माण/सुधार कार्यक्रममा सहभागी हुने आवेदकले कम्तिमा दैनिक १०० लिटर दुध वा सोही बराबरको दुग्धजन्य पदार्थहरु बिक्री वितरण गरि रहेको हुन पर्नेछ । | • बिक्री कक्ष निर्माण, टायल/मार्वल फिटिङ्ग, मिल्क क्यान, मिल्क कन्टेनर, फ्रिज वा डिप फ्रिज खरिद, भेण्डिङ्ग मेशिन, कफि मेशिन, डिजिटल डिस्प्ले खरिद र जडान, मिल्क डिस्पेन्सर खरिद, डेरी पसलको सजावट आदि खरिद।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५.३ | **मिल्क एनालाईजर वितरण** | • न्यूनतम दुध ३०० लिटर दैनिक दुध संकलन गरी बिक्री गरेको हुनु पर्नेछ । | • मिल्क एनालाईजर मेशिन खरिद गर्न कुल लागतको अधिकतम ७५% सम्म अनुदान दिन सकिनेछ । |
| ५.४ | **चिलिङ्ग भ्याट स्थापना** | • ५०० लिटर क्षमताको चिलिङ्ग भ्याटको स्थापनाका लागि दैनिक ३०० लिटर दुध संकलन गरेको हुनु पर्नेछ ।<br>• १००० लिटर क्षमताको भ्याटको लागि दैनिक ७०० लिटर लिटर दुध संकलन गरेको हुनु पर्नेछ<br>• २००० हजार लिटर क्षमताको लागि १५०० लिटर दुध संकलन गरेको हुनु पर्नेछ । | • चिलिङ्ग भ्याट खरिद तथा ढुवानी, बिजुलीको बैकल्पिक व्यवस्थाको लागि जेनेटर खरिद, मिल्क एनालाईजर खरिद, चिलिङ्ग भ्याट अन्य एसेसरिज सामानहरु खरिद।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५.५ | **मासुजन्य उद्योग प्रवर्द्धन** | • कम्तिमा दैनिक १०० के.जी. खसी/ बोका/ कुखुरा/ राँगा/ बंगुरको मासु संकलन गरी मासु तथा मासुको परिकारहरु (ससेज, सिकुटी, आचार) आदि बनाई बिक्री वितरण गरेको हुनु पर्नेछ ।<br>• सडक तथा थ्रि फ्रेज विद्युतको लाईनको सुविधा भएको हुनु पर्नेछ । | • पूर्वाधार निर्माण/सुधार, मेशिन यन्त्र उपकरणहरु खरिद, मासु तथा मासुजन्य पदार्थहरुको ढुवानी साधन खरिद, कोल्ड रुम स्थापना, फ्रिज/डिप फ्रिज खरिद, बिजुलीको वैकल्पिक व्यवस्थाको लागि जेनेटर खरिद, मासु काटने स्टेनलेश सामाग्रीहरु खरिद।<br>• उल्लेखित कार्यहरु मध्ये ढुवानी साधनमा अधिकतम ५०% सम्म र |

सचिव

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | | अन्य कार्यका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५.६ | मासु/माछा पसल निर्माण/सुधार | • संघीय पशु बधशाला तथा मासु जाँच ऐन, २०५५, नियमावली २०५७ र पशु बधशाला र मासु जाँच प्राविधिक निर्देशिका, २०६४ व्यवस्था भए बमोजिम हुनेछ ।<br>• मासु जाँच ऐन, २०५५ कार्यान्वयन नभएको अवस्थामा स्थान विशेषको आवश्यकता मुताविक सम्बन्धित कार्यालयको परामर्श लिई सामान्य परिमार्जन सहितको मासु/माछा पसल निर्माण/सुधारमा लागत साझेदारी गर्न बाधा पर्ने छैन ।<br>• मासु/माछा पसलको स्वरुप संघिय पशु बधशाला र मासु जाँच प्राविधिक निर्देशिका २०६४ को अनुसूची-३ बमोजिम हुनु पर्नेछ ।<br>• मासु/माछा पसल सुधार पश्चात संघिय पशु बधशाला र मासु जाँच प्राविधिक निर्देशिका २०६४ को मापदण्डहरु पालना गरेको हुनु पर्नेछ । | • मासु बिक्री कक्षका पूर्वाधारहरुको निर्माण/सुधार, फ्रिज, डिप फ्रिज खरिद, कोल्ड रुम स्थापना, डिजिटल डिस्प्ले जडान, मासु पसलमा सिसा फिटिङ्ग, मासु काटने स्टिलनेश सामाग्रीहरु खरिद, डिजिट वेईट मेशिन खरिद, बिजुलीको वैकल्पिक व्यवस्थाको लागि जेनेटर खरिद, मासु पसलको लागि आवश्यक पर्ने अन्य पूर्वाधार लगायत मेशिन उपकरणहरुको व्यवस्थापन।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५.७ | मासु/ मत्स्यजन्य चिस्यान घर (कोल्ड रुम/कोल्ड चेन) स्थापना | • मासु चिस्यान/मत्स्यजन्य चिस्यान घर स्थापनाका आफ्नै स्वामित्वमा रहेको कम्तिमा दुई कठ्ठा जग्गा हुनु पर्नेछ ।<br>• संचालकले स्वस्थकर मासु उत्पादन विधि (Hygienic Code of Practice) परिपालना गर्न मञ्जुर भएको हुनु पर्नेछ ।<br>• मासु चिस्यान घर मत्स्यजन्य चिस्यान घर सञ्चालन गर्ने स्थान सामाजिक, वातावरणीय, प्राविधिक र भौगोलिकरुपले समेत उपयुक्त हुनु पर्नेछ।<br>• मासु चिस्यान घर मत्स्यजन्य चिस्यान घर बाट फोहर मैला फाल्ने सार्वजनिक क्षेत्र नजिक हुनु हुँदैन ।<br>• सडक र थ्री फ्रेज विद्युत लाइन जडानको सुविधा भएको हुनु पर्नेछ । | • मासु चिस्यान घर मत्स्यजन्य चिस्यान घरको पूर्वाधार निर्माण, कोल्ड रुम/ मत्स्यजन्य चिस्यान घरका लागि यन्त्र उपकरण खरिद तथा जडान, मासु चिस्यान घर/मत्स्यजन्य चिस्यान घर को लागि आवश्यक पर्ने अन्य पूर्वाधार निर्माण तथा मेशिन औजार उपकरणहरु खरिद।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ५.८ | पशुपन्छी/पशुपन्छीजन्य पदार्थ तथा मत्स्य | • मासु तथा मासुजन्य पदार्थ ढुवानीका लागि रेफ्रिजरेटेड सवारी साधन खरिद | • मिल्क ट्याङ्कर वा रेफ्रिजरेटेड जडान गरेको सवारी साधन, दूध तथा |

सचिव

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | ढुवानी साधन खरिद | गर्ने साझेदारले पशु वधशाला तथा मासु जाँच ऐन, २०५५ नियमावली, २०५७, र प्राविधिक निर्देशिका, २०६४ का प्रावधानहरु कार्यक्रम सञ्चालन पश्चात परिपालना गर्नु पर्नेछ ।<br>• दूध तथा दुग्धजन्य पदार्थको सुरक्षित ढुवानीका लागि मिल्क ट्याङ्कर वा रेफ्रिजरेटेड जडान गरेको सवारी साधन खरिद गर्ने साझेदारले दैनिक दुई हजार लिटर दूध संकलन वा दुध तथा दुग्धजन्य पदार्थहरुको बिक्री वितरण गरेको हुनु पर्नेछ ।<br>• मासु तथा मासुजन्य पदार्थ ढुवानी (रेफ्रीजेरेटर जडान सवारी साधन) का लागि हप्तामा न्यूनतम दुई हजार के.जी. मासु वा मासुजन्य पदार्थहरु कारोवार गरेको हुनु पर्नेछ ।<br>• जिउँदो माछा ढुवानीका लागि अक्सिजिनेटेड कन्टेनरयुक्त सवारी साधन खरिद गर्नेले हप्ताको न्यूनतम एक हजार के.जी. मत्स्यको कारोवार गर्ने हुनु पर्नेछ।<br>• लाइभ एनिमल ट्रान्सपोर्टेशनको लागि ढुवानी साधन खरिद गर्ने साझेदारले पशु ढुवानी मापदण्ड, २०६४ र पशु कल्याण निर्देशिका, २०७३ का प्रावधान परिपालना गर्नु पर्नेछ । | दुग्धजन्य पदार्थको सुरक्षित ढुवानीका लागि विभिन्न क्षमताको दुई सिटे पिकअप सवारी साधन, मासु ढुवानीको लागि रेफ्रिजरेटेड जडान गरेको विभिन्न क्षमताको सवारी साधन, जीवित पशुपन्छी तथा अण्डाको ढुवानीका लागि विभिन्न क्षमताको लाइभ एनिमल ट्रान्सपोर्टेशनको २ सिट भएको सवारी साधन, जीउँदो माछा ढुवानीका लागि विभिन्न क्षमताको अक्सिजिनेटेड कन्टेनरयुक्त सवारी साधन आदि खरिद।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ५०% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ६ | **पशुपन्छी तथा मत्स्य पालनसँग सम्बन्धित लक्षित वर्ग तथा पकेट विस्तारका कार्यक्रम** | | |
| ६.१ | **युवा लक्षित पशुपन्छी तथा मत्स्य विकास** | • यस कार्यक्रममा सहभागी हुन स्वदेशमा नै पशुपन्क्षी पालन व्यवसाय गर्न ईच्छुक युवा युवती हुनु पर्नेछ ।<br>• प्रस्तावकले पशुपन्छी तथा मत्स्य व्यवसायसँग सम्बन्धित कार्यहरु गर्नु पर्नेछ । | • पशुपन्छी तथा मत्स्य व्यवसायसंग सम्बन्धित पूर्वाधार निर्माण/सुधार र पशुपन्छी तथा मत्स्य व्यवसायसंग सम्बन्धित मेशिन, यन्त्र उपकरण खरिद तथा जडान ।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ६.२ | **कृषि/पशु सहकारी संस्था, समूहसँग सहकार्यमा व्यावसायिक पशुपालन** | • प्रस्तावक संस्थामा आवद्ध कृषकहरु विगतदेखि पशुपालन व्यवसायमा आवद्ध भएको हुनु पर्नेछ ।<br>• कार्यक्रम सञ्चालन गर्ने संस्थाले कम्तिमा | • गोठ/खोर निर्माण/सुधार, प्रजननका लागि राँगो/साँढे/बोका/थुम्मा/बीर खरिद तथा ढुवानी, च्याफकटर खरिद, साईलेज सम्बन्धी पूर्वाधार |

सचिव

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | २५ जना पशुपालक कृषकहरु कार्यक्रममा सहभागी गराएको हुनु पर्नेछ । | निर्माण तथा मेशिन, यन्त्र उपकरणहरु खरिद, दुग्ध चिस्यान केन्द्र स्थापनाका पूर्वाधार निर्माण/सुधार तथा मेशिन, यन्त्र उपकरणहरु खरिद, पशुजन्य उत्पादन तथा पशुजन्य पदार्थहरुको लागि ढुवानी साधन खरिद, पशु उपचार र प्रयोगशाला सम्बन्धी मेशिन, यन्त्र उपकरणहरु खरिद, कृत्रिम गर्भाधान सम्बन्धी यन्त्र उपकरण तथा सामाग्रीहरु खरिद, आवश्यकता अनुसार पशुपालन संग सम्बन्धित अन्य पूर्वाधार निर्माण तथा मेशिन उपकरणहरु खरिद।<br>• उल्लेखित कार्यहरु मध्ये ढुवानी साधनमा अधिकतम ५०% सम्म र अन्य कार्यका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ६.३ | **कृषक समूह/सहकारी संस्था मार्फत बंगुर विकास** | • प्रस्तावक संस्थामा आवद्ध कृषकहरु विगत देखि बंगुर पालन व्यवसायमा आवद्ध भएको हुनु पर्नेछ ।<br>• कार्यक्रम सञ्चालन गर्ने संस्थाले बंगुर पालन न्यूनतम १० जना कृषकहरु कार्यक्रममा सहभागी गराएको हुनु पर्नेछ ।<br>• बंगुरहरुको बिमा गरेकालाई प्राथमिकता दिनुपर्नेछ । | • खोर निर्माण/सुधार, प्रजननका लागि बीर खरिद तथा ढुवानी, दाना कुटानी पिसानी तथा मिक्सचर मेशिन खरिद, पशुजन्य उत्पादन तथा पशुजन्य पदार्थहरुको लागि ढुवानी साधन खरिद, पशु उपचार र प्रयोगशाला सम्बन्धी मेशिन, यन्त्र उपकरणहरु खरिद, बंगुरको कृत्रिम गर्भाधान सम्बन्धी यन्त्र उपकरण तथा सामाग्रीहरु खरिद, आवश्यकता अनुसार बंगुरपालन संग सम्बन्धित पूर्वाधार निर्माण तथा मेशिन उपकरणहरु खरिद।<br>• उल्लेखित कार्यहरुमध्ये ढुवानी साधनमा अधिकतम ५०% सम्म र अन्य कार्यका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ६.४ | **अण्डामा आत्म निर्भर तथा परिवारिक पोषण सुरक्षाको लागि ग्रामिण** | • पिछडिएको विपन्न वर्ग, दलित, जनजाति वा महिलालाई विशेष प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरेको हुनु पर्नेछ । | • चार हप्ते ब्रुडर गरेको Dual Purpose वा लोकल चल्ला खरिद, खोर निर्माण/सुधार, दाना कुटानी |

सचिव

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | **कुखुरा प्रवर्द्धन** | • ग्रामिण क्षेत्रमा पशु पन्छीको सेवाको विस्तार [illegible] कृषकहरुलाई प्राथमिकता दिएको हुनु पर्नेछ ।<br>• कार्यक्रम सञ्चालन गर्ने संस्थाले कुखुरा पालनका लागि न्यूनतम १० जना कृषकहरु कार्यक्रममा सहभागी गराएको हुनु पर्नेछ ।<br>• प्रति कृषक कम्तिमा पचास वटा चार हप्ते ब्रुडर गरेको लोकल वा Dual Purpose कुखुरा पालन गरेको हुनु पर्नेछ<br>• कम्तिमा दुई सय वर्ग फिट भित्री खोर बस्ने र चार सय पचास वर्ग फिटको कुखुरा बाहिरी खेल्ने/चर्ने क्षेत्र भएको खोर बनाएको हुनु पर्नेछ । | पिसानी तथा मिक्सचर मेशिन खरिद, मिनी ह्याचरी मेशिन खरिद, दाना, चल्ला तथा कुखुरा ढुवानीको २ सिट भएको पिक अप ढुवानी साधन खरिद।<br>• उल्लेखित कार्यहरु मध्ये ढुवानी साधनमा अधिकतम ५०% सम्म र अन्य कार्यका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ६.५ | **हुलाकी मार्ग लक्षित दुध उत्पादन तथा प्रवर्द्धन** | • यस कार्यक्रममा योग्य प्रस्तावक हुनको लागि हुलाकी मार्ग वा सो सँग जोडीएका समूह/सहकारी मात्र हुन सक्ने छन ।<br>• कार्यक्रम सञ्चालनमा कम्तिमा १०० जना कृषक आवद्ध भै प्रत्येक कृषकले उन्नत नश्लका गाईको हकमा कम्तिमा २ वटा उन्नत माउ गाई/भैसी पालन गरेको हुनु पर्नेछ ।<br>• बाह्रै महिना हरियो घाँसपातको उपलब्धता वा साईलेजको व्यवस्था गरेको हुनु पर्नेछ ।<br>• कार्यक्रममा सहभागी कृषकहरुलाई गाई/भैसीहरुको बीमा गराउन प्रोत्साहन गर्नुपर्नेछ । | • गोठ निर्माण/सुधार, उन्नत नश्लका गाई/भैंसी खरिद तथा ढुवानी, दुध संकलन केन्द्र स्थापनाका लागि आवश्यक पर्ने पूर्वधार निर्माण र मेशिन उपकरणहरु तथा दुध ढुवानी साधन खरिद, डेरी उद्योग सञ्चालन सम्बन्धी पूर्वाधार निर्माण तथा मेशिन उपकरणहरु खरिद, पशु स्वास्थ्य तथा प्रयोगशाला सम्बन्धी यन्त्र उपकरणहरु खरिद, कृत्रिम गर्भाधान सम्बन्धी यन्त्र उपकरणहरु खरिद, कृत्रिम गर्भाधान सम्बन्धी सामाग्रीहरु खरिद, साईलेज सम्बन्धी पूर्वाधार निर्माण तथा यान्त्रिकरण।<br>• उल्लेखित कार्यहरु मध्ये ढुवानी साधनमा अधिकतम ५०% सम्म र अन्य कार्यका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ६.६ | **हुलाकी मार्ग लक्षित बाख्रा पालन** | • बाख्रा पालन गर्न उपयुक्त क्षेत्र भएको हुनु पर्नेछ ।<br>• कार्यक्रम सञ्चालनमा कम्तिमा ५० जना कृषक आवद्ध भै प्रत्येक कृषकहरुले कम्तिमा माउ बाख्रा १० वटा पालन गरेको हुनु पर्नेछ ।<br>• घाँस तथा साईलेजको व्यवस्थापन गरेको | • खोर निर्माण/सुधार, डिपिङ्ग ट्याङ्क निर्माण, प्रजनन योग्य माउ बाख्रा र ब्याडको बोका खरिद एवं ढुवानी, बाख्राको कृत्रिम गर्भाधान उपकरण तथा सिमेन खरिद, व्यवसायिक बाख्रा फार्मका आवश्यक पर्ने मेशिन औजार/उपकरण खरिद, बर्डिजो |

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | हुनु पर्नेछ।<br>• कार्यक्रममा आवद्ध कृषकहरुलाई बीमा गराउन प्रोत्साहन गर्नुपर्नेछ। | मेशिन खरिद, साईलेज सम्बन्धी पूर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिद, मोटर सहितको च्यापकटर खरिद, कार्यक्रमसंग सम्बन्धी पूर्वाधार तथा यन्त्र उपकरण खरिद।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ६.७ | **बाख्राको बृहत्तर पकेट** | • एक पकेटमा कम्तिमा पचास जना बाख्रा पालन गर्ने कृषकहरु आवद्ध हुनु पर्नेछ ।<br>• बृहत्तर पकेट कार्यक्रममा आवद्ध प्रत्येक कृषक सदस्यहरुले कम्तिमा दश वटा प्रजनन योग्य माउ बाख्राहरु पालन गरेको हुनु पर्नेछ ।<br>• कार्यक्रममा आवद्ध कृषकहरुले बाख्राको अनिवार्य रुपमा बीमा गरेको हुनु पर्नेछ ।<br>• कार्यक्रम सञ्चालन पश्चात एक पकेट क्षेत्रबाट कम्तिमा वार्षिक दुई सय वटा सम्म खसीबोकाहरु बिक्री गरेको हुनु पर्नेछ ।<br>• आवश्यक प्राविधिक सेवा, तालिम, खोप तथा पशु स्वास्थ्य सेवा सम्बन्धित कार्यालयले सञ्चालन गर्नु पर्नेछ । | • खोर निर्माण/सुधार, डिपिङ्ग टयाङ्क निर्माण, प्रजननयोग्य माउ बाख्रा र व्याडको बोका खरिद एवं ढुवानी, बाख्राको कृत्रिम गर्भाधान उपकरण तथा सिमेन खरिद, व्यावसायिक बाख्रा फार्मका आवश्यक पर्ने मेशिन औजार/उपकरण खरिद, बर्डिजो मेशिन खरिद, साईलेज सम्बन्धी पूर्वाधार निर्माण तथा यन्त्र उपकरण खरिद, मोटर सहितको च्यापकटर खरिद, कार्यक्रमसंग सम्बन्धी पूर्वाधार तथा यन्त्र उपकरण खरिद।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ६.८ | **उच्च पहाडी क्षेत्र पशु विकास (भेडा/चौरी)** | • उच्च पहाडी क्षेत्रमा पालिने याक/नाक/चौरी वा भेंडाको संरक्षण र प्रवर्द्धन गर्न आवद्ध गर्ने कृषकहरु सहभागी गराएको हुनु पर्नेछ ।<br>• भौगोलिक तथा वातावरणीय हिसाबले याक/चौरी वा भेडा पालनको सम्भावना भएको क्षेत्र हुनु पर्नेछ ।<br>• तुलनात्मक हिसाबले याक/चौरीको संख्या बढी भएको क्षेत्र ।<br>• याक/चौरी वा पालनमा संलग्न कृषकहरुको बाहुल्यता रहेको ।<br>• चरिचरनको उपलब्धता तथा चरन खर्क सुधारको आवश्यक र सम्भावना रहेको | • गोठ/खोर निर्माण/सुधार, घुम्ति गोठ/खोर निर्माण/सुधार, घुम्ति गोठका गोठालाहरुका लागि बन्दोबस्तिका सामाग्री, चरन क्षेत्रमा पिउने पानीको प्रबन्ध र मुहान संरक्षण, चौरीको दुध संकलन, ढुवानी, गुणस्तर सुधार, दूध प्रशोधन, दूग्धजन्य पदार्थको विविधिकरण र बजारिकरण सम्बन्धी आवश्यक पर्ने मेशिन, उपकरणहरु खरिद, व्याडका लागि याक खरिद, व्याडका लागि थुमा खरिद, उन तथा उनसँग सम्बन्धी उद्योगका मेशिन, यन्त्र उपकरणहरु खरिद, बर्डिजो मेशिन |

सचिव

| सि.नं. | कार्यक्रम/आयोजना | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | क्षेत्र | खरिद।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ७ | **पशु सेवा तथा पशु स्वास्थ्य विस्तारसँग सम्बन्धित कार्यक्रम** | | |
| ७.१ | **सहकारी संस्था मार्फत कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालनमा सहयोग** | • अनुदान प्राप्त गर्ने सहकारीले पहाडमा कम्तीमा एक सय र तराईमा तीन सय वटा गाई/भैसीमा कृत्रिम गर्भाधान वार्षिक गरेको हुनु पर्नेछ ।<br>• यस कार्यक्रम मार्फत गराईने कृत्रिम गर्भाधानको लागि प्राविधिकको सेवा वापत शुल्क सम्बन्धित सहकारीले तोक्नु पर्नेछ ।<br>• कृत्रिम गर्भाधान सम्बन्धी तालिम गरेको प्राविधिक सहकारी संस्थाले व्यवस्था गरेको हुनु पर्नेछ । | • कृत्रिम गर्भाधानका लागि आवश्यक पर्ने उपकरणहरु खरिद र लिक्वीड नाईट्रोजन, सिमेन, सिथ, ग्लोब तथा कृत्रिम गर्भाधानको लागि आवश्यक पर्ने सामाग्री खरिद।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ७.२ | **निजी पाराभेट/पशु चिकित्सकलाई कृत्रिम गर्भाधान र पशु उपचारका लागि उपकरण खरिदमा सहयोग** | • ग्रामीण क्षेत्रमा कम्तीमा दुई वर्षदेखि अविछिन्न सेवा गरिहेको निजी पाराभेट/ निजी पशु चिकित्सकहरु यस कार्यक्रममा योग्य हुन हुन सक्नेछ ।<br>• सरकारी सेवामा कार्यरत वा निवृत्त पाराभेट/ पशु चिकित्सक यस कार्यक्रममा सहभागी हुन पाउने छैन । | • पशुपन्छी उपचारका लागि आवश्यक पर्ने पूर्वाधार निर्माण/सुधार तथा मेशिन औजार उपकरणहरु खरिद, कृत्रिम गर्भाधान गर्नका लागि आवश्यक पर्ने औजार उपकरणहरु खरिद, पशु रोग निदानका लागि प्रयोगशाला स्थापनाका गर्न आवश्यक पर्ने उपकरणहरु खरिद।<br>• उल्लेखित कार्यहरुका लागि कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |
| ७.३ | **वेरोजगार पशु सेवा प्राविधिकलाई व्यावसायिक पशु पालन कार्यक्रम** | • पशुपालन विषयमा कम्तिमा प्राविधिक एस.एल.सि. वा मान्यता प्राप्त शिक्षण संस्थाहरुवाट भेटेरिनरी विषय अध्ययन गरी बेरोजगार बसेका युवाहरु सहभागी हुनेछन । | • पशु पालनसँग सम्बन्धित व्यवसाय सञ्चालनको लागि पूर्वाधार निर्माण तथा यान्त्रिकरण खरिदमा सहयोग गर्न कुल लागतको अधिकतम ७५% सम्म अनुदान उपलब्ध गराउन सकिनेछ । |

परिच्छेद

## प्रोत्साहन अनुदान सम्बन्धी मापदण्ड

५. प्रोत्साहन अनुदान सम्बन्धी मापदण्ड देहाय बमोजिम हुनेछ ।

| सि.नं. | कार्यक्रम | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| १ | हिंउदे मकैमा नगद प्रोत्साहन | • हिउँदे सिजनमा मकैको व्यावसायिक खेतीको सम्भावना भएका क्षेत्रहरुमा उच्च प्राथमिकता दिई जिल्लास्तर छनोट समितिवाट पहिचान गरी कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह/वडा/क्षेत्र निर्क्यौल गरी ती क्षेत्रमा कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।<br>• यसरी स्थानीय तह/वडा/क्षेत्र छनोट गर्दा प्रति स्थानीय तह/वडा/ क्षेत्रफल पहाडमा न्यूनतम दश हेक्टर र तराईमा वीस हेक्टरमा मकै खेती विस्तार गर्न सकिने हुनुपर्छ ।<br>• क्लस्टरमा रहेका प्रति किसान पहाडमा न्यूनतम पाँच रोपनी र तराईमा न्यूनतम दश कठ्ठामा हिंउदे मकै रोपेको हुनुपर्नेछ ।<br>• हिउँदे मकै प्रोत्साहनका लागि सूचीकृत तथा उन्मोचित जातहरु प्रयोग गर्नेलाई प्राथमिकता दिनु पर्नेछ ।<br>• नेपालमा उन्मोचित उन्नत तथा वर्णशंकर जातहरुलाई कार्यक्रम सञ्चालनका लागि प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।<br>• हिउँदे मकै खेती क्षेत्र विस्तार नगद प्रोत्साहन प्राप्त गर्न, मकै लाईनमा रोप्नु पर्नेछ, न्यूनतम प्रति हेक्टर उत्पादकत्व ६ मे.टन हुनुपर्नेछ।<br>• हिउँदे मकैमा नगद प्रोत्साहनको प्रवाहका लागि क्षेत्रफल एकिन गर्न जि. पि. एस. उपकरण आधार मानिनेछ । नगद प्रोत्साहन रकम प्रत्येक क्लस्टरमा न्यूनतम ३ वटा क्रप कटीङ्ग गरी औसत उत्पादकत्व एकिन गरे पश्चात उपलब्ध गराईनेछ ।<br>• रोपेको मकैको बीमा गराउनेलाई प्राथमिमता दिनुपर्नेछ । | • प्रति कठ्ठा पाँचसय रुपैया/प्रति रोपनी सात सय पचास रुपैया नगद प्रोत्साहन उपलब्ध गराउन सकिने छ ।<br>• प्रति किसान पहाडमा अधिकतम ६६ रोपनी र तराईमा १०० कठ्ठा क्षेत्रफलमा मात्र प्रोत्साहन उपलब्ध गराउन सकिनेछ । |
| २ | चैते धान/वोरो धानमा नगद प्रोत्साहन अनुदान | • चैते धान खेतीको सम्भावना भएका स्थानीय तह तथा क्षेत्रहरुलाई प्राथमिकतामा राखी कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह जिल्लास्तर छनोट समितिवाट छनोट गरी ती क्षेत्रमा कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।<br>• यसरी क्षेत्र / स्थानीय तह छनोट गर्दा प्रति क्षेत्र/स्थानीय तह तराईमा न्यूनतम बीस हेक्टर र पहाडमा सात हेक्टर चैते धान खेती गर्न सक्ने क्षेत्र/तह प्राथमिकतामा राखी सञ्चालन गर्नुपर्नेछ । | • प्रति कठ्ठा पाँच सय रुपैया/प्रति रोपनी सात सय पचास रुपैया नगद प्रोत्साहन उपलब्ध गराउन सकिने छ ।<br>• प्रति किसान पहाडमा अधिकतम ६६ रोपनी र तराईमा १०० कठ्ठा क्षेत्रफलमा मात्र प्रोत्साहन उपलब्ध उपलब्ध गराउन सकिनेछ । |

सचिव

| सि.नं. | कार्यक्रम | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | • क्लस्टरमा रहेका प्रति किसान पहाडमा न्यूनतम पाँच रोपनी र तराईमा न्यूनतम दश कठ्ठामा खेती गर्ने गरेको हुनुपर्नेछ ।<br>• नगद प्रोत्साहनको लागि एकिन गर्न क्षेत्रफल मापन गर्ने जि. पि. एस. उपकरण लाई आधार मानिनेछ । नगद प्रोत्साहन रकम क्लस्टरमा न्यूनतम ३ वटा क्रप कटीङ्ग गरी औसत उत्पादकत्व एकिन गरेपश्चात उपलब्ध गराईनेछ ।<br>• चैते धानका लागि सूचिकृत तथा उन्मोचित जातहरु मात्र यस कार्यका लागि छनोट गर्नु पर्नेछ । धानको बीमा गर्नेलाई प्राथमिकता दिनुपर्नेछ ।<br>• नगद प्रोत्साहन प्राप्त गर्न, न्यूनतम प्रति हेक्टर उत्पादकत्व ५ मे.टन हुनु पर्नेछ। | |
| ३ | **भटमास खेतीमा प्रोत्साहन** | • भटमास खेतीको सम्भावना भएका स्थानीय तह तथा क्षेत्रहरुलाई प्राथमिकतामा राखी कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह जिल्लास्तर छनोट समितिबाट छनोट गरी ती क्षेत्रमा कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।<br>• प्रति क्लस्टर तराईमा न्यूनतम १० हेक्टर र पहाडमा न्यूनतम ५ हेक्टर हुनुपर्ने<br>• क्लस्टरमा प्रति किसान तराईमा १० कठ्ठा र पहाडमा ५ रोपनीमा भटमास रोपेको हुनुपर्ने<br>• नगद प्रोत्साहनको लागि एकिन गर्न क्षेत्रफल मापन गर्ने जि. पि. एस. उपकरण लाई आधार मानिनेछ । नगद प्रोत्साहन रकम क्लस्टरमा न्यूनतम २ वटा क्रप कटीङ्ग गरी औसत उत्पादकत्व एकिन गरेपश्चात उपलब्ध गराईनेछ ।<br>• नगद प्रोत्साहन प्राप्त गर्न, न्यूनतम प्रति हेक्टर उत्पादकत्व पहाडमा १.५ र तराईमा २.० मे.टन हुनुपर्नेछ। | • प्रति कठ्ठा एक हजार रुपैया/प्रति रोपनी पन्ध्र सय रुपैया नगद प्रोत्साहान उपलब्ध गराउन सकिने छ ।<br>• प्रति किसान पहाडमा अधिकतम ६६ रोपनी र तराईमा १०० कठ्ठा क्षेत्रफलमा मात्र प्रोत्साहान उपलब्ध उपलब्ध गराउन सकिनेछ । |
| ४ | **लसुन/प्याज उत्पादनमा प्रोत्साहन** | • लसुन/प्याज खेतीको सम्भावना भएका स्थानीय तह तथा क्षेत्रहरुलाई प्राथमिकतामा राखी कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह जिल्लास्तर छनोट समितिवाट छनोट गरी ती क्षेत्रमा कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।<br>• प्रति क्लस्टर तराईमा न्यूनतम १० हेक्टर र पहाडमा न्यूनतम ५ हेक्टर हुनुपर्ने<br>• क्लस्टरमा प्रति किसान तराईमा १० कठ्ठा र पहाडमा ५ रोपनीमा प्याज रोपेको हुनुपर्ने<br>• नगद प्रोत्साहनको लागि एकिन गर्न क्षेत्रफल मापन गर्ने | • प्रति कठ्ठा एक हजार रुपैया/प्रति रोपनी पन्ध्र सय रुपैया नगद प्रोत्साहान उपलब्ध गराउन सकिने छ ।<br>• प्रति किसान पहाडमा अधिकतम ६६ रोपनी र तराईमा १०० कठ्ठा क्षेत्रफलमा मात्र प्रोत्साहान उपलब्ध उपलब्ध गराउन सकिने छ । |

| सि.नं. | कार्यक्रम | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| | | जि. पि. एस. उपकरणलाई आधार मानिनेछ । नगद प्रोत्साहन रकम क्लस्टरमा न्यूनतम २ वटा क्रप कटीङ्ग गरी औसत उत्पादकत्व एकिन गरेपश्चात उपलब्ध गराईनेछ ।<br>• नगद प्रोत्साहन प्राप्त गर्न, न्यूनतम प्रति हेक्टर उत्पादकत्व १५ मे. हुनुपर्नेछ। | |
| ५ | **आलु उत्पादनमा प्रोत्साहन** | • आलु खेतीको सम्भावना भएका स्थानीय तह तथा क्षेत्रहरुलाई प्राथमिकतामा राखी कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह जिल्लास्तर छनोट समितिवाट छनोट गरी ती क्षेत्रमा कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।<br>• प्रति क्लस्टर तराईमा न्यूनतम १० हेक्टर र पहाडमा न्यूनतम ५ हेक्टर हुनुपर्ने<br>• क्लस्टरमा प्रति किसान तराईमा १० कट्ठा र पहाडमा ५ रोपनीमा आलु रोपेको हुनुपर्ने<br>• नगद प्रोत्साहनको लागि एकिन गर्न क्षेत्रफल मापन गर्ने जि.पि.एस. उपकरण लाई आधार मानिनेछ । नगद प्रोत्साहन रकम क्लस्टरमा न्यूनतम २ वटा क्रप कटिङ्ग गरी औसत उत्पादकत्व यकिन गरेपश्चात उपलब्ध गराईनेछ ।<br>• नगद प्रोत्साहन प्राप्त गर्न, न्यूनतम प्रति हेक्टर उत्पादकत्व २० मे.टन हुनुपर्नेछ। | • प्रति कठ्ठा एक हजार रुपैया/प्रति रोपनी पन्ध्र सय रुपैया नगद प्रोत्साहन उपलब्ध गराउन सकिने छ ।<br>• प्रति किसान पहाडमा अधिकतम ६६ रोपनी र तराईमा १०० कठ्ठा क्षेत्रफलमा मात्र प्रोत्साहन उपलब्ध उपलब्ध गराउन सकिनेछ । |
| ६ | **प्राङ्गारिक मल अनुदान** | • नेपाल सरकारले तोकेको गुणस्तर अनुसार प्राङ्गारिक मल उत्पादन गरी यस प्रदेशभित्र किसानहरुले प्रयोग गर्नेगरी बिक्री भएको प्राङ्गारिक मलमा प्रति इकाई उत्पादनका आधारमा किसानहरुलाई उत्पादक मार्फत नगद प्रोत्साहन उपलब्ध गराउन सकिनेछ ।<br>• यसका लागि उत्पादकहरुले आफुले उत्पादन गरेको प्राङ्गारिक मलको गुणस्तर सहित कति परिमाणमा बिक्री गर्ने हो मन्त्रालयमा सुचिकरण गर्नुपर्नेछ ।<br>• नेपाल सरकारले तोकेको गुणस्तर पुरा गरेका सुचिकृत उत्पादकहरुवाट मल खरिद गर्ने किसानहरुलाई मात्र प्राङ्गारिक मल खरिदमा अनुदान उपलब्ध गराईनेछ ।<br>• अनुदानमा प्राङ्गारिक मल उपलब्ध गराउन कृषि ज्ञान केन्द्ररुले सुचिकृत उत्पादकहरुलाई किसानको नाम र परिमाण सिफारिस गरी पठाउनु पर्नेछ ।<br>• कृषि ज्ञान केन्द्रको सिफारिसमा सुचिकृत उत्पादकहरु मार्फत किसानलाई अनुदानमा बिक्री गरेको मलको विवरण कृषि ज्ञान केन्द्रले निर्देशनालाय मार्फत मन्त्रालयमा पठाउनुपर्नेछ । | • प्रति के.जी. पाँच रुपैयाका दरले नगद अनुदान उपलब्ध गराईने छ ।<br>• किसानको खेती गरेको जग्गाका आधारमा कृषि ज्ञान केन्द्रले प्राङ्गारिक मलको परिमाण सिफारिस गर्नुपर्नेछ । |

सचिव

| सि.नं. | कार्यक्रम | प्राविधिक मापदण्ड | आर्थिक मापदण्ड |
|---|---|---|---|
| ७. | साईलेज प्रयोजनको लागि मकै घाँस खेतीमा अनुदान | • साईलेज उद्योग वा व्यावसायिक गाई भैंसी तथा बाखा फार्महरुले साईलेज बनाउनका लागि प्रमुख रुपमा मकै खेती गरिएका कृषकहरुलाई प्रोत्साहन उपलब्ध गराउनु पर्नेछ । <br>• मकै खेती गर्नु पूर्व नै खरिद गर्ने व्यवसायी र कृषक बीच स्थानीय तहको रोहवरमा सम्झौता भएको हुनु पर्नेछ । <br>• मकै खेती न्यूनतम एक हेक्टर लगाएको हुनु पर्नेछ । <br>• यो कार्यक्रम अन्तरगत एक अनुदानग्राहीले अधिकतम ५ हेक्टर सम्मका लागि मात्र अनुदान उपलब्ध गराउन सकिनेछ । | • मकै खेतीको गरे वापत प्रोत्साहन स्वरुप प्रति हेक्टर बढीमा रु. १५ हजार अनुदान दिन सकिनेछ। । |
| ८ | दुध उत्पादनमा आधारित अनुदान वितरण | • यस कार्यक्रम आवद्ध हुने सहकारी संस्था, संकलन केन्द्र र डेरी उद्योगहरुले दैनिक कम्तिमा ५०० लिटर दुध संकलन गरेको हुनु पर्नेछ । <br>• कार्यक्रममा सहभागी कृषकहरुले वार्षिक २०० दिन संकलन गरेको हुनु पर्नेछ । <br>• छनोट भएका संस्थाहरुले संकलित दुध आफैले प्रशोधन गरी वा अन्य डेरी उद्योगहरुलाई बिक्री वितरण गर्ने प्रवन्ध गरेको हुनु पर्नेछ । <br>• छनोट भएका संस्थाहरुले संस्थागत रुपमा खरिद र बिक्री गरेको प्रमाण पेश गरेको हुनु पर्नेछ । <br>• खरिद गरेको दुध न्यूनतम नेपाल सरकारको गुणस्तर मापदण्ड पुगेको हुनु पर्नेछ । | • प्रति लिटर रु. दुई रुपैया प्रोत्साहन अनुदान दिन सकिनेछ। । |

परिच्छेद- ५

## अनुदान वितरण मापदण्ड र प्रक्रिया

**६. विभिन्न बालीहरुमा प्रोत्साहन अनुदान वितरण प्रक्रियाः**

- सम्बन्धित बालीको व्यावसायिक खेतीको सम्भावना भएका क्षेत्रहरुका स्थानीय तहसँग समन्वय गरी जिल्लास्तर छनोट समितिबाट कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह/वडा/क्षेत्र निर्क्यौल गरी प्राविधिक मापदण्ड अनुसारको क्षेत्रफलका क्लस्टर छनोट गरी ती क्लस्टरमा कार्यक्रम सञ्चालनका लागि सूचना प्रकाशन गर्नु पर्नेछ ।
- क्लस्टरमा रहेका प्रति किसानले प्राविधिक मापदण्ड अनुसारको न्यूनतम क्षेत्रफलमा खेती गरेका किसानहरुलाई सम्बन्धित कार्यालयको दुईजना प्राविधिकहरुले स्थलगत अनुगमन गरी उपयुक्त अनुदानग्राही नाम सिफारिस गरी जिल्लास्तर छनोट समितिमा पेश गर्नुपर्नेछ ।
- जिल्लास्तर छनोट समितिवाट छनोट भएका अनुदानग्राहीको बाली स्थलगतरुपमा अनुगमन गरी नगद रकम उपलब्ध गराउनु पर्नेछ ।

सचिव

- कुनै क्लस्टरमा कार्यालयको स्वीकृत बजेटमा विनियोजन रकमले अपुग भएमा कुल स्वीकृत बजेटलाई कुल क्षेत्रफलका आधारमा दामासाहीले प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

**७. प्राङ्गारिक मल नगद प्रोत्साहान अनुदान वितरण प्रक्रियाः**

- मन्त्रालयले सावर्जनिक सूचना गरी मल उत्पादकहरुलाई सुचिकरण हुन आव्हान गर्ने ।
- सुचिकृत मल उत्पादकहरुको नाम तथा उपलब्धं गराउन सक्ने प्राङ्गारीक मलको परिमाण, गुणस्तर सवै कृषि ज्ञान केन्द्रहरुलाई उपलब्ध गराउने ।
- सम्बन्धित कृषि ज्ञान केन्द्रहरुले किसानहरुलाई सहुलियत दरमा प्राङ्गारिक मल खरिदको सुचना गरी अनुगमन पश्चात किसानहरुले मल खरिद गरेको परिमाणको विवरण निर्देशनालय मार्फत मन्त्रालयमा पठाउने ।
- मन्त्रालयले सम्बन्धित मल उत्पादकले किसानलाई उपलब्ध गराएको सहुलियत रकम सोधभर्ना गर्ने ।

**८. दुध उत्पादनमा आधारित नगद प्रोत्साहन अनुदान वितरण प्रक्रियाः**

- सम्बन्धित कार्यालयले दुधको व्यावसायिक उत्पादन सम्भावना भएका क्षेत्रहरुका स्थानीय तहसँग समन्वय गरी जिल्लास्तर छनोट समितिबाट कार्यक्रम कार्यान्वयन हुने स्थानीय तह/वडा/क्षेत्र निक्यौंल गरी प्राविधिक मापदण्ड अनुसारको सहकारी संस्था, डेरी उद्योगहरु छनोट गर्न सूचना प्रकाशन गर्नु पर्नेछ ।
- कार्यक्रममा सहभागिताका लागि निवेदन दिने सहकारी संस्था, डेरी उद्योगहरुको क्लस्टरमा रहेका प्रति किसानले प्राविधिक मापदण्ड पुरा गरेको नगरेको बारे सम्बन्धित कार्यालयको दुईजना प्राविधिकहरुले स्थलगत अनुगमन गरी उपयुक्त सहकारी संस्था, डेरी उद्योगहरु नाम सिफारिस गरी जिल्लास्तर छनोट समितिमा पेश गर्नु पर्नेछ
- जिल्लास्तर छनोट समितिबाट छनोट भएका अनुदानग्राही संस्थाहरुको सम्बन्धित कार्यालयले स्थलगतरुपमा अनुगमन गरी नगद रकम उपलब्ध गराउनु पर्नेछ ।
- कुनै क्लस्टरमा कार्यालयको स्वीकृत बजेटमा विनियोजन रकमले अपुग भएमा कुल स्वीकृत बजेटलाई कुल दुध संकलनका आधारमा दामासाहीले प्रोत्साहन रकम उपलब्ध गराईनेछ ।

**९. साईलेज प्रयोजनको लागि मकै घाँस खेतीमा अनुदान वितरण प्रक्रियाः**

- सम्बन्धित कार्यालयले साईलेज प्रयोजनका लागि घाँसखेती गर्ने व्यावसायिक पशुपालन फार्म लक्षित गरी सार्वजनिक सूचना प्रवाह गर्नु पर्नेछ ।
- प्राप्त निवेदनहरुको स्थलगत अनुगमनका लागि कार्यालयको दुईजना प्राविधिकहरुले स्थलगत अनुगमन गरी प्रावधिक मापदण्ड पुरा गरेका निवेदकहरुको नाम जिल्लास्तर छनोट समितिमा छनोटका लागि पेश गर्नु र्पर्नेछ ।
- जिल्लास्तर छनोट समितिवाट छनोट भएका अनुदानग्राही संस्थाहरुको स्थलगतरुपमा अनुगमन गरी नगद रकम उपलब्ध गराउनु पर्नेछ ।
- कार्यालयको स्वीकृत बजेटमा विनियोजन रकमले अपुग भएमा कुल स्वीकृत बजेटलाई छनोट भएका अनुदानग्राहीहरुलाई दामासाहीले प्रोत्साहन रकम उपलब्ध गराईने छ ।

**१०. सहुलियतपूर्ण कृषि कर्जा सम्बन्धी मापदण्ड तथा सञ्चालन प्रकियाः**

**(क) बैंक छनोट गर्दा देहाय अनुसार मापदण्ड पालना गर्ने बैंकहरुलाई प्राथमिकता दिनु पर्नेछः-**

- कृषि उत्पादन प्रशोधन, भण्डारण, बजार प्रर्वद्धन र मूल्य अभिवृद्धि सम्बद्ध कार्यहरुका लागि कृषि कर्जा उपलब्ध गराउने बैंक

सचिव

- नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार व्याज अनुदान प्रदान गरिने कर्जाको वर्गिकरण कृषि कर्जा अन्तर्गत वर्गीकरण गरेको बैक
- सरल व्याज दरमा कृषि कर्जा उपलब्ध गराउने बैंक ।
- साना किसानहरुलाई समेत सरल तवरवाट सानो रकमको ऋण उपलब्ध गराउने बैंक ।
- सम्भव भएसम्म कर्जा सूचना शुल्क, कर्जा सुरक्षण शुल्क भन्दा बाहेक अन्य कुनैपनि प्रकारको थप सेवा शुल्क नलिने बैंक
- प्रदेशका सबै जिल्ला तथा अधिकतम स्थानीय तहहरुमा सेवा उपलब्ध गराउन सक्ने बैंक
- पाँच लाख भन्दा सानो कृषि कर्जामा विना धितो सामुहिक जमानीमा कृषि कर्जा उपलब्ध गराउने बैंक
- कृषि व्यावसायिकरण तथा कृषि उपजको मूल्य अभिवृद्धिमा महत्वपूर्ण योगदान गर्न सक्ने, कृषि कर्जाको पहुँच तुलनात्मकरुपमा कम भएको क्षेत्र, सरकारी अनुदानको पहुँच नपुगेको वा कम मात्रामा पुगेको हिमाली तथा पहाडी जिल्लामा सञ्चालित तुलनात्मक लाभ भएका कृषिजन्य उत्पादनसँग सम्बन्धित व्यवसाय प्रवर्द्धन गर्न सक्ने कार्यका लागि ऋण उपलब्ध गराउने बैंक ।

**(ख) बैंक मार्फत कृषि कर्जामा व्याज अनुदान उपलब्ध गराउन मन्त्रालय र मातहत निकायले देहाय बमोजिमको कार्यहरु गर्नु पर्नेछः-**

**मन्त्रालयलेः-**

- कृषि कर्जामा व्याज अनुदान उपलब्ध गराउन बैकहरु छनोट गरी छनोट भएका बैकहरुसँग सम्झौता गर्ने ।

**मातहत कार्यालयहरुलेः-**

- मन्त्रालय मातहतका निर्देशनालय र जिल्लास्थित कार्यालयहरुमा सहुलियतपूर्ण कृषि कर्जा सहजीकरण डेस्क स्थापना गर्ने
- सहुलियतपुर्ण कृषि कर्जामा सहजीकरणका लागि व्यावसायिक योजना तयारीका लागि प्रणालीको विकास गर्ने
- सम्बन्धित कार्यालयले सहुलियतपूर्ण कृषि कर्जामा व्याज अनुदानका लागि पन्ध्र दिनको सूचना प्रकाशन गर्ने
- जिल्लास्थित कार्यालयहरुमा सहुलियतपूर्ण कृषि कर्जा लागि निवेदन दिने सेवाग्राहीहरुको प्राविधिक र वित्तीय सम्भाव्यताका आधारमा उपयुक्त अनुदानग्राहीको जिल्लास्तर छनोट समिति मार्फत ऋणका लागि बैंकहरुमा सिफारिस गरिदिने
- आफ्नो कार्यक्षेत्रमा कार्यालयवाट बैकहरुलाई सहुलियतपूर्ण कृषि कर्जाको सिफारिस गरी स्वीकृत भएका कृषि ऋणको रकम सहितको विवरण तयार गरी व्याज अनुदानका लागि आफ्नो वार्षिक बजेटमा समावेश गरी नियमित रुपमा बैंक मार्फत अनुदानग्राहीलाई व्याज उपलब्ध गराउने
- व्याज अनुदान प्राप्त गर्ने अनुदानग्राहीको नियमित अनुगमन गरी उपलब्ध गराएको व्याज अनुदानको विवरण त्रैमासिकरुपमा तयार गरी निर्देशनालय मार्फत मन्त्रालयमा पठाउने ।

**(ग) सहुलियतपूर्ण कृषि कर्जामा व्याज अनुदानको सञ्चालन प्रक्रियाः-**

- मन्त्रालयले कृषि कर्जा उपलब्ध गराउने बैंक छनोट गरी सूचना प्रकाशन गर्ने ।
- सम्बन्धित कार्यालयले कृषि कर्जा लागि सूचना प्रकाशन गरी निवेदन दिनेहरुको प्रस्तावित व्यवसायको अनुगमन गरी प्राविधिक र वित्तीय सम्भाव्यताका आधारमा बैंकलाई सहुलियतपूर्ण कृषि कर्जाका लागि व्यावसायिक योजना सहित बैंकहरुलाई सिफारिस गरिदिने ।
- आफ्नो कार्यक्षेत्रमा रहेका बैंकहरु मार्फत कार्यालयको सिफारिसमा स्वीकृत भएका कृषि कर्जाको व्याज अनुदान वापतको रकम वार्षिक बजेटमा समावेश गरी बैंकहरु मार्फत अनुदानग्राहीहरुलाई उपलब्ध गराउने ।
- सहुलियतपूर्ण कृषि कर्जा स्वीकृतीको जिम्मेवारी सम्बन्धित बैंक र अनुदानग्राहीको आपसी सहमतिमा हुनेछ ।

परिच्छेद- ६

**विविध**

११. **वातावरणीय प्रभाव मूल्यांकनः** अनुदान कार्यक्रम सञ्चालन गर्दा यस मापदण्डमा उल्लेखित कार्यक्रमहरुमध्ये कुनै कार्यक्रम सञ्चालन गर्दा प्रचलित नियम कानुन वमोजिम वातावरणीय प्रभाव मूल्यांकन गर्नुपर्ने भएमा त्यसको व्यवस्था अनुदानग्राही स्वयंले गर्नु पर्नेछ ।

१२. **खर्च गर्न सकिनेः** कृषि व्यवसाय प्रवर्द्धन अनुदान ऐन, २०७७ र नियमावली, २०७८ बमोजिम स्वीकृत मापदण्ड अनुसार मन्त्रालय, निर्देशनालय र कार्यालयले उपलब्ध गराउने अनुदान रकम प्रचलित नियम अनुसार खर्च गर्न सकिनेछ ।

१३. **सिफारिस गर्नु पर्नेः** अनुदान उपलब्ध गराउँदा स्वीकृत बजेट अनुसार विनियोजित बजेटको परिधि भित्र रहेर प्राविधिक कर्मचारीको सिफारिसको आधारमा आर्थिक मापदण्डको अधिकतम सिमा भित्र रहेर मात्र अनुदान उपलब्ध गराउनु पर्नेछ ।

१४. **लागत अनुमानः** अनुदान उपलब्ध गराउँदा अनुदानग्राहीबाट प्राप्त अनुमानित लागत अनुमानको सम्बन्धित कार्यालयबाट भेरिफिकेशन गरेर मात्र अनुदान रकम एकिन गर्नु पर्नेछ ।

१५. **अनुदानको सूचनाः** कार्यक्रमको प्रकृति अनुसार अनुदानको अधिकतम रकम अनुदानका लागि प्रकाशन हुने सूचनामा नै उल्लेख गर्नु पर्नेछ ।

१६. **अनुगमन तथा मुल्याङकनः** यस मापदण्ड बमोजिम भएको कार्यसम्पादनको अनुगमन तथा मुल्याङकन मन्त्रालय, निर्देशनालय र सम्बन्धित कार्यालयले गर्नेछ ।

१७. **प्रचलित कानुन लागु हुनेः** यस मापदण्डमा उल्लेख भएका विषयका सम्बन्धमा यसै मापदण्ड बमोजिम र अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।

१८. **अन्तिम व्याख्याः** यस मापदण्डको बुझाईमा द्विविधा उत्पन्न भएमा अन्तिम व्याख्या मन्त्रालयले गरे बमोजिम हुनेछ ।

१९. **खारेजी र बचाउः** मन्त्रालयले आवश्यकता अनुसार यस मापदण्डमा संशोधन गर्न सक्नेछ ।

सचिव